सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ पुस २०८०, आइतबार (31 Dec 2023, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २५१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ बालकुमारी घटना

ललितपुरका सिडिओ, एसएसपी र इपिएस शाखाका निर्देशक जिम्मेवारीमुक्त

जिल्ला प्रहरी परिसर ललितपुरका डिएसपी र मन्त्री प्रकाश ज्वालाका पिएसओ निलम्बनमा



रुद्रप्रसाद पण्डित
सिडिओ



सिद्धिविक्रम शाह
प्रहरी प्रमुख



गुरुदत्त सुवेदी, निर्देशक
इपिएस कोरिया शाखा

- मृतकका परिवारलाई जनही १० लाख क्षतिपूर्ति
- न्यायिक छानबिन समिति चाहिने पीडित परिवारको माग

गम्भीर अनुसन्धान गरेर दोषीमाथि कारबाही हुन्छ : प्रधानमन्त्री



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दुई युवाको ज्यान गएको बालकुमारी घटनामाथि गम्भीर अनुसन्धान गरेर दोषीलाई कारबाही गर्ने प्रतिबद्धता जनाएका छन्। शनिबार काठमाडौंमा सुरु छैटौं राष्ट्रिय ट्रेड युनियन सम्मेलनको उद्घाटनमा प्रचण्डले घटना छानबिन गर्न समिति बनेको र राजनीतिक तहमा पनि छलफल गरेर कदम चालिसकेको बताए। 'इपिएस शाखाबाट कमजोरी भएको छ, हाम्रो मन्त्रीजीको पिएसओले परिस्थितिको राम्रो आकलन नगरी गाडी लिएर जाने प्रक्रियामा गम्भीर त्रुटि भएको महसुस गरेर उहाँलाई निलम्बन गर्ने निर्णय गरिएको छ,' प्रचण्डले भने, 'गोली चलाउन आदेश दिने अधिकारीलाई पनि छानबिनको रिपोर्ट नआउँदासम्म निलम्बन गरिएको छ।'

टेकराज थामी/नयाँ पत्रिका

सरकारले प्रहरीको गोली लागेर दुई युवाको ज्यान गएको बालकुमारी घटनामा ललितपुरका प्रमुख जिल्ला अधिकारी (सिडिओ) र जिल्ला प्रहरी प्रमुखसहित पाँचजनालाई कारबाही गरेको छ। घटना छानबिनका लागि नेपाल प्रहरीका डिआइजी लालमणि आचार्यको संयोजकत्वमा समिति गठन गरेको सरकारले ललितपुरका सिडिओ रुद्रप्रसाद पण्डित र

» पृष्ठ २ मा क्रमशः

■ सुजनकी बिरामी आमालाई भनिएको छ-

छोरा आइसियूमा छ

'ढाँटेका हुन् कि ! साँचो हो भनिदेऊ न, मेरो बाबु (छोरा) आइसियूमा छ र ?' घरमा नयाँ मान्छे पुग्नेबित्तिकै कटवाल प्रश्न गर्छिन्



दैलेखमा **विष्णु शर्मा**

रोजगारीका लागि कोरिया जान्छु भनेका दैलेखका २३ वर्षीय सुजन राउतको शुक्रबार बालकुमारी घटनामा ज्यान गइसकेको छ। तर, छोराको मृत्युको खबर बिरामी आमा नन्दा कटवाल (राउत)लाई दिइएको छैन। उनलाई सुजन घाइते भएर अस्पतालको आइसियूमा उपचाररत रहेको सुनाइएको छ। 'ढाँटेका हुन् कि ! साँचो हो भनिदेऊ न, मेरो बाबु (छोरा) आइसियूमा छ र ?' घरमा नयाँ मान्छे पुग्नेबित्तिकै कटवाल प्रश्न गर्छिन्। उनी सुगर र प्रेसरकी बिरामी हुन्। नन्दाका भाइ यामराज कटुवालले भान्जाको मृत्युको खबर सुनाउँदा दिदीलाई समस्या हुने डरले सत्य भन्न नसकिएको बताए। नन्दाका श्रीमान् भक्तबहादुर राउतको एक वर्षअघि मात्रै ब्रेन ट्युमरका कारण ज्यान गएको थियो। श्रीमान् बितेको करिब दुई महिनामा उनले आमा गुमाएकी थिइन्। 'आमाको मृत्यु भएका वेला दिदी बेहोस हुनुभएको थियो, अस्पताल लगेर मात्र पछि होस आएको हो। अहिले फेरि छोराको मृत्युबारे सुनाउँदा समस्या हुन्छ कि भनेर मोबाइल पनि हेर्न दिएका छैनौं,' यामले भने। महाबु गाउँपालिका स्थायी घर भएका राउत परिवार नारायण नगरपालिका- १ मा बस्दै आएको छ। बाबु बितेपछि आमा, बहिनी र भाइको जिम्मेवारी जेठा छोरा सुजनको काँधमा आएको थियो।

कर तिर्न इन्टरनेटप्रदायकको अझै आनाकानी

सेवा बन्द हुने च्याँखे थापेर डलर सटहीका लागि दबाब

सार्वजनिक लेखा समितिले साढे दुई महिनाअघि नै भनेको थियो- इन्टरनेट सेवाप्रदायकबाट कर असुल्नू

सुवास भट्ट/नयाँ पत्रिका

कानुनबमोजिम तिर्नुपर्ने कर नतिरेका प्रदायकले इन्टरनेट सेवा बन्द गर्ने च्याँखे थापेर विदेशी मुद्रा सटहीका लागि दबाब दिएका छन्। विदेशी मुद्रा सिफारिससम्बन्धी विनियमावली, २०७६ मा विदेशी मुद्रा भुक्तानीका लागि सिफारिस माग गर्ने सेवाप्रदायकले नियमानुसार बुझाउनुपर्ने फ्रिक्वेन्सी दस्तुर, रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष (आरटिटिएफ)लगायत दस्तुर बुझाएको हुनुपर्ने व्यवस्था छ। तर, नियमित बुझाउनुपर्ने रोयल्टी र आरटिटिएफसमेत नबुझाएका प्रदायकले विदेशी मुद्रा सिफारिसका लागि दूरसञ्चार प्राधिकरण र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई दबाब दिएका हुन्। नत्र सेवा नै बन्द गर्नेसम्मको चेतावनी उनीहरूको छ।

वर्ल्डलिंकले करिब ६० लाख र सुबिसुले १४ लाख अमेरिकी डलर विदेशी मुद्रा सटही सिफारिस माग गरेको मन्त्रालय स्रोतले बतायो। तर, राजस्व बक्यौता नबुझाएको भन्दै मन्त्रालयले सिफारिस रोकेको छ। मन्त्रालय स्रोतका अनुसार वर्ल्डलिंकले बुझाएको आर्थिक वर्ष ०७८/७९ को आय (वित्तीय) विवरणअनुसार रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष गरेर २७ करोड रुपैयाँ कर तिर्न बाँकी छ। सुबिसु र क्लासिक टेकले त नियमित राजस्व नै नबुझाएको मन्त्रालयले जनाएको छ। कानुनबमोजिम तिर्नुपर्ने नियमित कर नै नबुझाएर विदेशी मुद्रा सिफारिस माग गरेपछि मन्त्रालयले सिफारिस रोकेको छ।

सेवाप्रदायकले दबाब बढाएपछि अहिले मन्त्रालयले विदेशी मुद्रा सिफारिसका लागि पहिले बेरुजु तथा राजस्व बक्यौता तिर्न भनेको छ। मन्त्रालयले सहसचिव गौरव गिरीको संयोजकत्वमा गठन गरेको छानबिन समितिका अनुसार नौ इन्टरनेट सेवाप्रदायकले ०६९/७० देखि ०७८/७९ सम्म १० वर्षमा दूरसञ्चार रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषबापत बुझाउनुपर्ने जरिवानासहितको दुई अर्ब ४६ करोड ९०

» पृष्ठ २ मा क्रमशः

■ यी हुन् दुई अर्ब ४६ करोड कर छली गर्ने नौ सेवाप्रदायक

WORLDLINK vianet SUBISU CLASSIC TECH TECHMINDS MERCANTILE WebSurfer POKHARA internet netmax

सबैभन्दा धेरै वर्ल्डलिंक कम्युनिकेसनले एक अर्ब २५ करोड ३४ लाख २९ हजार तिर्न बाँकी छ। त्यस्तै, भायानेट कम्युनिकेसनले २६ करोड ७६ लाख ४७ हजार, सुबिसुले २६ करोड ५२ लाख ९६ हजार र क्लासिक टेक टेक्नोलोजीले २३ करोड ७१ लाख १७ हजार तिर्न बाँकी छ। छानबिन प्रतिवेदनअनुसार टेकमाइन्ड्स नेटवर्कले २३ करोड ६४ लाख सात हजार, मर्कन्टाइल कम्युनिकेसनले नौ करोड १६ लाख ५७ हजार, वेभसर्फर कम्युनिकेसनले सात करोड ३२ लाख ४९ हजार, पोखरा इन्टरनेटले तीन करोड ३३ लाख १० हजार र नेट म्याक्स टेक्नोलोजीले एक करोड नौ लाख ४४ हजार रुपैयाँ तिर्न बाँकी छ।

■ कर तिराउन दूरसञ्चार प्राधिकरणकै अनिच्छा

दूरसञ्चार क्षेत्रको नियमनकारी निकाय दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवाप्रदायकबाट कर छली भएको स्वीकार गर्दै कर तिर्न पत्राचार पनि गरेको थियो। मन्त्रालयको छानबिनपछि प्राधिकरणले सेवाप्रदायकलाई एकमुस्ट पत्राचार गरेर आव ०६९/७० देखि ०७८/७९ सम्मको तिर्न बाँकी रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष रकम यकिन गरी सात दिनभित्र दाखिला गरी त्यसको जानकारी दिन भनेको थियो। दाखिला नगरे प्राधिकरणबाट कुनै पनि किसिमका सिफारिस तथा सहजीकरणको कार्य नगर्ने तथा नियमावलीबमोजिम कारबाहीको प्रक्रिया अघि बढाउने चेतावनी दिएको थियो। तर, ११ पुसमा भने प्राधिकरणले मन्त्रालयलाई प्रदायकहरूको विदेशी मुद्रा सिफारिसमा सहजीकरण गर्न पत्राचार गरेको छ। प्रदायकबाट इन्टरनेट सेवा अवरुद्ध हुन सक्ने पत्राचार भएको सन्दर्भ खुलाएर प्राधिकरणले मन्त्रालयलाई पत्राचार गरेको छ। हालको आर्थिक मन्दीलाई मध्यनजर गरी किस्ताबन्दीमा बेरुजु तिराउने गरी सहजीकरण गरेर जान सकिने विकल्पसहित विदेशी मुद्रा सिफारिसका लागि प्राधिकरणले मन्त्रालयलाई पत्र लेखेको हो। तर, मन्त्रालय भने बेरुजु नतिराई विदेशी मुद्रा सिफारिस नगर्ने अडानमा छ।

सुन तस्करीमा मुछिएका पोद्दार हुन्डी र क्रिप्टो कारोबारमा संलग्न

एकै समूहद्वारा दुई खर्बको क्रिप्टो र दुई अर्बको हुन्डी कारोबार



विमल पोद्दार



रूपेश श्रेष्ठ

३८ क्विन्टल सुन तस्करीमा मुछिएका भारतीय व्यापारी विमल पोद्दारले हुन्डी र क्रिप्टो कारोबारको ठूलो सञ्जाल चलाएको प्रहरीले पत्ता लगाएको छ। गत ६ मंसिरमा काठमाडौं बागबजारबाट पक्राउ परेका रूपेश श्रेष्ठमाथि अनुसन्धान गर्ने क्रममा सो गिरोहका नाइकेमध्ये एक विमल पोद्दार भएको पुष्टि भएको छ।

(विस्तृत पृष्ठ ३)

चिनीको कृत्रिम अभाव देखाएर मूल्यमा निरन्तर ठगी

उखुको समर्थन मूल्य तोकिएसँगै अब उत्पादनका आधारमा चिनीको मूल्य निर्धारण गर्छौं : उद्योग मन्त्रालय

(विस्तृत पृष्ठ ६)

राष्ट्रिय सभा उम्मेदवार छनोटमा कांग्रेसको मापदण्ड

अवसरबाट वञ्चित र प्रतिष्ठितलाई समेट्ने, समावेशी प्रतिनिधित्व गरिने



- **शेरबहादुर देउवा**, सभापति



राष्ट्रिय सभामा जान धेरै साथी इच्छुक हुनुहुन्छ। गठबन्धनमा पनि छलफल गर्नु छ। थोरै सिटमा सबैलाई समेट्न कठिन छ। अवसर नपाएका नयाँ र योगदान गरेका पुराना साथीलाई मिलाएर लैजानुपर्नेछ। तपाईंहरूको भावनालाई समेटेर लैजाने प्रयास गर्नेछु।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले राष्ट्रिय सभा उम्मेदवार छनोटमा मध्यमार्गी बाटो लिने गरी मापदण्ड तय गरेको छ। शनिबार साँझ सम्पन्न बैठकले अवसरबाट वञ्चित र प्रतिष्ठतलाई उम्मेदवारमा समेट्ने तथा समावेशी प्रतिनिधित्व गर्ने निर्णय गरेको हो।

'अवसरबाट वञ्चित र प्रतिष्ठित व्यक्तिलाई उम्मेदवारीमा समेटिनेछ। उम्मेदवार छनोटका क्रममा भूगोल र समुदायको सहभागितालाई पनि मनन गरिनेछ,' पार्टी निर्णयबारे कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले भने। बैठकमा सहभागी अधिकांश केन्द्रीय सदस्यले राष्ट्रिय सभामा नयाँलाई अवसर दिनुपर्ने दबाब दिएका थिए।

बैठकको अन्त्यमा सभापति शेरबहादुर देउवाले बैठकमा उठेका भावनालाई समेटेर उम्मेदवार तय गर्ने आश्वासन दिएका छन्। देउवाको भनाइ उद्धृत गर्दै एक पदाधिकारीले भने, 'राष्ट्रिय सभामा जान धेरै साथी इच्छुक हुनुहुन्छ। गठबन्धनमा पनि छलफल गर्नु छ। थोरै सिटमा सबैलाई समेट्न कठिन

» पृष्ठ २ मा क्रमशः

महामन्त्री गगन थापाको प्रस्ताव-

सरकारमा बसेर गर्ने कामको लक्ष्य बनाऔं, काम गरेनन् भने मन्त्री फेरौं



केन्द्रीय समिति बैठकमा महामन्त्री गगन थापाले सरकारमा मन्त्रीहरूको कार्यसम्पादन हेरेर परिवर्तन गर्ने या निरन्तरता दिने निर्णय गर्नुपर्ने बताए। उनले सरकारको कामका आधारमा ०८४ को निर्वाचनमा जानुपर्ने भन्दै लक्ष्य निर्धारण गरेर अघि बढ्नुपर्ने धारणा राखेका थिए।

'सरकारमा सहभागी भएको आठ महिना भयो। प्रत्येक मन्त्रीले यस अवधिमा गरेका आठवटा कामको सूची दिनुहोस्, जसका कारण नागरिकको जीवनमा सकारात्मक परिवर्तन आयो र ती काम तपाईं नभएको भए हुँदैन थियो,' महामन्त्री थापाको भनाइ थियो, 'अब एक वर्षमा सरकारमा बसेर के गर्ने भन्ने लक्ष्य निर्धारण गरौं। त्यो लक्ष्य पूरा गर्न भनेजस्तो काम गरेनन् भने मन्त्री फेरौं।' उनले कांग्रेसलाई काम नगर्ने छुट नभएको बताए। नीति अधिवेशनबाट गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य, मर्यादित रोजगारीलाई मिसन बनाएर निर्वाचनमा जनतासामु जाने वातावरण बनाउनुपर्ने उनको भनाइ थियो।

साथै, सभापति शेरबहादुर देउवाले

» पृष्ठ २ मा क्रमशः

नेपाल-भारत परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको बैठक यही साता

■ २० पुसमा भारतीय विदेशमन्त्री जयशंकर काठमाडौं आउँदै, उनकै उपस्थितिमा आगामी दश वर्षमा १० हजार मेगावाट विद्युत् व्यापारका लागि सम्झौता

- परराष्ट्रमन्त्री एनपी साउद भन्छन्-

भारतीय समकक्षीको भ्रमणलाई महत्त्वपूर्ण र उपलब्धिमूलक बनाउने गरी गृहकार्य भइरहेको छ

पर्शुराम काफ्ले/नयाँ पत्रिका

नेपाल र भारत परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको सातौं बैठक यही साता काठमाडौंमा बस्दै छ। बैठकका लागि भारतीय विदेशमन्त्री एस जयशंकर २० पुसमा नेपाल आउने तय भएको छ। उनकै उपस्थितिमा नेपालबाट भारतमा आगामी दश वर्षमा १० हजार मेगावाट विद्युत् व्यापारका लागि सम्झौता हुने तयारी छ।

'बैठकका लागि परराष्ट्र मन्त्रालयले आवश्यक तयारी गरिरहेको छ। सरोकारवाला मन्त्रालयहरूबीच छलफल भइरहेको छ,' परराष्ट्रमन्त्री एनपी साउदले नयाँ पत्रिकासँग भने, 'दुई देशको मित्रता थप सुदृढ बनाउने गरी विभिन्न महत्त्वपूर्ण परियोजनाका विषयमा छलफल गर्छौं। भारतीय समकक्षीको भ्रमणलाई महत्त्वपूर्ण

» पृष्ठ २ मा क्रमशः

पालिकाले अनुदानमा बाँडेको गहुँको बिउ नउम्रिएपछि साढे पाँच सय किसान मारमा

■ किसानले बजारबाट अर्को बिउ किनेर फेरि छरेका छन्,
तर समय ढिला भएकाले बाली नलाग्ला कि भन्ने चिन्ता



स्थानीय किसान रामसोभित यादवले अनुदानको बिउ नउम्रिएपछि आफूले जोखिम मोलेर भए पनि पुनः गहुँको बिउ छरेको बताए। गाउँमा ६० रुपैयाँ प्रतिकिलोका दरले बिउ किनेर छरेको भन्दै रामसोभितले आफूहरूसँग बेइमानी गरेकाले नगरपालिकाले क्षतिपूर्ति तिर्नुपर्ने माग गरेका छन्। सिराहाको धनगढीमाई नगरपालिकाले १३७ बिघामा छर्न पुग्ने आदित्य र गौतमनामक गहुँको बिउ सुनसरीको देवानगन्जस्थित कुसवाह बिउ भण्डारबाट ल्याएए ५० प्रतिशत अनुदानमा ५५० किसानलाई बाँडेको थियो।



धनगढीमाई नगरपालिकाका मेयर शिवशंकर महतोको तर्क-

खेतमा चिस्यान कम हुँदा उम्रिएन

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको धनगढीमाई नगरपालिका- ५ का वडाध्यक्षसमेत रहेका किसान रामजतन कामैतले नगरपालिकाको कृषि शाखाबाट ४० किलो गहुँको बिउ किने। आठ कट्ठा खेतमा गहुँ लगाउन उनले प्रतिकिलो ४५ का दरले एक हजार आठ सय रुपैयाँ खर्चे। तर, खेतमा बिउ छरेको दुई साता बित्दा पनि टुसाएन। अहिले उनले अर्को बिउ छरेका छन्। 'उन्नत जातको भनेर छर्दै, तर नउम्रिएपछि पुनः घरकै बिउ छर्दै, त्योचाहिँ उम्रियो,' उनले भने, 'तर, गहुँ छर्ने समय घर्किएकाले बाली लाग्ला कि नलाग्ला भन्ने चिन्ता छ।'

धनगढीमाई- ४ जयपुरका किसान रामअयोधी यादवले पनि अनुदानको बिउ १० कट्ठामा छरेका थिए। ४० किलो बिउ किनेर छरे पनि नउम्रिएपछि समस्यामा परेको बताए। उनको जस्तै समस्या सुनाए छिमेकी उमेश यादवले पनि। उनले एक हजार आठ सय रुपैयाँ तिरेर ल्याएको ४० किलो बिउ नौ कट्ठामा छरेका थिए, तर उम्रिएन। दुवैको चिन्ता एउटै छ ढिला लगाएको बाली गतिलो हुन्छ कि हुँदैन ?

अर्का किसान चन्द्रकिशोर यादवले पनि ढिलो गरी छरेको गहुँ मौसम

» पृष्ठ २ मा क्रमशः

ललितपुरका...

पृष्ठ १ बाट क्रमशः

प्रहरी प्रमुख एसएसपी सिद्धिविक्रम शाहलाई जिम्मेवारीबाट हटाएको हो ।

पण्डितलाई गृह मन्त्रालय र शाहलाई प्रहरी प्रधान कार्यालय नक्साल तानिएको छ । त्यस्तै, इपिएस कोरिया शाखाका निर्देशक गुरुदत्त सुवेदीलाई पनि जिम्मेवारीमुक्त गरेकोमा घटना नियन्त्रणमा कमान्ड गर्न नसकेका जिल्ला प्रहरी परिसर ललितपुरका डिएसपी उमेश लम्साल र भौतिक योजना तथा यातायात व्यवस्थामन्त्री प्रकाश ज्वालाका पिएसओ बोधराज दनुवारलाई निलम्बन गरिएको छ ।

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले भने, 'घटनाको छानबिन गर्न समिति गठन भएको छ । छानबिनमा सहजता होस् भन्ने उद्देश्यले ललितपुर जिल्ला प्रशासन कार्यालयका प्रमुख र जिल्ला प्रहरी प्रमुखलाई पदीय जिम्मेवारीबाट हटाइएको छ । त्यस्तै, एक डिएसपी र मन्त्रीका पिएसओलाई पनि निलम्बन गरिएको छ ।'

दक्षिण कोरिया रोजगार अनुमति प्रणाली (इपिएस) परीक्षामा सहभागी हुन नपाएको भन्दै शुक्रबार युवाहरूले ललितपुरको बालकुमारीमा आन्दोलन गरेका थिए । आन्दोलनमा प्रहरीको गोली लागेर २३ वर्षका दुई युवा दैलेखका सुजन रावत र अछामका वीरेन्द्र शाहको ज्यान गएको थियो । प्रहरीको अश्रुग्यास र लाठीचार्जबाट दर्जनभन्दा धेरै युवा घाइतेसमेत भएका छन् ।

त्यस्तै, सरकारले बालकुमारी घटनामा ज्यान गुमाएका दैलेखका सुजन रावत र अछामका वीरेन्द्र शाहको परिवारलाई १० लाखका दरले क्षतिपूर्ति दिने निर्णय गरेको छ । शनिबार बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो । 'शुक्रबारको झडपमा मृत्यु भएका दुई युवाका परिवारलाई १०-१० लाख रुपैयाँ दिने निर्णय भएको छ,' गृहप्रवक्ता भट्टराईले भने । घाइतेको पनि निःशुल्क उपचार गर्ने निर्णय भएको उनले बताए ।

■ न्यायिक छानबिन समिति चाहिने पीडित परिवारको माग

बालकुमारी घटना छानविनका लागि सरकारले डिआइजीको नेतृत्वमा गठन गरेको समितिप्रति असन्तुष्टि जनाउँदै पीडित परिवारले न्यायिक छानविन समितिको माग गरेका छन् । पीडित परिवार र उनीहरूको क्षेत्रमा प्रतिनिधित्व गर्ने सांसदले शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर डिआइजी नेतृत्वको समिति खारेज गरेर न्यायीक समिति गठन गर्न माग गरेका हुन् ।

अछामबाट प्रतिनिधिसभा सदस्य शेरबहादुर कुँवरले न्यायीक छानविन समितिको माग गरिएको बताए । 'सरकारको तर्फबाट कमीकमजोरी भएको भनेर प्रधानमन्त्रीले पनि स्वीकार गर्नुभएको छ । सरकार मातहतको निकायका व्यक्तिले गरेको छानबिनको निस्पक्षतामा प्रश्न उठ्न सक्छ,' कुँवरले भने, 'त्यही भएर न्यायिक वा मानवअधिकार क्षेत्रबाट नेतृत्व रहनेगरी स्वतन्त्र छानबिन समितिको माग गरेका हौं । यस विषयमा प्रधानमन्त्रीले थप छलफल गरेर अघि बढ्ने आवश्वासन दिनुभएको छ ।'

घटनाका दोषीमाथि कडा कारबाही हुनुपर्ने, मृतकलाई सहीद घोषणा गरिनुपर्ने, मृतकका परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने र मृतकका परिवारका सदस्यलाई रोजगारी को व्यवस्था गर्नुपर्ने माग पनि गरेका छन् । त्यस्तै, घाइतेको उपचारको निशुल्क व्यवस्था हुनुपर्ने, पक्राउ परेकालाई निसर्त रिहा गर्नुपर्ने, आन्दोलनको सुरुवातको कारण पत्ता लगाउनुपर्ने, घटनाको बेलाको सिसिटिभी फुटेज सुरक्षित राखेर छानबिनको आधार बनाउनुपर्ने र मृतकको दाहसंस्कार आफन्तको इच्छाअनुसार गर्न दिनुपर्ने माग पनि राखेका छन् ।

■ दोषीलाई कारबाहीको माग गर्दै प्रदर्शन

बालकुमारी घटनाका दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्तिको मागसहित काठमाडौंसहित विभिन्न ठाउँमा शनिबार प्रदर्शन भएको छ । युवाहरूले शनिबार दिउँसो माइतीघरमा प्रदर्शन गरे । निषेधित क्षेत्रमा आन्दोलन गरेको भन्दै प्रहरीले सातजनालाई नियन्त्रणमा लिएको छ । स्थानीय प्रशासनले माइतीघरलाई एक महिनाका लागि निषेधित क्षेत्र तोकेको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टीले गृहमन्त्रीको राजीनामा माग गर्दै ललितपुरको बालकुमारीस्थित ईपीएस शाखाअगाडि प्रदर्शन गरेको छ । सांसद तोसिमा कार्कीसहितले प्रदर्शन गरेका हुन् ।

त्यसैगरी, पीडितलाई न्यायदिनुपर्ने, गृहमन्त्री नारायणकाजी श्रेष्ठ र भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालाले राजीनामा दिनुपर्नेलगायतमाग राखेर दैलेखमा युवाहरूले सदरमुकाम दैलेख बजारमा प्रदर्शन गरे । सुर्खेतमा प्रदश 'युवा विद्रोह' नाम दिएर युवाहरू बालकुमारी घटनाको विरोधमा प्रदर्शनमा उत्रिएका छन् । मृतकका आफन्त तथा विभिन्न राजनीतिक दलका युवाहरूले सडकमा टायर बालेर 'युवा विद्रोह' नाम दिएर प्रदर्शन गरेका थिए । सरकारको कार्यशैलीले देशमै सुरक्षा वातावरणको ग्यारेन्टी नभएको भन्दै विरोध गरिएको छ ।

सेवा बन्द हुने...

पृष्ठ १ बाट क्रमशः

९० लाख ५९ हजार नौ सय ७८ रुपैयाँ तिर्न बाँकी छ ।

विदेशी मुद्रा सिफारिसका लागि प्राधिकरणले पत्र पठाएपछि यसअघि गत ३० असोजमै मन्त्रालयले राजस्व, बक्यौता र बेरुजुसमेत बुझ्काउन बाँकी रहेका सेवाप्रदायकलाई सिफारिस दिन नसकिने जवाफ पठाएको थियो । इन्टरनेट सेवाप्रदायकको राजस्व सम्बन्धमा गम्भीर कैफियत देखिएको भन्दै बक्यौता/बेरुजु नतिर्दासम्म विदेशी मुद्रा सिफारिस दिन नसकिने र प्राधिकरणलाई यस्ता प्रस्ताव नल्याउन चेतावनी दिएको थियो ।

कर तिराउन दूरसञ्चार प्राधिकरणकै अनिच्छा

इन्टरनेट सेवाप्रदायकले कर छली गरेको विषयमा महालेखापरीक्षकको कार्यालयले पटक-पटक बेरुजु औंल्याउँदै आएको छ । पछिल्लो समय मन्त्रालयको छानबिनले ठूलो मात्रामा कर छली भएको देखाएको छ । तर, दूरसञ्चार क्षेत्रको नियमनकारी निकाय दूरसञ्चार प्राधिकरण भने इन्टरनेट सेवाप्रदायकलाई कर तिर्न बाध्य गराउन चाहेको देखिएको छैन ।

मन्त्रालयको छानबिनपछि प्रदायकहरूले कर छली गरेको स्वीकार गरेको प्राधिकरणले कर तिराउन पत्राचार पनि गरेको छ । तर, अहिले कर नतिरेका प्रदायकलाई विदेशी मुद्रा सिफारिसका लागि आफैंले मन्त्रालयमा पत्राचार गरेको छ । मन्त्रालयको छानबिनपछि प्राधिकरणले सेवाप्रदायकलाई एकमुस्ट पत्राचार गरेर आव ०६९/७० देखि ०७८/७९ सम्मको तिर्न बुझ्काउन बाँकी रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष रकम यकिन गरी सात दिनभित्र दाखिला गरी त्यसको जानकारी दिन भनेको थियो । उक्त अवधिभित्र रकम दाखिला नभएमा प्राधिकरणबाट कुनै पनि किसिमका सिफारिस तथा सहजीकरणको कार्य नगर्ने तथा नियमावलीबमोजिम कारबाहीको प्रक्रिया अघि बढाउने चेतावनी दिएको थियो । तर, ११ पुसमा प्राधिकरणले मन्त्रालयलाई प्रदायकहरूको विदेशी मुद्रा सिफारिसमा सहजीकरण गर्न पत्राचार गरेको छ । प्रदायकबाट इन्टरनेट सेवा अवरुद्ध हुन सक्ने पत्राचार भएको सन्दर्भ खुलाएर प्राधिकरणले मन्त्रालयलाई पत्राचार गरेको छ । हालको आर्थिक मन्दीलाई मध्यनजर गरी किस्ताबन्दीमा बेरुजु तिराउने गरी सहजीकरण गरेर जान सकिने विकल्पसहित विदेशी मुद्रा सिफारिसका लागि प्राधिकरणले मन्त्रालयलाई पत्र लेखेको हो ।

'सेवाप्रदायकहरूले भुक्तानी गर्न बाँकी रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषबापतको बेरुजु रकम एकमुस्ट भुक्तानी गर्न हालको आर्थिक मन्दीले गर्दा सेवाप्रदायकको तरलतामा समस्या हुन सक्ने देखिएकाले आर्थिक मन्दीलाई समेत मध्यनजर गरी निजहरूले तिर्न/बुझ्काउन बाँकी बेरुजु रकमका हकमा किस्ताबन्दीमा तिर्ने लिखित प्रतिबद्धता व्यक्त गरेमा किस्ताबन्दीमा तिर्न सक्ने व्यवस्था गरी इन्टरनेट सेवाजस्तो अति आवश्यक सेवा बन्द हुने परिस्थिति सिर्जना हुन उपयुक्त नहुने देखिएकाले तहाँ मन्त्रालयको सहमति भएमा सेवा प्रदायकहरूलाई विदेशी मुद्रा सटही तथा उपकरण आयात सिफारिस गर्न सकिने व्यहोरा अनुरोध गर्दछु,' प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाललले मन्त्रालयलाई लेखेको पत्रमा उल्लेख छ ।

तर, मन्त्रालय भने बेरुजु नतिराई विदेशी मुद्रा सिफारिस नगर्ने अडानमा छ । 'इन्टरनेट सेवाप्रदायकहरूले कानुनबमोजिम कर बक्यौता तिर्नुपर्छ, बेरुजु फर्स्योट गर्नुपर्छ,' मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदी भन्छन्, 'त्यो नहुँदासम्म मन्त्रालयले विदेशी मुद्रा सिफारिस गर्दैन ।' बक्यौता तिरेपछि मात्र मन्त्रालयले सिफारिस गर्न सक्ने उनले बताए ।

इन्टरनेट सेवाप्रदायकहरूले लामो समयदेखि नै बक्यौता र बेरुजु हुँदाहुँदै पनि यस्तै संकट देखाएर अन्तिम समयमा विदेशी मुद्रा सिफारिस लाने गरेका छन् । 'अन्तिम समयमा सेवा रोक्ने भनी च्याँखे थापेर सेवाप्रदायकहरूले यसअघि पटक-पटक विदेशी मुद्रा सिफारिस लाने गरेका छन्,' मन्त्रालय स्रोत भन्छ, 'यसमा प्राधिकरण पनि मिल्नुचाहिँ विडम्बना हो ।' यी सेवाप्रदायकले इन्टरनेट रोक्दैमा ठप्प हुने अवस्था नभएको र विकल्प रहेको मन्त्रालय बताउँछ ।

सार्वजनिक लेखा समितिले साढे दुई महिनाअघि नै भनेको थियो- इन्टरनेट सेवाप्रदायकहरूसँग कर असुल्न्

इन्टरनेट सेवाप्रदायकबाट ठूलो मात्रामा कर छली भएको विषय सार्वजनिक भएपछि संसद्को सार्वजनिक लेखा समितिले साढे दुई महिनअघि नै कर असुल्न निर्देशन दिएको थियो । गत २६ असोजमा बसेको समिति बैठकले तीन महिनाभित्र कर तिर्नुपर्ने निर्देशन दिएको थियो ।

राज्यलाई तिर्नुपर्ने कर, राजस्व वा दायित्व समयमै नतिर्ने र कुनै कारण देखाई उन्मुक्ति लिन कोसिस गर्ने प्रवृत्तिप्रति कानुन कार्यान्वयन गर्नुपर्ने निकाय उदासीन भएको समितिको आरोप थियो । 'नेपालमा रहेका दूरसञ्चार सेवाप्रदायकहरू (इन्टरनेट सेवाप्रदायकसमेत)ले राज्यलाई तिर्न बाँकी कुनै पनि प्रकारको राजस्व तीन महिनाभित्र अनिवार्य रूपमा कानुनबमोजिम असुलउपर गर्न-गराउन समितिको यो बैठक सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण र सम्बन्धित निकायलाई निर्देश गर्दछ,' लेखा समितिको निर्णयमा भनिएको छ ।

तीन महिनाभित्र कानुनबमोजिम तिर्नुपर्ने राजस्वको हिसाब फरफारक नगर्ने सेवाप्रदायकलाई नियमानुसार कारबाही गरी त्यसको जानकारी समितिलाई दिन पनि निर्देशन दिएको थियो । लेखा समितिका सचिव एकराम गिरी इन्टरनेट सेवाप्रदायकले कानुनबमोजिम राज्यलाई बुझ्काउनुपर्ने कर तिर्नुपर्ने बताउँछन् ।

'इन्टरनेट सेवाप्रदायकले कर नतिरेको विषय आएपछि र प्राधिकरणले पनि यस विषयमा जानकारी गराएपछि समितिले सरोकारवालासमेतलाई राखेर छलफल गरेर थियो,' उनले भने, 'समितिले कानुनबमोजिम तिर्नुपर्ने कर तिर्नका लागि निर्देशन दिएको छ । किसानले नगरपालिकाबाट आदित्य र गौतमनामक गहुँको बिउ प्रतिकिलो ४५ रुपैयाँका दरले किनेर दुई साताअघि नै छरे । बिउ नउम्रिएपछि नगरपालिकाको १३ वटै वडामा एक सय ३७ बिघामा गहुँ छरेका पाँच सय ५० किसान मारमा परेका छन् । बिउ छरेको एक सातमै उम्रिएर नौ दिनमा गहुँ दुई पात लागिसक्नुपर्ने हो ।

नगरपालिकाको कृषि शाखा प्रमुख अशोककुमार पासवानका अनुसार नगरपालिकाले सुनसरीको देवानगन्जस्थित कुसवाह बिउ भण्डारबाट ११ लाख खर्चेर एक सय १० क्विन्टल बिउ किनेर ल्याएको थियो । सुनसरीको देवानगन्जस्थित कुसवाह बिउ भण्डारबाट ल्याइएको एक सय १० क्विन्टलमध्ये आदित्यनामक गहुँको बिउमा कैफियत देखिएको उनको दाबी छ ।

'साल्ट ट्रेडिङबाट ल्याइएको बिउ नपुगेपछि सुनसरीबाट ५० क्विन्टल गौतम र ६० क्विन्टल आदित्य गहुँको बिउ ल्याइएको हो,' उनले भने, 'तर, आदित्य बिउ छरेकामध्ये केहीको नउम्रिएको गुनासो आएको छ ।' पछिल्लोपटक बाँडिएको बिउबारे किसानहरू गुनासो गर्न आउने क्रम जारी रहेको उनको भनाइ छ । तर, नगरपालिकाले किसानको बारीमा अहिलेसम्म अनुगमन नगरेको पनि उनले बताए । 'अवलोकन गरेपछि अवस्था के हो भन्न सकिएला,' उनले भने ।

नगरपालिकाले त्यसअघि लहानस्थित साल्ट ट्रेडिङबाट खरिद गरेको एनएल ९७१ र बिएल प्रजातिको गहुँको प्रतिकिलो ८० रुपैयाँका दरले ५० प्रतिशत अनुदानमा सात क्विन्टल बाँडेको थियो । उक्त बिउमा भने समस्या देखिएको छैन ।

कृषि प्राविधिकका अनुसार तराईमा एक कट्ठा खेतमा चार किलो गहुँको बिउ चाहिन्छ । यो हिसाबले एक सय १० क्विन्टल बिउ एक सय ३७.५ बिघाका लागि पर्याप्त हुन्छ ।

नगरपालिकाले बाँडेको अनुदानको गहुँको बिउ नउम्रेपछि किसानले खाली बोरासहित प्रदर्शन गरेका छन् । धनगढीमाई- ४ का १९ किसानले गहुँको खाली बोरा देखाउँदै क्षतिपूर्तिको मागसहित प्रदर्शन गरे भने मेयरलाई ज्ञापनपत्र बुझाएका छन् ।

राष्ट्रिय कृषक समूह महासंघ नेपाल धनगढीमाई नगर समितिले बुझाएको ज्ञापनपत्रमा अनुदानमा ल्याएको बिउ छरेको खेतको स्थलगत अवलोकन गर्दा बिउ नउम्रिएर खेत बाँझै रहने अवस्था देखिएको जनाएको छ । पीडित किसानलाई उत्पादन लागतसहितको क्षतिपूर्ति उपलब्ध गराउन पनि माग गरेको छ ।

धनगढीमाई नगरपालिकाका मेयर शिवशंकर महतोले भने गहुँको बिउ नक्कली नभएको दाबी गरे । बरु खेतमा चिस्यान कमीले गहुँको बिउ उम्रिन नसकेको उनको जिकिर छ । 'गहुँको बिउ नक्कली छैन,' मेयर महतोले भने, 'नगर कार्यपालिकाको बैठकबाट निर्णय गरेर बिउ खरिद गरिएको हो । किसानको खेतमा चिस्यान नभएर गहुँ नउम्रिएको हुन सक्छ ।'

पालिकाले अनुदानमा...

पृष्ठ १ बाट क्रमशः

नमिलेर नफल्ने र फागुन, चैतको पश्चिमी तातो हावाले गहुँको बाला नै सुकाइदिने जोखिम रहने बताए । स्थानीय किसान रामसोभित यादवले अनुदानको बिउ नउम्रिएपछि आफूले जोखिम मोलेर भए पनि पुनः गहुँको बिउ छरेको बताए । गाउँमा ६० रुपैयाँ प्रतिकिलोका दरले बिउ किनेर छरेको भन्दै रामसोभितले नगरपालिकाले आफूहरूसँग बेइमानी गरेकाले क्षतिपूर्ति तिर्नुपर्ने माग गरेका छन् ।

नार्कको राष्ट्रिय गहुँबाली अनुन्धान कार्यक्रमको 'गहुँ उत्पादन बढाउन केही उपयोगी जानकारी'नामक पम्प्लेटमा उल्लेख भएअनुसार तराईमा गहुँ छर्ने समय कात्तिकदेखि मंसिर दोस्रो सातासम्म उपयुक्त हुन्छ । 'खासगरी तराईमा गहुँ ढिलो छर्दा पाक्ने समयमा पश्चिमी तातो हावाको असरबाट उत्पादनमा कमी आउँछ,' त्यसमा भनिएको छ । नार्कले तराईमा आदित्यनामक गहुँ एक सय १८ दिनमा पाक्ने र प्रतिबिघा ३.१९ टन उत्पादक क्षमता रहने भनेको छ । गौतमनामक गहुँ एक सय १९ दिनमा पाक्छ भने उत्पादकत्व प्रतिबिघा २.२७ टन रहेको जनाएको छ ।

सिराहाको धनगढीमाई नगरपालिकाले ५० प्रतिशत अनुदानमा साढे पाँच सय किसानलाई बाँडेको गहुँको बिउ गुणस्तरहीन परेको एजेन्डा प्राप्त गरिसकेको स्रोतको भनाइ छ ।

दिल्लीमा भएको छैटौं बैठकमा नेपाल-भारत सीमाका विषय स्थापित संयन्त्रमा छलफल गर्ने सहमति भएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको पछिल्लो भारत भ्रमणका वेला स्थापित संयन्त्रबाट सीमालगायत विषय छलफलबाट अघि बढाउनुपर्ने धारणा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले राखेका थिए । 'नेपाल-भारत सम्बन्धको समग्र पक्षमा छलफल गर्ने उच्चस्तरीय बैठक हुनाले यो बैठकमा सबै विषयले प्रवेश पाउँछ,' एक जानकार कूटनीतिक अधिकारीले भने । बैठकमा प्रबुद्ध व्यक्ति समूह (इपिजी)को प्रतिवेदन, १९५० को सन्धि पुनरावलोकनलगायत विषयले पनि प्रवेश पाउनेछ । भारतीय विदेशमन्त्री जयशंकर दुई दिन रहनेछन् ।

नेपाल-भारत...

पृष्ठ १ बाट क्रमशः

र उपलब्धिमूलक बनाउने गरी गृहकार्य भइरहेको छ ।' ०४४ मा गठित संयुक्त आयोगको बैठक नेपालमा बस्न लागेको यो चौथोपटक हो ।

विगतमा झैं यस बैठकमा पनि जलविद्युत्, पारवहन, कनेक्टिभिटी, पूर्वाधार, व्यापार, सिँचाइ तथा डुबान, कृषि, विकास सहयोग, स्वास्थ्य, संस्कृति र जनस्तरको सम्बन्धलगायत एजेन्डामा छलफल गर्ने तयारी छ । परराष्ट्रले सरोकारवाला मन्त्रालयबाट यीसहित सीमा व्यवस्थापन, ऊर्जा र जलस्रोत, शिक्षा, सुरक्षालगायत विषयमा अहिलेसम्म ४० भन्दा बढी थिए । 'सरकारले काम पनि नगर्ने, आफ्नो पालो आउँदा समर्थन पनि प्राप्त हुँदैन भन्ने डरले केही पनि नगर्ने हो भने ०८४ को निर्वाचनमा काग्रेस पत्तासाफसमेत हुन सक्छ,' उनले भने ।

त्यस्तै, केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले राजनीतिक दलका कारण जनतामा रहेका असन्तुष्टि विद्रोहमा परिणत हुने अवस्था आएको भन्दै सरकार र राजनीतिक दलहरू सच्चिन आवश्यक रहेको धारणा राखे । उनले बालकुमारी घटनालाई बुझ्न नसके ठूलो क्षति हुनेतर्फ सचेतसमेत गराए । 'देशमा भ्रष्टाचार छ, नागरिकले सरकार, राजनीतिक दल र नेतालाई विश्वास गर्न सकेको छैन । मुलुकमा बेथिति र विधिहीनता मात्रै देखियो यी अवस्थाको अन्त्य गर्न नसक्ने हो भने जनताको असन्तुष्टि विद्रोहका रूपमा देखिने खतरा छ,' उनको भनाइ थियो ।

केन्द्रीय सदस्य डा. आरजु राणा देउवाले राष्ट्रिय सभामा समग्र देशको नेतृत्व गर्न सक्ने सम्मानितलाई पठाउनुपर्ने धारणा राखिन् । 'राष्ट्रिय सभा भनेको जुनसुकै देशमा नेतृत्वमा गइसकेको, देशलाई हाँक्न सक्ने मान्छेहरू जम्मा हुने ठाउँ हो । काग्रेसले त्यस्ता व्यक्तिलाई उम्मेदवार बनाउनुपर्छ,' उनको भनाइ थियो ।

त्यस्तै, केन्द्रीय सदस्य रमेश लेखकले संविधान पुनरावलोकन गर्ने समय भएको बताए । साथै, सरकारको समीक्षाबारे बैठकमा अतिवादी दृष्टिकोण आएको भन्दै आलोचना गरे । 'सरकारबाट सबै कुरा ठीक भएको छ, केही पनि बिग्रिएको छैन भन्ने एउटा कोण छ, छँदै छैन भन्ने अर्को,' उनले भने, 'दुईवटै अतिवाद हो ।'

अवसरबाट...

पृष्ठ १ बाट क्रमशः

छ । अवसर नपाएका नयाँ र योगदान गरेका पुराना साथीलाई मिलाएर लैजानुपर्नेछ । तपाईंहरूको भावनालाई समेटेर लैजाने प्रयास गर्नेछु ।' उम्मेदवारको अन्तिम निर्णय संसदीय समितिबाट गर्ने काग्रेस निर्णय छ । बैठकले प्रदेशबाट सिफारिस भएका नाम संसदीय समितिमा पठाउने निर्णय गरेको छ ।

काग्रेसले सरकारको काममा सुधार आवश्यक रहेको निष्कर्षसहित सुशासन र जनअपेक्षाअनुसार काम गर्न सुझावसमेत दिएको छ । बैठकले सरकारलाई सहकारीपीडितको समस्या समाधान गर्न, बालकुमारी घटनाको सत्यतथ्य छानबिन गरी पीडितलाई न्याय र दोषीलाई कानुनी दायरामा ल्याउन पनि माग गरेको छ । त्यस्तै, भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माणलाई तीव्र बनाउन सरकारसँग अनुरोध गरको छ । भ्रातृ संस्थाहरूको ६ महिना म्याद थप गरी यथाशीघ्र महाधिवेशन सम्पन्न गराउन निर्देशनसमेत दिएको छ । त्यस्तै, महासमिति बैठक ७ देखि १० फागुनमा ललितपुरमा गर्ने निर्णय अनुमोदन, समुदायमा काग्रेस अभियानलाई ७ देखि २२ माघसम्म सञ्चालन गर्ने निर्णय गरेको छ । बैठकले नौबुँदे निर्णय गरेकामा आइतबार दिउँसो पत्रकार सम्मेलनमार्फत विस्तृत जानकारी दिइने विश्वकर्मालेे बताए ।

उपसभापति तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले सरकारका सम्बन्धमा उठेका जवाफ दिँदै गठबन्धन सरकार भएकाले काग्रेसको अपेक्षाअनुसार काम हुन नसकेको बताएका थिए । यद्यपि, सरकारमा सहभागी मन्त्रीले पार्टी र जनभावनाअनुसार काम गरिरहेको उनको दाबी थियो । बैठकमा सरकार र काग्रेसका मन्त्रीहरूले अपेक्षाअनुसार काम गर्न नसकेको भन्दै आलोचना भएको थियो । 'गठबन्धन सरकार छ । यसको आफ्नै बाध्यता छ । सरकारमा रहेर पार्टीको नीति र जनभावनालाई केन्द्रमा राखेर नै काम गरिरहका छौं । अबका दिनमा पनि हामी जिम्मेवारीअनुसार परिणाममुखी भएर काम गर्न तयार छौं,' खड्काको भनाइ थियो । कार्यसमिति बैठक १२ पुसदेखि केन्द्रीय कार्यालय सानेपामा चलेको थियो ।

राष्ट्रिय सभामा समेट्न नेविसंघ पृष्ठभूमिका नेताहरूको संयुक्त ध्यानाकर्षण

योगदान र योग्यताका आधारमा राष्ट्रिय सभामा समेट्न १२ केन्द्रीय सदस्यले केन्द्रीय समितिमा ध्यानाकर्षण गराएका छन् । नेविसंघको केन्द्रीय समितिका पूर्वपदाधिकारीका तर्फबाट उनीहरूले सभापति शेरबहादुर देउवालाई सम्बोधन गरी केन्द्रीय समितिमा तीनबुँदे ध्यानाकर्षण गराएका हुन् ।

ध्यानाकर्षणमा लामो समय योगदान गरेकाले अवसर पाउन नसकेको उल्लेख छ । 'प्रतिबन्धित कालदेखि प्रजातन्त्र पुनर्स्थापित भएको ३४ वर्षसम्म निरन्तर समर्पित व्यक्तिहरू जसले संसदीय राजनीतिमा एकपटक पनि अवसर पाउन सकेका छैनन्, उनीहरूमध्येबाट उम्मेदवार बनाइयोस्,' ध्यानाकर्षणमा भनिएको छ । साथै, उनीहरूले सरकारको कामलाई प्रभावकारी बनाउनसमेत आग्रह गरेका छन् । ध्यानाकर्षणमा गोविन्द भट्टराई, कल्याण गुरुङ, किरणराज शर्मा पौडेल, उमेशजंग रायमाझी, जितजंग बस्नेत, नैनसिंह महर, राजीव ढुंगाना, गुरु बराल, नानु बास्तोला, दिनेश कोइराला, सीता थपलिया (उर्मिला) र लक्ष्मी खतिवडाले हस्ताक्षर गरेका छन् ।

सरकारमा बसेर...

पृष्ठ १ बाट क्रमशः

गठबन्धनसँग एकलौटी निर्णय गरेको भन्दै थापाले असन्तुष्टिसमेत पोखेका थिए । 'गठबन्धन बैठक भन्ने, अनि पार्टीमा सल्लाह नगरी पार्टीको धारणा भनेर निर्णय गर्ने, त्यस्तो निर्णयको भारी निर्णय गर्ने एक्लैले बोक्ने यो गलत प्रवृत्ति हो,' महामन्त्री थापाको भनाइ थियो ।

बैठकमा धारणा राख्दै केन्द्रीय सदस्य प्रदीप पौडेलले सरकार र काग्रेसका मन्त्रीहरूले उल्लेख्य परिणाम दिन नसकेको भन्दै असन्तुष्टि जनाए । उनले तीनै तहका सरकारले जनताको पक्षमा काम गरेर रिपोर्ट कार्डमा उपलब्धि देखिने स्थिति बनाउनुपर्ने बताएका

भुलसुधार

मिति २०८०/०९/१२ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित यस सहकारीको सूचनामा शिर्षक **धितो लिलाम सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना** हुनु पर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

उत्कृष्ट साथीभाई बचत तथा ऋण सहकारी संस्था लि.
गल्फुटार, बुढानिलकण्ठ, काठमाडौं
सम्पर्क नं. : ०१-४३७४२४७

Bhotekoshi Rural Municipality
Office of Rural Municipal Executive
Phulpingkatti, Sindhupalchok
Bagmati Province, Nepal

Invitation for Electronic Bids

1st Date of publication: 2080/09/15 (31st Dec 2023)

1. Bhotekoshi Rural Municipality, Phulpingkatti Sindhupalchok invites electronic bids from duly eligible & qualified registered bidders for the procurement of following works NCB along with Name & identification of contracts as mentioned below through the details are in the bidding document.

S. N.	Contract Identification No.	Description of Works	Bid Document Fee Amount NRs.	Bid Security Amount NRs.	Pre-Bid Meeting	Bid Submission Deadline	Bid Opening Date
1	NCB/BRM/ WORKS/08 /080/081	Construction of Guru Padmasambhav Park along with Statue	3000.00	310000.00	2080/10/07 (21st Jan 2024) 10:00 Hrs	2080/10/16 (30th Jan 2024) 12:00 Hrs	2080/10/16 (30th Jan 2024) 13:00 Hrs
Name of Bank		Name of office		Revenue Account Name & No. for bid doc. fee		Deposit Account Name & No. for bank guarantee	
Nabil Bank ltd. Tatopani Branch		Bhotekoshi Rural Municipality, Phulpingkatti, Sindhupalchok		BHOTEKOSHI GA.PA 1.1 AANTARIK RAJASWA KHATA		BHOTEKOSHI GA.PA 3 DHARAUTI KHATA	
				24101017500028		24101017500018	

2. Tender procedures shall follow public procurement Act 2063 & public procurement regulation 2064 along with recent amendments.
3. Bid submitted in hard copy shall not be accepted.
4. If the last date of purchasing & submission falls on government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. For further information please refer to the PPMOs website http/bolpatra.gov.np.egp, and official Website www.bhotekoshimun.gov.np. Any amendment in the notice or bid document will be posted in the website of office.

Chief Administrative Officer

Government of Nepal (GoN)
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Project Office of Urban Development and Building Construction, Kathmandu
Babarmahal, Kathmandu

LETTER OF INTENT

Date of Publication : 2080/09/15

This is to notify all concerned bidders on our intention to award the contract for the following projects to the corresponding lowest evaluated substantially responsive bidders. This notice is published as per the provision stipulated in Public Procurement Act 2063, clause 27, sub-clause (2) and (3) and clause 47.

S. N.	IFB No.	Project Description	Name and address of the bidder	Bid Amount (including PS and VAT)
1	PUDBC/KTM/ BAS/NCB/ WORKS-24/080/81	Road Upgrading works from Bhatkekopati-Sajha Pasal-Puspalal Park Road Kritipur Municipality-04, Kathmandu	Aadi Shakti Nirman Sewa Pvt.Ltd, KMC-32, Kathmandu	NRs. 39,58,178.37
2	PUDBC/KTM/ BAS/NCB/ WORKS-48/080/81	Various Infrastructure Construction works as per Nakshal Cultural Area Masterplan Kathmandu Metropolitiancity Ward No.-01, Kathmandu	Delight Builders and Consultant, New baneshwor, Kathmandu	NRs. 27,97,502.27
3	PUDBC/KTM/ BAS/NCB/ WORKS-83/080/81	ROAD Upgradation Works of Pipalbot Thapagaun Road ,Bhaktapur District Border Banepa Municipality Ward No-13, Kavre	Charumati Construction, Baneshwor, Kathmandu	NRs. 22,90,440.08
4	PUDBC/KTM/ BAS/NCB/ WORKS-84/080/81	Road Construction Works from Bhaisepati Khola Corridor-Khetko Padhero-Syalgaira ,Banepa Municipality Ward No-13, Kavre	Suva laxmi Construction, Panauti Municipality-8, Kavrepalanchok	NRs. 29,99,999.99
5	PUDBC/KTM/ BAS/NCB/ WORKS-86/080/81	Infrastructure Construction Works in Sipaghat Bazar of Mandandeupur Municipality Ward No-06, Kavre	Srijan Construction & Company Pvt. Ltd. Koteshwor, Kathmandu	NRs. 51,57,688.54

Project Chief

■ सुन तस्करीमा मुछिएका पोद्दार हुन्डी र क्रिप्टो कारोबारमा संलग्न

एकै समूहद्वारा दुई खर्बको क्रिप्टो र दुई अर्बको हुन्डी कारोबार



नवराज मैनाली/नयाँ पत्रिका

३८ क्विन्टल सुन तस्करीमा मुछिएका भारतीय व्यापारी विमल पोद्दारले हुन्डी र क्रिप्टो कारोबारको ठूलो सञ्जाल चलाएको प्रहरीले पत्ता लगाएको छ। केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पोद्दारको समूहमाथि अनुसन्धान गर्दा अवैध खर्बौंको कारोबार गरेको खुलेको छ।

गत ६ मंसिरमा काठमाडौं बागबजारबाट पक्राउ परेका रुपेश श्रेष्ठमाथि अनुसन्धान गर्ने क्रममा सो गिरोहका नाइकेमध्ये एक पोद्दार भएको पुष्टि भएको छ। सिआइबीले उनीविरुद्ध जिल्ला अदालत काठमाडौंबाट पक्राउपुर्जी लिइसकेको छ। श्रेष्ठ पक्राउ परेलगत्तै पोद्दार भागेका थिए। काठमाडौंको डिल्लीबजारमा एड्रेस लाउन्ज नामक रेस्टुरेन्ट चलाउँदै आएका पोद्दार पहिलेदेखि ठूला किसिमको आर्थिक अपराधमा मुछिँदै आएका व्यक्ति हुन्।

सिआइबीले श्रेष्ठसहित सो गिरोहका मीनबहादुर जिसी, आशिष अग्रवाल र कुमार परियारलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। उनीहरूविरुद्ध संगठित अपराध कसुरमा अनुसन्धान भइरहेको सिआइबीकी निर्देशक किरण बज्राचार्यले बताइन्। 'यो समूहले ठूलो मात्रामा हुन्डी र क्रिप्टोको कारोबार गरेको भेटिएको छ,' उनले भनिन्, 'केही व्यक्ति फरार छन्, क्रिप्टोको विषयमा विभिन्न पक्षसँग समन्वय गरी अनुसन्धान गरिरहेका छौं।'

हालसम्मको अनुसन्धानमा दुई अर्ब रुपैयाँबराबरको हुन्डी तथा दुई खर्ब रुपैयाँबराबरको क्रिप्टो कारोबार गरेको पुष्टि भइसकेको प्रहरी स्रोत बताउँछ। गिरोहमा संलग्न थप व्यक्तिहरूको पहिचान भइसकेको, तर उनीहरू फरार रहेको प्रहरीले जनाएको छ।

गिरोहका नाइकेमध्ये एक श्रेष्ठलाई ब्युरोले ९९ लाख रुपैयाँसहित पक्राउ गरेको थियो। बागबजारस्थित उनको घरबाट ८९ लाख ६९ हजार नेपाली रुपैयाँ र अमेरिकी डलर सात हजार २६ बरामद भएको थियो। उनले घरमा पैसा गन्ने मेसिनसमेत राख्दै आएका थिए। उनको हुन्डी कारोबारको खाता नै प्रहरीले बरामद गरेको छ। हुन्डीको कारोबार उनले क्रिप्टोमार्फत मिलाउँदै आएका थिए।

भारत र दुबईमा हुन्डीको कारोबारमा पोद्दारको प्रमुख संलग्नता देखिएको प्रहरी स्रोत बताउँछ। श्रेष्ठसँगै पक्राउ परेका प्रभात अग्रवाल नियमितजसो पोद्दारको रेस्टुरेन्टमा बसेर यससम्बन्धी अवैध कारोबार गर्दथे। प्राविधिक अनुसन्धानमा समय लाग्ने भएकाले ढिला मात्र उनीहरूको मोबाइलको डिजिटल जाँचको रिपोर्ट आएको र श्रेष्ठ पक्राउ परेलगत्तै पोद्दार छोरासहित भागेको सिआइबी स्रोत बताउँछ।



विमल पोद्दार



रूपेश श्रेष्ठ

■ **किरण बज्राचार्य**
निर्देशक, सिआइबी



यो समूहले ठूलो मात्रामा हुन्डी र क्रिप्टोको कारोबार गरेको भेटिएको छ। केही व्यक्ति फरार छन्, क्रिप्टोको विषयमा विभिन्न पक्षसँग समन्वय गरी अनुसन्धान गरिरहेका छौं।

'गोरे' समूहसँग मिलेर सुन तस्करी

लामो समयदेखि नेपालमा बस्दै आएका पोद्दार यसअघि चुडामणि उप्रेती 'गोरे' समूहसँग मिलेर सुन तस्करी गरेको आरोपमा ०७५ मा पक्राउ परेका थिए। सो गिरोहमा सुनमा लगानी गर्नेमध्ये उनी प्रमुख व्यक्ति भएको खुलेको थियो। तत्कालीन सुन अनुसन्धान विशेष समितिले उनलाई पक्राउ गरेकोमा सुन र हुन्डीको कारोबार गरेको स्वीकार गरेका थिए। जिल्ला अदालत मोरङले उनलाई पुर्पक्षका लागि थुनामा पठाएकोमा पछि उच्च अदालतबाट छुटे। तस्करीको सुन बरामद हुन नसकेको भन्दै अदालतले सुन तस्करीको मुद्दामा सबैलाई सफाइ दिएको थियो। जुन मुद्दा उच्च अदालत विराटनगरमा विचाराधीन छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पनि उनको सम्पत्तिमाथि छानबिन गरेको थियो। तर, पहुँचका आधारमा उनलाई जोगाइएको स्रोत बताउँछ। 'अहिले पनि हुन्डीलगायत अवैध धन्दामा उनको संलग्नता निरन्तर देखिन्छ,' सिआइबीका एक अधिकारी भन्छन्, 'सुन तस्करीको घटनामा पनि संलग्नताका केही संकेत भेटिएको छ।'

गत २१ मंसिरमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा १४ किलो सुन तस्करीमा पक्राउ परेका चन्द्र घले र मीनकुमार घलेको समेत पोद्दारसँग निकटता छ। विगतमा पोद्दारसँगै मिलेर आफूहरूले सुन तस्करी गरेको घलेले सोधपुछमा बताएका छन्। तर, पछिल्लो तस्करीमा भने उनको प्रत्यक्ष संलग्नता देखिएको छैन। घले समूहले १० वर्षदेखि सुन तस्करी गर्दै आएको अनुसन्धानमा आबद्ध भन्सार तथा प्रहरी अधिकारीहरू बताउँछन्। जसमा संलग्न दनबहादुर(डिबी) गुरुङ तथा जीवनकुमार गुरुङ (जोन)को पनि पोद्दारसँग सम्पर्क देखिएको छ। पोद्दार पक्राउ पर्न सकेमा हुन्डीमा संलग्न देशको प्रमुख गिरोह नै कारबाहीमा पर्ने प्रहरी अधिकारीहरू बताउँछन्। सुन तस्करीको पैसासमेत उनीहरूले हुन्डी र क्रिप्टोमार्फत विदेशमा लेनदेन गरेको हुन सक्ने प्रहरीको अनुमान छ।

कोरिया र युरोप पठाइदिने भन्दै ३५ जनाबाट दुई करोड उठाएर बस्नेत फरार

पैसा बुझाएको भौचर, फोन रेकर्ड, बस्नेतको फोटो र भिडियो बोकेर धादिङ, लमजुङ, नवलपरासीका पीडित जिल्ला प्रशासन कार्यालय चितवनमा



जिल्ला प्रशासन कार्यालय चितवनमा रहेको आप्रवासी स्रोत केन्द्रमा उजुरी गर्न आएका पीडित।

भरतपुरमा **विवेक पोखेल**

लमजुङका प्रदीप थापाले गाउँमै जागिर गरेर मासिक ४० हजार रुपैयाँ कमाउँथे। मंसिर दोस्रो साता आफन्तकै चिनजानबाट तीन लाखमा दक्षिण कोरिया जाने अवसर आएको थाहा पाएपछि जागिर छाडेर कोरिया जाने तयारी गरे। महिनाको दुई लाख रुपैंया आम्दानी हुने आसमा तीन लाख रुपैयाँ दलाललाई बुझाएर उनले कोरिया जानकै लागि घरछेउको जागिर छाडे। दलालले दक्षिण कोरिया जान सात लाख लाग्ने, तर तीन लाख तत्कालै र चार लाख दक्षिण कोरिया पुगेर कमाउँदै ६ महिनापछि दिँदा पनि हुने भनेका थिए।

पुस पहिलो साता विदेश लैजाने भनेको मानिस सम्पर्कमै आउन छाड्यो। थापासँगै उनको गाउँका पाँचजनाले दक्षिण कोरिया जाने भनेर दलबहादुर बस्नेतमार्फत पैसा बुझाएका थिए। सबैलाई बस्नेतले माछापुच्छे बैंकमा पैसा हाल्न लगाउँथे। त्यसमध्ये दुर्गा शाहीलाई त उनले छिटो सपिङ गर्नसमेत भनेका थिए। 'आर्मीबाट रिटायर्ड भएको बताउने बस्नेत उमेरले पनि ७० वर्षका थिए। ठगिएलाजस्तै लागेको थिएन। बोलीमा मिठास भएका उनले दर्जनौं मानिसलाई सहजै आफ्नो प्रभावमा पारे। उनले भिसा लागेको पुरानो पासपोर्ट देखाउँथे, फोनमा विदेश भएका मानिस देखाउँथे,' शाहीले भनिन्। एयरपोर्ट जाने समय आउँदै गर्दा आफू ठगिएको पत्तो पाएका धादिङका विवेक श्रेष्ठले भने, 'काठमाडौंमा बायोमेट्रिक गर्न भनेर सम्पर्कविहीन भए। अहिले उनको फोन नै लाग्दैन। उनले तीनजना साथीहरूसँगै नौ लाख रुपैयाँ बस्नेतलाई बुझाएका थिए।

बस्नेतले गाडीचालक, होटेल सञ्चालकलाई आफू विदेश पठाउने मान्छे भएको जानकारी दिँदै मान्छे खोजे कमिसन दिने आश्वासन बाँड्थे। भरतपुर क्षेत्रमा गाडीचालक रहेका राजु तामाङले उनको प्रभाव पारेर गाडीमा चढ्ने चिनजानका मान्छे र छिमेकीसहित ३५ जनालाई बस्नेतसँग परिचय गराए। अहिले बस्नेत बेपत्ता भएपछि उनी पनि तनावमा छन्। सात वर्षदेखि गाडी चलाउँदै आएका तामाङ बस्नेतले आफूलाई पनि फसाएको बताउँछन्। 'छोरा र बुढी छ भन्ने सुनेको हो। अरू केही थाहा छैन,' उनले नयाँ पत्रिकासँग भने।

तामाङजस्तै नवलपरासीको कावासोतीमा होटेल व्यवसाय गर्ने दुर्गा कुमाललाई पनि बस्नेतले प्रयोग गरेर २५ जना मान्छेबाट पैसा ठगी गरेको पीडित बताउँछन्। बुधबार र बिहीबार मात्रै बस्नेतबाट ठगिएको भन्दै ३५ जना चितवन, धादिङ, लमजुङ, नवलपरासीलगायतका जिल्लाबाट जिल्ला प्रशासन कार्यालय चितवनमा रहेको आप्रवासी स्रोत केन्द्रमा गुनासो लिएर आएका थिए। वैदेशिक रोजगारीमा पठाइदिने भनेर बस्नेतले झन्डै दुई करोड रुपैयाँ ठगी गरेको पीडितहरूको भनाइ छ। आप्रवासी स्रोत केन्द्रमा आएकासहित ७५ जनाभन्दा बढी मानिस उनीबाट ठगिएको अनुमान गरिएको छ। प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने यो संस्थाले छलफल र सहजीकरणको काम गर्छ।

दक्षिण कोरियामा कृषि पेसामा काम गर्न पठाउने भन्दै कोहीबाट तीन लाख, कोहीसँग चार लाख तथा युरोपको रोमानिया, माल्टा, माल्दोवा जान चाहनेहरूका लागि ६ लाख मूल्य तोकेका बस्नेत अहिले सम्पर्कमा छैनन्। सहकारीबाट ऋण लिएर, जमिन बेचेर, गरगहना बेचेर विदेश जाने आसमा पैसा बुझाएकाहरू अहिले पैसा बुझाएको भौचर, फोन रेकर्ड र बस्नेतको फोटो भिडियो देखाउँदै न्याय माग गरिरहेका छन्। उनीहरूले शुक्रबार सामूहिक रूपमा जिल्ला प्रहरी कार्यालयमा संयुक्त उजुरी दिएको प्रहरी निरीक्षक उमाशंकरप्रसाद शाहले बताए। 'बस्नेतबाट भारतमा समेत २० देखि २५ जना ठगिएको र अलपत्र परेको भन्ने जानकारी आएको छ,' शाहले भने, 'मान्छेपिच्छे फरक-फरक नाम र ठेगना बताउने उनको मोबाइल नम्बर पनि फरक-फरक रहेकाले अनुसन्धान भइरहेको छ। उनीबाट धेरैजना पीडित भएको भन्ने छ, हामी अनुसन्धान गर्दै छौं,' उनले भने। भरतपुर महानगरपालिका-११ मा बस्दै आएको घरबाट उनी बिहीबार राति नै भागेका छन्। जुन घर उनले आफ्नो भन्दै आएका थिए।

चैतभित्रै जिल्ला अधिवेशन गर्ने एमाले गण्डकीको निर्णय

कास्की/ एमालेले गण्डकी प्रदेशमा रहेका पार्टीका जिल्ला अधिवेशन चैतभित्र सम्पन्न गर्ने निर्णय गरेको छ। पार्टीको पोखरामा सम्पन्न पहिलो बैठकले प्रदेशभित्र रहेका ११ जिल्लाको अधिवेशन चैतभित्र सम्पन्न गर्ने निर्णय गरेको सचिव धनञ्जय दवाडी जानकारी दिए। बैठकले जनवर्गीय संगठनको अधिवेशन माघभित्र सम्पन्न गरी चैतभित्र जिल्ला अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको उनको भनाइ छ।

बैठकले पार्टीअन्तर्गत प्रदेशका निर्वाचन क्षेत्र, भूगोल, जिल्ला, पालिका, जनवर्गीय संगठनलगायतमा विभागीय जिम्मेवारीसमेत तोकेको छ। पार्टीबाट निर्वाचित स्थानीय तहका जनप्रतिनिधिलाई प्रशिक्षणसहित प्रथम अधिवेशनमा निर्वाचित ४० वर्षमुनिका कमिटी सदस्यका लागि नेतृत्व विकास कार्यशाला आयोजना गर्ने निर्णय गरेको दवाडीले जानकारी दिए। बैठकमा गत असोजमा सम्पन्न प्रदेशको पहिलो अधिवेशनबाट निर्वाचित भएर शपथ नलिएकालाई शपथसमेत गराइएको थियो।

बैठकले पार्टीको प्रदेश कार्यालय सञ्चालनका लागि भवन किन्ने निर्णयसमेत गरेको प्रदेश अध्यक्ष नवराज शर्माले जानकारी दिए। उनका अनुसार पार्टीले पोखरा महानगरपालिका- ८ सिमलचौरनजिकै घर किन्न केही दिनअघि बैनासमेत गरिसकेको छ। नौ करोड ६५ लाखमा किन्न लागेको घरको केही दिनअघि बैनासमेत भएको उनले बताए। पास खर्च गरी घरको मूल्य १० करोडमाथि पर्ने उनको भनाइ छ। 'चार महिनाभित्र पास गर्ने गरी बैना गरिसकिएको छ, आवश्यक रकम पार्टीसँग छैन, तर नेता, कार्यकर्ता र शुभेच्छुकहरूले सहयोगको वाचा गरेकाले आवश्यक रकम जुट्ने विश्वास छ,' शर्माले भने।

पार्टीका उपमहासचिव पृथ्वीसुब्बा गुरुङले वर्तमान सरकारले एक वर्षमा उल्लेख्य काम गर्न नसकेको आरोप लगाए। सरकारको कामका कारण जनतामा निराशा बढ्दै गएको र देशसमेत बर्बादीतिर धकेलिएको गुरुङको भनाइ थियो। आमजनताको इच्छा र चाहनालाई सम्बोधन हुने गरी काम गर्न सरकारलाई उनको सुझाव थियो। देशलाई समृद्धिको मोडल र बाटोमा हिँडाउन सक्ने एक मात्र पार्टी एमाले रहेको उनले दाबी गरे।

■ सुर्खेतमा युवाको प्रदर्शन



सुर्खेतमा **रमेश रावल**

ललितपुरको बालकुमारीमा दुई युवाको प्रहरी दमनबाट मृत्यु भएपछि सुर्खेतमा प्रदर्शन भएको छ। शनिबार 'युवा विद्रोह' नाम दिएर युवाहरूले प्रदर्शन गरेका हुन्। उनीहरूले घटनाका दोषीलाई कारबाही गर्नुपर्ने, गृहमन्त्रीले राजीनामा दिनुपर्ने जस्ता माग राख्दै प्रदर्शन गरेका थिए। मृतकका आफन्त तथा विभिन्न दलका युवाहरूले सरकारको कार्यशैलीले देशमै सुरक्षा वातावरणको ग्यारेन्टी नभएको भन्दै विरोध आक्रोश व्यक्त गरेका थिए। प्रहरी दमनबाट मारिएकालाई सहिद घोषणा गर्नुपर्ने, परिवारको आजीवन जीवन सुरक्षाको ग्यारेन्टी हुनुपर्ने माग उनीहरूको छ। बालकुमारी घटनालाई लिएर आइतबार सुर्खेतमा सरकारी सवारीसाधन चल्न नदिइने भएको छ। आन्दोलन संघर्ष समितिले सुर्खेतमा सरकारी सवारीसाधन पूर्ण रूपमा र अन्य सवारीसाधन एक घन्टाका लागि बन्द गर्ने जनाएको छ।

■ खेलाडी चढेको गाडी दुर्घटना

स्वर्ण पदक विजेता खड्काको मृत्यु

धनगढी/ मकवानपुरको हेटौंडामा भएको अन्तरप्रदेशस्तरीय राष्ट्रिय उसु प्रतियोगितामा सहभागी भएर फर्कंदै गरेका सुदूरपश्चिमका खेलाडी सवार गाडी दुर्घटना हुँदा एक खेलाडीको मृत्यु भएको छ। प्रतियोगितामा स्वर्ण पदक विजेता धनगढी उपमहानगरपालिका-१२, जुगेडाकी १८ वर्षीय निता खड्काको मृत्यु भएको हो। दुर्घटनामा नौ खेलाडी र तीन रेफ्री गरी १२ जना घाइते भएका सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्ले जनाएको छ। परिषद्का सदस्यसचिव दीपकबहादुर सिंहले विज्ञप्ति जारी गर्दै मृतकका परिवारलाई उचित राहत र घाइतेको उपचारमा सहयोग गर्न सरकारसँग आग्रह गरेका छन्।

सुदूरपश्चिमका उसु खेलाडी चढेको गाडीलाई कपिलवस्तुको चन्द्रौटाबाट करिब १५ किलोमिटर पश्चिम चोरखोलामा शुक्रबार ट्रकले ठक्कर दिएको हो। दुर्घटनामा गम्भीर घाइते खड्कालाई उपचारका लागि लुम्बिनी प्रदेश अस्पताल भर्ना गरिएकोमा डाक्टरले मृत घोषणा गरेका थिए। दुर्घटनामा उसु खेलाडी पुष्पा कुँवरको हात भाँचिएको रेफ्री राजीव गुप्ताले बताएका छन्। अन्य घाइतेको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

बसले ठक्कल दिँदा महिलाको मृत्यु

कास्की/ बागलुङबाट भैरहवातर्फ जाँदै गरेको लु.१ख ८३५६ नम्बरको बस शनिबार पोखरा महानगरपालिका- २७ डाँडाकोनाकस्थित सडकमा दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। तीनजना घाइते भएका छन्। गुडिरहेको अवस्थामा अचानक ब्रेक फेल हुँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता श्रवणकुमार विकले जानकारी दिए। ब्रेक फेल भएपछि बस सडकको दायाँ किनारमा रहेको माटोको ढिस्कोमा ठक्कर खान पुगेको थियो।

बसले ठक्कर दिँदा भारत घर भएकी पैदलयात्री वर्ष ३० की इश्रावती कुमारी गम्भीर घाइते बनेकी थिइन्। उनलाई उपचारका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल लगिएकोमा चेकजाँचको क्रममा चिकित्सकले मृत घोषणा गरेका थिए। लेखनाथ महोत्सवमा बाटा (गमला) बिक्री गर्न जाँदै गर्दा महोत्सवस्थलको गेटआगाडि उनलाई बसले ठक्कर दिएको थियो। घटनामा बसमा यात्रा गरिरहेका तीनजना घाइते भएका छन्। घाइते हुनेहरूमा तनहुँ म्याग्दे गाउँपालिका- ८ घर भएका रामजी गन्धर्व र उनकी श्रीमती विष्णु गायक तथा पर्साकी चिजमाया गन्धर्व छिन्। उनीहरूमध्ये रामजीको बायाँ खुट्टामा, विष्णुको दाइने हातमा र चिजमायाको दायाँ खुट्टामा चोट लागेको छ।

परालले जलाएको अवस्थामा भेटिएको शवको भएन पहिचान

लहान/ पूर्व-पश्चिम लोकमार्गअन्तर्गत सिरहाको गागन पुलदेखि दक्षिण परालले नचिनिने गरी जलाएको अवस्थामा भेटिएको बेवारिसे शवको २४ घन्टा बित्दासमेत पहिचान हुनसकेको छैन। जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक टेकुनन्द इवा लिम्बूले शुक्रबार बिहान ११ बजेतिर गागन पुलदेखि करिब दुई किलोमिटर दक्षिण धनगढीमाई नगरपालिका-६ मा पर्ने गागन खोलाको पूर्वी किनारमा भेटिएको शव पहिचानका लागि प्रयास जारी रहेको बताए। खोला किनारमा परालले जलाएर नचिनिने अवस्थाको करिब २६ वर्ष उमेरका पुरुषको शव भेटिएको खबर पाएलगत्तै प्रहरी टोली परिचालन गरी घटनास्थल प्रकृति मुचुल्कासहित आवश्यक प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा राखिएको उनको भनाइ छ।

पराल र झारपातले जलाएको अवस्थामा भेटिएको शव अन्यत्रको हुन सक्ने आशंका गर्दै उनले जिल्लाकै भए अहिलेसम्म पहिचानका लागि सम्बन्धित परिवारका व्यक्ति आइसक्ने उल्लेख गरे। 'खोला किनारमा भेटिएको शवमा कम्मर पेटी मात्र फेला पारिएकाले पेटीसहितको हुलिया मुलुकभरका प्रहरी युनिटहरूमा पठाएको छौं,' उनले भने, 'प्रहरीले अनुसन्धान गरिरहेको छ।'

नगर प्रमुखको जमानतमा छुटे वडाध्यक्ष

लहानमा **मणिलाल विश्वकर्मा**

कानुनविपरीत एक्साभेटर प्रयोग गरी अवैध रूपमा ढुंगा, गिटी, बालुवा उत्खनन गर्न सिफारिस दिएको आरोपमा शुक्रबार पक्राउ परेका सिराहाको कर्जन्हा नगरपालिका- १ का वडाध्यक्ष नगर प्रमुखको जमानतमा रिहा भएका छन्।

डिभिजन वन कार्यालय लहानको टोलीद्वारा शुक्रबार पक्राउ परेका कर्जन्हा- १ का वडाध्यक्ष फणीन्द्रप्रसाद पोखरेल कानुनी प्रक्रियाअन्तर्गत आवश्यक परेका वेला उपस्थित हुने गरी नगर प्रमुख भोलाप्रसाद पोखरेलको जमानतमा रिहा गरिएको सबडिभिजन कार्यालय बन्दीपुरका वन अधिकृत आविद हुसैनले जानकारी दिए। वडाध्यक्ष पक्राउ परेको भोलिपल्ट शनिबार अपराह्न नगर प्रमुखको नेतृत्वमा स्थानीय बासिन्दाले बन्दीपुरमा चक्काजाम गर्नुका साथै सबडिभिजन वन कार्यालयमा तालाबन्दी गरेपछि दबाब थेग्न नसकेर रिहा गरिएको बताइन्छ।

वन अधिकृत हुसैनले वडाध्यक्षविरुद्ध लगाइएको आरोपको अनुसन्धान गर्न आफूलाई अनुसन्धान अधिकृत तोकिएको जानकारी दिँदै मुलुकी फौजदारी कार्यविधि संहिता, ऐन २०७४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी छोडिएको बताए। अनुसन्धानको क्रममा हिरासतमा रहेका व्यक्तिलाई हिरासतमा राखिरहनु उपयुक्त नदेखिएमा सरकारी वकिलको सहमति लिई वा तत्काल त्यस्तो सहमति लिन नसकिने अवस्था भएमा कारणसहितको पर्चा खडा गरी त्यस्तो व्यक्तिबाट धरौटी वा जमानत लिई हाजिर जमानी वा तारेखमा राख्न सकिने भएकाले सोहीअनुरूप वडाध्यक्ष पोखरेललाई छोडिएको उनको भनाइ छ। कर्जन्हा- १ बल्टियाको चुरे वनक्षेत्रमा कमला खोलाको बगरबाट प्रचलित ऐन, कानुनविपरीत सिफारिस गरी अवैध रूपमा ढुंगा, गिटी, बालुवा उत्खनन गर्न सघाएको आरोपमा शुक्रबार डिभिजन वन र सबडिभिजन वनको टोलीले शुक्रबार पक्राउ गरी लहानस्थित डिभिजन वनको हिरासतमा राखिएको सूचना अधिकारी राधेश्याम चौधरीले जानकारी दिएका थिए।



फणीन्द्रप्रसाद पोखरेल

कर्जन्हाको बन्दीपुरस्थित सबडिभिजन वन कार्यालयको गस्ती टोलीले बल्टियाको वनक्षेत्रमा पर्ने कमला नदीको बगरबाट प्रारम्भिक वातावरणीय परीक्षण (आइई) नगरी उत्खनन गरिरहेको अवस्थामा एक्साभेटरसहित ७ पुसमा कमलाको बगर उत्खनन गरिरहेको अवस्थामा चालक प्रदीपकुमार दर्लामी र स्थानीय ठेकेदार निरज बस्नेतलाई पक्राउ गरेको थियो।

वनले कर्जन्हा नगरपालिका- ७ स्थित कमला नदी किनारमा अवस्थित कमलेश्वरी कमला क्रसर सञ्चालक मोहम्मद खलिल राइनलाई पनि पक्राउ गरी अनुसन्धान गरिरहेको डिभिजन वन अधिकृत सुजितकुमार झाले बताए। त्यसअघि डिभिजन वनले कानुनविपरीत वन क्षेत्रको खोला ठेक्का लगाएको आरोपमा सिराहाको धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश महतो, प्रशासन शाखा सहायक रञ्जितकुमार सिंह र वरुण कन्स्ट्रक्सनका प्रोप्राइटर निलमकुमारी यादव, अवैध उत्खननमा संलग्न आठजना ट्र्याक्टर तथा जेसिबीचालक र सातजना व्यवसायीविरुद्ध ४ पुसमा सिराहा जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो।

कृषि र पशुपक्षी क्षेत्रमा 'स्टार्ट अप' : रूपान्तरणको आधार

नयाँ-नयाँ प्रविधि तथा आविष्कारले खाद्य उत्पादनमा वृद्धि, किसानको जीवनस्तरमा सुधार र कृषि तथा पशुपक्षी उद्योगको समग्र विकासमा योगदान पुऱ्याउन सक्छन्



● डा. तपेन्द्रप्रसाद बोहरा

अग्रलेख

स्टार्ट-अप भनेको त्यस्तो युवा कम्पनी हो, जसले एउटा विशिष्ट उत्पादन वा सेवा विकास गर्छ र त्यस्तो उत्पादन उपभोक्ताका लागि अपरिहार्य हुन्छ । स्टार्ट-अपको प्राथमिकता कृषि तथा पशुपक्षीजन्य कर्मको प्रतिफल वृद्धिका लागि प्रविधि र नवीनतामा हुन्छ । यसमा स्रोतको प्रयोगलाई अनुकूलन गर्न, उत्पादनमा सुधार गर्न र खेतीलाई अझ प्रभावकारी बनाउन सटिक खेती (प्रिसिजन एग्रिकल्चर), डाटा विश्लेषण र स्वचालनजस्ता प्रविधिको प्रयोग समावेश हुने गर्छ । स्टार्ट-अपहरू प्राथमिक उत्पादनदेखि मध्यम प्रशोधन, बिक्री वितरण र बजारीकरणसम्म फैलिन सक्छन् । यद्यपि, तिनले प्रविधिलाई एकीकृत गर्न सक्छन्, प्रतिफलहरू विशेष रूपमा उच्च-प्रविधियुक्त समाधानमा केन्द्रित हुँदैनन्, तर व्यापारका नमुना, मूल्य शृंखला सुधार र दिगो अभ्यास समावेश हुन सक्छन् । स्टार्ट-अपहरू सामान्यतया प्रविधिको विकास र एकीकरणमा केन्द्रित भएर कार्य गर्ने गर्छन् । तिनीहरू प्रायः सफ्टवेयर प्लेटफर्महरू, खेतगोठमा वास्तविक-समयमै सूचना संकलनका लागि 'इन्टरनेट अफ थिंग्स' उपकरण, हार्डवेयर उपकरण वा जैविक-प्रविधिमा आधारित समाधानका उपायमार्फत मूल्य शृंखला विकास गर्न विशिष्ट योगदान पुऱ्याउने उद्देश्य राख्न सक्नुपर्छ । नयाँ खाद्य उत्पादनको विकास, दिगो खेती अभ्यासको स्थापना, वैकल्पिक वितरणका माध्ययमको सिर्जना वा बजारको अन्तरलाई सम्बोधन गर्ने नवीन व्यावसायिक ढाँचाको कार्यान्वयनसमेत समावेश गर्न सकिन्छ । संक्षेपमा, स्टार्ट-अपले कृषि तथा पशुपक्षी क्षेत्रको उन्नतिमा योगदान पुऱ्याउँछ । स्टार्ट-अप सुरु गर्नु एक इनामदायी उद्यम हुन सक्छ, तर यसका लागि सावधानीपूर्वक योजना तर्जुमा र कार्यान्वयन आवश्यक छ ।

कृषि तथा पशुपक्षीजन्य उद्यम सुरु गर्न र चलाउन समर्पण, कडा परिश्रम र लचिलोपन चाहिन्छ । अनुकूलन, सफलता र चुनौती दुवैबाट पाठ सिक्न तयार हुनु यस क्षेत्रको आवश्यकता हो । खेती, पशुपक्षी पालन, जलचर, प्रशोधन, बिक्री-वितरण, बजारीकरण वा कृषि पर्यटन आदि यससँग सम्बद्ध क्षेत्र हुन् । स्टार्ट-अपका गतिविधि सञ्चालनका लागि छनोट गरिएको स्थानको माग, लक्षित वर्गको पहिचान र प्रतिस्पर्धीको मूल्यांकन गर्नका लागि पूर्ण बजार अनुसन्धान अपरिहार्य मानिन्छ । यसले वस्तु वा सेवाको बजार आवश्यकता पूरा गर्न मद्दत गर्छ । कुनै पनि स्टार्ट-अपका लक्ष्य, लक्षित बजार, वस्तु वा सेवा, बजार रणनीति, वित्तीय अनुमान र परिचालन योजनाको रूपरेखा दिने विस्तृत व्यावसायिक योजना लगानी जुटाउन र उद्यमलाई मार्गदर्शन गर्नका लागि महत्त्वपूर्ण मानिन्छ । प्रचलित कानुनअनुरूप नियमहरूको पालना र इजाजतपत्र प्राप्तिसमेत प्रविधि र उद्यम केन्द्रित स्टार्ट-अपका पूर्वाधार हुन् । उद्यम सुरु गर्न र चलाउन आवश्यक पुँजी निर्धारण गर्न व्यक्तिगत बचत, ऋण, अनुदान वा लगानीकर्ताजस्ता विकल्प अनुसरण गर्न सकिन्छ । कृषि तथा पशुपक्षीजन्य उद्यम चयन गर्दा माटोको गुणस्तर, उत्पादन सामग्रीको उपलब्धता, हावापानी, सडक, प्राविधिक सेवा र बजारसँगको निकटतालाई ध्यानमा राखेर उपयुक्त स्थान चयन गरी सिँचाइ प्रणाली, भण्डारण सुविधा र उपकरणजस्ता पूर्वाधारमा लगानी गर्नुपर्छ । उत्पादन सामग्रीको सहज प्रवाह सुनिश्चित गर्न आपूर्तिकर्ता र वितरकसँग सम्बन्ध स्थापनाको महत्त्व पनि त्यत्तिकै हुन्छ । आफ्नो व्यवसाय प्रवर्द्धन गर्न बलियो ब्रान्ड पहिचान र बजारीकरण रणनीति विकास गरी अनलाइन र अफलाइन माध्यम प्रयोग गर्ने तथा स्थानीय बजारमा भाग लिने वा किराना पसल र रेस्टुरेन्टसँग साझेदारी पनि गर्न सकिन्छ ।

कृषि तथा पशुपक्षीजन्य स्टार्ट-अपका सम्भावित जोखिम, जस्तै- मौसमसँग सम्बन्धित चुनौती, रोग तथा कीटको प्रकोप, वा बजार उतार-चढ़ावसँग जुध्न विभिन्न रणनीति समावेश गर्नुपर्छ । स्टार्ट-अपलाई सफल तुल्याउन उद्योगको प्रवृत्ति, नयाँ-नयाँ प्रविधि र उत्तम अभ्यासबारे सुसूचित रहन निरन्तर सिकाइसमेत आवश्यक मानिन्छ ।

अवसर र चुनौती : नेपालमा स्टार्ट-अपहरूले प्रारम्भिक लगानी र परिचालन खर्चका लागि पर्याप्त वित्तीय स्रोत जुटाउन विभिन्न चुनौतीको सामना गर्नुपर्ने बाध्यता छ । सीमित पूर्वाधार र प्रविधिको प्रयोगले उत्पादकत्व र दक्षतामा बाधा पुग्न सक्छ । आधुनिक उपकरणको अभाव, सिँचाइ सुविधा र प्रविधिको प्रयोग प्रमुख चुनौती हुन सक्छन् । त्यसैगरी



बाढीपहिरो, भूकम्प, महामारीजस्ता प्रकोपको जोखिम, सानो र खण्डीकृत जग्गाले गर्दा आधुनिक खेती अभ्यास अपनाउन चुनौतीपूर्ण बनाउन सक्छ । विशेषगरी साना किसानले बजारको पहुँचमा कठिनाइ सामना गर्नुपरेको छ । आधुनिक कृषि तथा पशुपक्षी अभ्यासमा तालिम र शिक्षाका लागि दक्ष जनशक्तिको अभाव हुन सक्छ । यी चुनौतीका बाबजुद नेपालमा विविध कृषि-जलवायु क्षेत्र छन्, जसले विभिन्न बाली, वस्तु र कृषि तथा पशुपक्षीसम्बन्धी गतिविधिका लागि अवसर प्रदान गर्छ । जैविक र दिगो कृषि तथा पशुपक्षीमा आकर्षण बढ्दै गएको छ । जैविक अभ्यास अपनाएर र जैविक उत्पादनका लागि प्रमाणीकरण प्राप्त गरेर यस प्रवृत्तिको फाइदा लिन सकिन्छ । संघ, प्रदेश र स्थानीय सरकारहरूले कृषि तथा पशुपक्षीजन्य व्यवसायका लागि प्रोत्साहन, अनुदान र सहयोग कार्यक्रम प्रस्ताव गर्ने गरेका छन् । नेपालको समृद्ध सांस्कृतिक र प्राकृतिक सम्पदालाई कृषि पर्यटनमा सदुपयोग गर्न सकिन्छ । पर्यटन तत्त्वहरू समावेश गर्ने कृषि व्यवसायले ग्रामीण जीवन र कृषि गतिविधि अनुभव गर्न इच्छुक आगन्तुकलाई आकर्षित गर्न सक्छन् । यस क्षेत्रमा मूल्य अभिवृद्धि र प्रशोधन गर्ने सम्भावना छ । वनस्पति तथा पशुजन्य खाद्य प्रशोधन, प्याकेजिङ र मूल्य अभिवृद्धि गरी उत्पादनको विकासमा अवसर खोज्न सकिन्छ । कृषि तथा पशुपक्षी पालनका क्षेत्रमा आधुनिक प्रविधि उपयोग गर्न सकियो भने व्यवसायमा उत्पादकत्व र दक्षता बढाई कृषि तथा पशुजन्य उत्पादनको आयात प्रतिस्थापन गरी निर्यातका ढोका खोल्न सकिने पर्याप्त आधार छन् ।

> कृषि तथा पशुपालन क्षेत्रमा आधुनिक प्रविधि उपयोग गर्न सकियो भने उत्पादकत्व र दक्षता बढाई कृषि तथा पशुजन्य उत्पादनको आयात प्रतिस्थापन गरी निर्यातको ढोका खोल्न सकिने पर्याप्त आधार छन्

चुनौती र अवसरलाई सम्बोधन गर्ने रणनीतिक दृष्टिकोण : मूल्य शृंखलाभित्र ठाडो एकीकरणका लागि अवसर अन्वेषण गर्ने बजारमा पुग्नुअघि कच्चा कृषि उत्पादनमा मूल्य थप्न प्रशोधन र प्याकेजिङ सुविधा समावेश गर्न सकिन्छ । दक्षता र उत्पादकत्व वृद्धि गर्न आधुनिक कृषि तथा पशुपक्षीसम्बद्ध प्रविधि आत्मसात् गर्ने अन्य व्यवसाय, किसान, अनुसन्धान संस्था र सरकारी निकायसँग बलियो सम्बन्ध निर्माण गरी साझा स्रोत, ज्ञान आदानप्रदान र बजारमा पहुँचको नेतृत्व गर्न सकिन्छ । कृषि व्यवसायमा संलग्न किसान र श्रमिकका लागि प्रशिक्षण कार्यक्रम र कार्यशालामा लगानी तथा सीप र ज्ञानले कृषि तथा पशुपक्षी अभ्यासको गुणस्तर सुधार गर्न र समग्र उत्पादकत्व बढाउन सक्छ । नयाँ बजार र वितरण माध्ययम अन्वेषण गरी निर्यात गर्न वा स्थानीय र अन्तर्राष्ट्रिय वितरकसँग साझेदारी स्थापना गर्न सक्छ । कृषि तथा पशुपक्षीजन्य उत्पादनको दायरा विविधीकरणबारे विचार गरी बजारको मागका आधारमा नयाँ बाली, प्रजाति वा मूल्य-वर्धित उत्पादन वृद्धि गराउन सकिन्छ । दिगो र पर्यावरणमैत्री अभ्यास लागू गर्न सकेमा वातावरणीय रूपमा सचेत उपभोक्ता र दीर्घकालीन माटो र स्रोत स्वास्थ्यमा पनि योगदान पुऱ्याउन सकिन्छ ।

विस्तारका लागि विकल्पमध्ये वित्तीय संस्था, सरकारी अनुदान वा निजी लगानीकर्ता, कृषि तथा पशुपन्छी व्यवसायमा रुचि राख्ने उद्यमी पुँजीपतिबाट लगानी खोजी समावेश गर्न सकिन्छ । कृषि तथा पशुपक्षी क्षेत्रका लागि सरकारी नीति र सहयोग कार्यक्रमबारे जानकारी लिई प्रोत्साहन, अनुदान र सहायता कार्यक्रमको फाइदा लिने र फराकिलो उपभोक्ता वा खरिदकर्तामा पुग्न इ-वाणिज्य प्लेटफर्म र अनलाइन बजारीकरणका माध्ययमबाट उपभोक्तासँग प्रत्यक्ष जोडिन र परम्परागत वितरणका माध्ययममा निर्भरता कम गर्न मद्दत गर्न सक्छ । गुणस्तर प्रमाणपत्र प्राप्तिले उत्पादनको प्रतिष्ठा बढाउन, बजारको पहुँचमा सुधार गर्न र थप खरिदकर्तालाई आकर्षित गर्न सक्छ । भण्डारण, यातायात र प्रशोधनसम्बन्धी पूर्वाधार सुधारले फसलपछिको नोक्सानीलाई कम गर्न र बजारमा उत्पादनको समयमै उपलब्धता सुनिश्चित गर्न मद्दत गर्न सक्छ । भ्रमण, फार्म स्टे वा उपभोक्तालाई कृषि तथा पशुपक्षी उत्पादन प्रक्रियासँग जोड्ने अनुभव प्रदान गरी कृषि-पर्यटनमा अवसर अन्वेषण गर्नाले थप क्षेत्रको सिर्जना गर्न र ब्रान्ड जागरुकतालाई बढावा दिन सक्छ । मौसमसम्बन्धी समस्या, रोग तथा किराहरू वा बजार उतार-चढावजस्ता सम्भावित चुनौतीको सामना गर्न प्रभावकारी जोखिम व्यवस्थापन रणनीति विकास गरी निरन्तर नवप्रवर्तन, गुणस्तरमा केन्द्रित र बजारको परिस्थिति बदलिँदो अनुकूलता नेपालमा कृषि तथा पशुपक्षी व्यवसाय स्टार्ट-अपको सफल विस्तारका लागि प्रमुख तत्त्व हुन सक्छन् ।

स्टार्ट-अपहरूले परम्परागत कृषि तथा पशुपक्षीसम्बद्ध अभ्यास परिवर्तन गर्न, कृषि तथा पशुपक्षीलाई थप डाटा-सञ्चालित, कुशल र दिगो बनाउन महत्त्वपूर्ण भूमिका खेल्छन् । तिनका आविष्कारले खाद्य उत्पादनमा वृद्धि, किसानको जीवनस्तरमा सुधार र कृषि तथा पशुपक्षी उद्योगको समग्र विकासमा योगदान पुग्न सक्छ । अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्ने गुणस्तरीय उत्पादनको विकासले नेपालको सिमानाबाहिर थप बजार खोल्न सक्छ । खाद्यान्न आयात प्रतिस्थापन सरकारको प्राथमिकतामा पर्ने जनचेतना बढ्दै गएको वर्तमान परिवेशमा धान, गहुँ, मकै, आलु, रैथाने बाली/वस्तु, भैंसी, खसीबोका, कुखुरा र दूधलगायत प्रमुख बाली तथा वस्तु उत्पादनले नेपालको कृषि तथा पशुपक्षी क्षेत्रमा रूपान्तरण सम्भव छ । नेपालको समृद्धिका लागि हामीलाई यी बाली र वस्तुको उत्पादनमा पूर्ण परिवर्तन चाहिन्छ । हामीलाई यी वस्तुको आयात प्रतिस्थापन गर्ने योजना चाहिन्छ । हामी कृषि तथा पशुपक्षी क्षेत्र र औद्योगिक जिल्लाको कुरा गर्छौं । यससँगै कृषि प्रशोधन क्षेत्रबारे पनि कुरा गर्न आवश्यक छ ।

(वरिष्ठ पशु चिकित्सक बोहरा कृषि तथा पशुपक्षी क्षेत्रका अनुसन्धाता हुन्)

३ प्रश्न

संघीयताविज्ञ **खिमलाल देवकोटा**लाई



मुख्यमन्त्रीहरूको हेटौंडा भेला र त्यसले गरेका निर्णयलाई कसरी हेर्नुभएको छ ?

हामीकहाँ लामो समयदेखि संघीयता कार्यान्वयन हुन नदिने कोसिस हुँदै आएको छ । यसमा हाम्रो संघको नेतृत्व तहमा रहनेहरूले अहं भूमिका खेलिरहेका छन् । यस्तो अवस्थामा मुख्यमन्त्रीहरूको हेटौंडा भेलाले गरेका अधिकांश निर्णय सुरुदेखिकै समस्यामा आधारित देखिन्छन् । यस भेलाले मुख्यमन्त्रीहरूको फोरम गठन गरेको छ । यसलाई चाहिँ सकारात्मक मान्नुपर्छ । अब उनीहरू संगठित भएका छन् । मुख्यमन्त्रीहरूले यसरी भेला गरेर दबाब दिने होइन, सिंहदरबारमै धर्नामा बसेर दबाब दिन सक्नुपर्छ । निरन्तर ठुलो स्वरमा नकराई सुन्दैन हाम्रो सिंहदरबारले ।

मुख्यमन्त्रीहरूले नै संघर्षको चेतावनी दिनुपर्ने अवस्था किन आएको होला ?

प्रदेशसँग आफ्नो कर्मचारी छैन । प्रहरी छैन । ऐन, कानुन र नियम छैनन् । यसले प्रदेशमा सरकार भएको अनुभूति हुन सकेको छैन । यो सब संघको हेपाहा प्रवृत्ति हो । प्रधानमन्त्रीको पछिल्लो सम्बोधनले केही अपेक्षा भने बढाएको छ । तर, विश्वस्त भइहाल्ने अवस्था भने छैन ।

संघ र प्रदेशबीचको विवादको समाधान कसरी हुन सक्ला त ?

यसका लागि सबैभन्दा पहिले संघ अभिभावक भएर बस्न तयार हुनुपर्छ । उसले प्रदेशभन्दा तल झर्नै हुँदैन । उसले आवश्यक कानुन बनाउने र अनुगमन गर्ने काम गर्नुपर्छ । राष्ट्रिय महत्त्वका 'गेम चेन्जर' आयोजनाबाहेक अन्य विकास निर्माणका काम प्रदेश र स्थानीय तहलाई नै जिम्मा दिनुपर्छ । तलका काम तलैका संरचनालाई जिम्मा नदिने र जहाँ पनि आफैंले गर्नुपर्छ भन्ने मानसिकता संघले पालिराख्ने हो भने यो विवाद कायमै रहनेछ ।

प्रेरक प्रसंग

प्रतिभाको पहिचान

यो घटना त्यो वेलाको हो, जब भारत अंग्रेजको गुलाम थियो । ग्वालियरको भिक्टोरिया स्कुलमा एकजना किशोर छैटौं कक्षामा पढ्थे । पढ्नुका साथसाथै उनी खुब लगनले खेल्थे । पढाइमा उनी जति तेज थिए, त्योभन्दा तेज उनी खेल्नमा थिए । खेल्न पाएपछि उनी संसार बिर्सिएर त्यसैमा तल्लीन हुन्थे ।



सो स्कुलका प्रिन्सिपल एकजना अंग्रेज थिए । उनी अत्यन्तै रिसाहा र अनुशासनप्रिय हुँदाहुँदै पनि प्रतिभाका पारखी थिए । उनी आफ्ना विद्यार्थीको प्रतिभा पहिचान गरेर त्यसको उचित कदर गर्न कहिल्यै पछि पर्दैनथे ।

एक दिन उनको स्कुलछेउको एउटा घरबाट एकजना अंग्रेज सज्जन रिसले रातोपिरो भएर आए । उनी तिनै केटा, जो खेल्न पाएपछि संसार बिर्सिन्थे, उनैका बारे ती अंग्रेज प्रिन्सिपलसित गुनासो गर्न आएका थिए । रिसाउँदै भने, 'हेर्नुस् प्रिन्सिपल सर, तपाईंको स्कुलको एउटा विद्यार्थीले हकीको बल यति जोडले हान्यो कि मेरो घरको पर्खाल नै चर्कियो । त्यस्तो उद्दण्ड विद्यार्थीलाई तपाईंले तत्काल विद्यालयबाट निष्कासन गर्नुपऱ्यो । त्यस्तो बदमास विद्यार्थीलाई स्कुलमा राखिराख्नुभयो भने भोलि अझै के-के उपद्रव गर्ने हो ।'

उनको उजुरी सुन्नासाथ प्रिन्सिपलले ती विद्यार्थीको विषयमा खोजबिन गरे । आखिर ती विद्यार्थीलाई उनको अगाडि ल्याइयो । प्रिन्सिपल उनलाई देखेर मुस्कुराए । उसलाई कडा सजाय दिनुको साटो उनले ती विद्यार्थीको ढाड थपथपाउँदै उसलाई एउटा हकी स्टिक र एउटा बल पुरस्कारका रूपमा दिएर थप उत्साहसाथ आफ्नो खेललाई निरन्तरता दिन हौस्याए । बाल्यकालमा ती प्रिन्सिपलले जुन केटालाई प्रोत्साहन गरेका थिए, उनी पछि भारतीय हकी टिमका कप्तान रूप सिंहका रूपमा परिचित भए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यो कस्तो लापरबाही हो ?

'कोरियाको सपनासँगै ढले दुई युवा' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो । रोजगारीका लागि विदेश जान पाउने आशामा कुदिरहेका युवालाई उत्तेजित गराएर राज्यले गोली चलाउनु राज्यको अराजकता हो । युवालाई स्वदेशमा रोजगारीको सम्भावना अत्यन्त न्यून छ । आफ्नो देशमा रोजगारी नपाएपछि कामको खोजीमा विदेश जानु हामी नेपाली युवाको बाध्यता हो । युवालाई रोजगारी दिन नसक्ने र देश रेमिट्यान्सको बलमा चलाउने सरकारले युवालाई विदेश जान सहजीकरण गरिदिनुपर्छ । यसरी आन्दोलनरत युवाको ज्यान लिने गरी गोली लगाउनु राज्यको चरम लापरबाही हो । यसमा मृतकका परिवारलाई १० लाख क्षतिपूर्ति दिएर मात्र हुँदैन ।

● **पूर्ण विक**, सातदोबाटो, ललितपुर

अधिकार दिन कन्जुस्याइँ किन ?

देश संघीयतामा गएको आठ वर्ष बित्न लागिसक्यो । तर, हाम्रो संघीय सत्ताले प्रदेश र स्थानीय तहलाई अधिकार दिन अझै कन्जुस्याइँ गरिरहेको देखिन्छ । जब देशलाई प्रादेशिक संरचना आवश्यक छ भने उसलाई अधिकारसम्पन्न पनि बनाउनुपर्छ । तर, हाम्रो संघीय सत्तालाई एउटा सामान्य गाउँपालिकास्तरको सडक निर्माणको अधिकार पनि आफैंसँग राख्न चाहन्छ । अधिकार हस्तान्तरणमा कन्जुस्याइँ किन गर्दै छ संघले ? प्रदेशलाई अधिकार दिन कन्जुस्याइँ नगर ।

● **विमला कायस्थ**
सानोठिमी, भक्तपुर

महसुल समस्या समाधान गर

अर्बौंको महसुल तिर्न बाँकी रहेको भन्दै विद्युत् प्राधिकरणले केही उद्योगको लाइन काटेपछि उद्योगी र प्राधिकरणबीच जुहारी चलिरहेको छ । उद्योगीहरू भन्दै छन्- हामीले प्रयोग गरेको बिजुलीको महसुल नियमित तिरेका छौं । एक रुपैयाँ बक्यौता छैन । प्राधिकरण भन्दै छ- उद्योगीले प्रिमियम शुल्क तिर्ने सर्तमा बिजुली प्रयोग गरेका छन् । आवश्यक परे प्रमाण पनि दिन्छौं । प्राधिकरण र उद्योगी व्यवसायीबीचको महसुल विवाद छिटो समाधान गर ।

● **बुद्धि परियार**
कपन, काठमाडौं

काण्डैकाण्डले थला पर्ने भयो देश

हिजो राजा-महाराजाले काण्ड मच्चाउँथे, अहिले दलका नेताले काण्ड मच्चाइरहेका छन् । प्रजातन्त्र आएदेखि सुरु भएको दलीय काण्ड आज लोकतान्त्रिक गणतन्त्रमा झनै फैलिएको छ । लाउडा काण्ड, धमिजा काण्ड, ओम्नी काण्ड, बुढीगण्डकी जल विद्युत् आयोजना काण्ड, भुटानी शरणार्थी काण्ड, ललिता निवास काण्ड, सुन काण्ड, अहिले हुँदाहुँदा ऐनसेल काण्ड । यस्ता कैयौं काण्डैकाण्डले थला परेको हाम्रो देश कसले बचाउला अब ? हरेक दलका कोही न कोही नेता कुनै न कुनै काण्डमा मुछिएका छन्, अनि कसले यसको छिनोफानो गर्ने ?

सर्वोच्चका न्यायाधीश, प्रधानन्यायाधीश नेताहरूले नै नियुक्त गरेका मान्छे हुन्छन् । अनि तिनले कसरी तिनै नेताको विपक्षमा फैसला कसले गर्ला र ? हिजोसम्म डा. बाबुराम भट्टराई भन्दै थिए बुढीगण्डकी जलविद्युत् आयोजनामा नौ अर्बको भ्रष्टाचार भएको प्रमाण दिन सकिनँ भने झुन्डिन तयार छु । अहिले फेरि अमेरशकुमार सिंह भन्दै छन् यदि ऐनसेलमा अर्बौंको भ्रष्टाचार भएको प्रमाण दिन सकिनँ भने झुन्डिन तयार छु । के हचुवाका भरमा यस्ता आरोप लगाएका हुन् उनीहरूले ? यदि होइन भने किन छानबिन गरिँदैन ? हरेक घटना बाहिर आएपछि छानबिन आयोग बनाउने ।

आयोगमा आपना मान्छे राख्ने अनि प्रमाण नष्ट पार्ने ? कहिलेसम्म यसरी चल्छ ? कांग्रेसजस्तो पार्टीले भ्रष्टाचारको विषयमा एक शब्द बोलेको छैन, एमालेको त कुरै छाडौं । संसद्मा ज्ञानेन्द्र शाही र अमरेशकुमारबाहेक कसले आवाज उठाएको छ जनताको पक्षमा ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

हरित रूपान्तरणको प्रयत्न

ओद्योगिक क्रान्तियता सबैभन्दा बढी कार्बन-डाइअक्साइड उत्सर्जन गर्ने विश्वका सबैभन्दा उन्नत अर्थतन्त्रले जीवाश्म इन्धनको प्रयोग घटाउनुपर्छ



देश / विदेश

● इम्यान्युअल म्याक्रोँ

युक्रेनमा चलिरहेको युद्ध र गाजामा भइरहेको लडाइँले कार्बन-डाइअक्साइड उत्सर्जन घटाउने, सन् ०५० भित्र कार्बन उत्सर्जनलाई शून्यमा झार्ने, जैविक विविधताको संरक्षण गर्ने, गरिबी एवं असमानताविरुद्धको लडाइँलगायत हाम्रा साझा प्राथमिकतालाई ओझेलमा पार्नुहुँदैन । फ्रान्स यही मान्यतालाई अन्तर्राष्ट्रियस्तरमा पेरिस सम्झौता र 'वन प्लानेट समिट'का माध्यमबाट पालना गरिरहेको छ । हाम्रो मुलुकको रणनीतिको मुख्य उद्देश्य भनेकै पारिस्थितिक रूपान्तरण तथा गरिबीविरुद्धको लडाइँलाई समान प्राथमिकतासाथ अगाडि बढाउनु हो । किनभने कुनै पनि मुलुक आफ्ना जनताको सामाजिक आर्थिक अवस्थालाई बिचल्लीमा पारेर ग्रहलाई बचाउनतर्फ लाग्दैन ।

विश्वका सबैभन्दा उन्नत अर्थतन्त्र, जसले आद्योगिक क्रान्तियता सबैभन्दा बढी कार्बन-डाइअक्साइड उत्सर्जन गर्छन्, तिनले जीवाश्म इन्धनको प्रयोग घटाउनुपर्छ । यदि हामी पेरिस जलवायु सम्झौताको उद्देश्य पूरा गर्न चाहन्छौं भने अनिवार्य रूपमा जीवाश्म इन्धनको प्रयोग घटाउनुपर्छ । यसका लागि सन् ०३० भित्रमा कोइला, सन् ०४५ भित्र तेल र सन् ०५० ग्यासको प्रयोगमा रोक लगाउनुपर्नेछ । जी-७ ले यो लक्ष्य पूरा गर्ने जिम्मेवारी लिनुपर्छ । विश्व इतिहासकै दोस्रो ठूलो उत्सर्जक चीनले पनि यसमा जिम्मेवारी लिनुपर्छ ।

सबैभन्दा पहिला कोइलाले निम्त्याउने जोखिमको सम्बोधन गर्नुपर्छ । अहिले दुई हजार गिगावाटभन्दा बढी विद्युत् उत्पादन कोइलाबाट हुने गर्छ । यसले १.५ डिग्री सेल्सियसको औसत तापमान वृद्धिको सीमा कटाउन पर्याप्त कार्बन उत्सर्जन गर्छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले प्रत्येक वर्ष ९२ गिगावाट घटाउन सुझाब दिइरहेका वेला कोइलाबाट थप पाँच सय गिगावाट विद्युत् उत्पादनको योजना बनिरहेको छ ।

सन् ०३० भित्रमा कोइला हटाउने जिम्मेवारी जी-७ को हो र फ्रान्सले यो काम सन् ०२७ भित्रै फत्ते गर्नेछ । वास्तवमा उदीयमान अर्थतन्त्र कोइलाका सबैभन्दा ठूला ग्राहक हुन् । त्यसकारण यी मुलुकमा हामीले कार्बनविहीन तथा सजिलै व्यवस्थापन गर्न सकिने नविकरणीय तथा आणविक ऊर्जा स्रोतमा लगानी बढाउनुपर्छ । यो लगानी वृद्धिले ठूलो भूमिका खेल्नेछ । हामीले निजी लगानी र व्यापारलाई पनि पेरिस सम्झौतामैत्री बनाउनुपर्छ । जीवाश्म-इन्धनमा हुने लागत अन्यभन्दा बढी हुनुपर्छ । हामीलाई हरित र खैरो ब्याजदरको आवश्यकता छ । त्यसैगरी हामीलाई व्यापार सम्झौतामा जलवायु प्रावधान आवश्यक छ, किनकि हामी एकैपटक अन्तर्राष्ट्रियस्तरका प्रदूषकको व्यापारिक उदारीकरण गर्न र उद्योगलाई हरित वन भनेर उपदेश दिन सक्दैनौं ।

जलवायु परिवर्तनलाई सम्बोधन गर्न र जोखिममा परेका मुलुकलाई सहयोग गर्न हामीले विकास सहायता विस्तार गर्नुपर्छ । यसमा धनी राष्ट्रले कोभिड-१९ महामारीको समयमा झैं अपरम्परागत वित्तीय एवं मौद्रिक नीति अपनाउनुपर्छ, जसले यी मुलुकलाई आ-आफ्नो जलवायु पहलकदमीमा लगानी गर्न र आवश्यक हरित प्रविधिमा पहुँच बढाउन मद्दत गरोस् । सन् ०२१ को पेरिस पहलकदमीयता हामीले कमजोर मुलुकलाई सहायता गर्न अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को विशेष निष्कासन अधिकार (एसडिआर) प्रयोग गर्दै एक खर्ब डलरबराबरको रकम जारी गरेका छौं । हामीले नियम परिवर्तन गर्दै जलवायु पहलकदमी र महामारीको तयारीका लागि २० वर्षका लागि करिब शून्य-ब्याज ऋण प्रवाहको प्रस्ताव गर्दै छौं ।

हामीले यस योजनालाई जारी राख्दै घाटा एवं क्षति कोषको नयाँ खाका बनाइरहेका छौं, जहाँ हामीले जलवायु जोखिमका लागि निजी बिमा संयन्त्र लागू



तस्बिर : एलेक्सिस रोजेनफेल्ड/गेटी इमेजेस

गर्नेछौं । हामीले सबैभन्दा बढी जलवायु प्राभावित राज्यका केही आवश्यकता पूर्ति गर्न बिमा संयन्त्र लागू गर्दै छौं । सन् ०२४ को मध्यमा फ्रान्स र बंगलादेशले जलवायु परिवर्तन अनुकूलन तथा घाटा एवं क्षतिमा सम्झौता गर्दै छन्, जहाँ फ्रान्सेली विकास नियोगले एक अर्ब १० करोड डलरबराबरको लगानी गर्नेछ र आइएमएफले एक अर्ब डलरबराबरको विशेष निष्कासन अधिकारअन्तर्गतको ऋण प्रवाह गर्नेछ ।

बिमा संयन्त्रले प्राथमिकताका रूपमा पानीमा पहुँचसहित भविष्यका अन्य मुख्य चुनौतीका लागि विश्वव्यापी रूपमा शासन संयन्त्रको पहिचानलाई पनि समेटेको छ । यसलाई सम्बोधन गर्न फ्रान्स र कजाकिस्तानले सेप्टेम्बर ०२४ मा राष्ट्रसंघीय महासभामा पानीसम्बन्धी शिखर सम्मेलन आयोजना गर्नेछन् । यसबाहेक हामीले एक 'जैविक-अर्थव्यवस्था'को आधार स्थापित गर्नुपर्छ जसले प्रकृतिक रूपमा क्षतिपूर्ति दिन्छ, अर्थात् कार्बन सोस्ने संयन्त्रका रूपमा प्रकृतिले ठूलो काम गर्छ । कार्बन सोस्ने उष्ण क्षेत्रीय वन भएका मुलुकलाई यी वनको संरक्षण प्रयासका लागि आवश्यक स्रोत उपलब्ध हुनुपर्छ ।

तर, स्वेच्छिक कार्बन बजारमा सुधार आवश्यक छ । हामीलाई स्वेच्छिक कार्बन ऋण आदानप्रदान सञ्चालन गर्न सरकारी र निजी संस्थाका लागि अन्तर्राष्ट्रिय कार्बन र जैविक विविधता आदानप्रदानको आवश्यकता छ । आदानप्रदान गर्ने यो मञ्चले हरितका नाममा गलत कामलाई रोक्न र स्थानीय समुदायलाई उचित क्षतिपूर्ति दिनका लागि कठोर मापदण्ड सुनिश्चित गर्नुपर्छ ।

फ्रान्स र कोस्टारिकाले प्लास्टिक प्रदूषणमा प्रतिबन्ध लगाउन र गहिरो समुद्र एवं समुद्री तटको सुरक्षासहित अन्तर्राष्ट्रिय कानुन अद्यावधिक गर्न जुन ०२५ मा नाइसमा तेस्रो संयुक्त राष्ट्र महासागर सम्मेलन आयोजना गर्नेछन् ।

विश्व अर्थतन्त्रको आकार र जनसंख्यालाई राम्रोसँग प्रतिबिम्बित गर्न विश्व बैंक र आइएमएफको सुधारमा हरित संक्रमणको सफलताले भूमिका खेल्छ । वर्तमान अवस्थामा यी दुवै संस्थामा न्यून रकम छ र समावेशी शासनको अभाव पनि छ, अर्थात् यी संस्थामा उदीयमान र विकासोन्मुख मुलुकको प्रतिनिधित्व कम छ । संवादका लागि समान प्रतिनिधित्व महत्त्वपूर्ण छ । यसकारण उदीयमान मुलुकलाई विश्वव्यापी सार्वजनिक लगानीमा उचित हिस्साको योगदानका लागि 'ब्रेटन वुड्स' शासनको संशोधन आवश्यक छ ।

(म्याक्रोँ फ्रान्सका राष्ट्रपति हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ताइवानको चुनाव प्रभावित बनाउने बेइजिङको अभियान

ताइवानमा सत्तारूढ डिपिपीलाई पुनः निर्वाचित हुन नदिन बेइजिङले बहुआयामिक अभियान चलाइरहेको छ



● फ्रेडरिक केन्टर

केन्टर अलजजिराका स्तम्भकार हुन् ।



निर्वाचन दौरानमा ताइवानमा चिनियाँ गतिविधि बढेको यो पहिलोपटक होइन । २०१८ को स्थानीय चुनाव र २०२० को राष्ट्रपति चुनावमा पनि चीनको हस्तक्षेप प्रयासका विवरण सार्वजनिक भएका थिए ।

ताइवानको एक एनजिओमा कार्यरत सिन्थिया इयुनले फेब्रुअरीमा एक पुस्तक पसलबाट 'इफ चाइना अट्याक्स' नामक पुस्तक किनेकी थिइन् । त्यसको केही समयपछि उनलाई नयाँ नयाँ नम्बरबाट फोन आउन थाल्यो । मे महिनाको मध्यमा उनले तीमध्ये एउटा नम्बरबाट आएको फोन उठाईन् । 'मैले तीनजना फरक व्यक्तिसँग कुरा गरेँ । उनीहरूले ताइवानी भएको बताए पनि ती स्पष्ट रूपमा चिनियाँ थिए,' इयुनले भनिन् । तिनीहरू सो पुस्तक उनले किन किनिन् भन्ने जान्न उत्सुक थिए । उनले आफूलाई गुप्तचरले पछ्याएको अनुमान गरिन् ।

'उनीहरू मलाई त्यो किताबमा अनुपयुक्त र संवेदनशील सामग्री समावेश गरिएको र त्यो प्रोपोगान्डा सामग्री पो थियो की जान्न चाहन्थे,' उनी सम्झन्छिन् । उनीहरूले चीन र ताइवानबीच युद्ध भएमा ताइवानी सेना चिनियाँ सेनासँग तुलना गर्न नसकिने बताएका थिए । युद्धबाट बच्ने सबैभन्दा राम्रो उपाय जनवरी १३ मा हुने राष्ट्रपति र व्यवस्थापिकाको चुनावमा सत्तारुढ डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी (डिपिपी) को सट्टा विपक्षी पार्टी कुओमिन्ताङ (केएमटी)लाई भोट दिनु हो भनेर इयुनलाई भनिएको थियो । बेइजिङले ताइवानलाई चीनको हिस्सा मान्छ । उसले स्वशासित लोकतान्त्रिक टापुलाई आफ्नो नियन्त्रणमा ल्याउने आफ्नो लक्ष्य हासिल गर्न बल प्रयोग गर्ने विषयलाई अस्वीकार गरेको छैन । केएमटीले ताइवान र चीनबीचको मैत्रीपूर्ण सम्बन्ध चाहन्छ भने बेइजिङले डिपिपीसँग वार्तामा संलग्न हुन अस्वीकार गरेको छ । डिपिपीलाई सत्तारुढ चिनियाँ कम्युनिस्ट पार्टी (सिसिपी) ले 'पृथक्तावादी' भएको आरोप लगाउँदै आएको छ । डिपिपीले त्यस्ता आरोप अस्वीकार गर्छ । ताइवानका जनतालाई आफ्नो नेता र आफ्नो भविष्य छनोट गर्ने अधिकार रहेको डिपिपीले बताउँदै आएको छ ।

इयुनलाई फोन हास्यास्पद लाग्यो, तर यसले उनलाई चिन्तित पनि बनायो । किनकि फोन गर्नेहरू उनका बारेमा धेरै व्यक्तिगत जानकारी संकलन गर्न सक्षम थिए । 'सिसिपीबाट मलाई एक सन्देश दिन खोजेका थिए । तिनले म को हो भन्ने थाहा भएको चीनविरुद्ध छु भन्ने थाहा भएको बताए ,' इयुनले भनिन्, 'त्यो एकदम डरलाग्दो कुरा हो ।'

ताइवानबारे चिनियाँ अडान : ताइवानको चुनावमा चीनले सक्रिय अडान लिइरहेको छ भन्ने विषयलाई बेइजिङले गोप्य राखेको छैन । चिनियाँ अधिकारीले आगामी चुनावलाई 'शान्ति र युद्धबीचको छनोट' भनेका छन् (जुन नारालाई केएमटीले प्रयोग गरेको छ) । ताइवानका जनतालाई 'सही छनोट' गर्न आग्रह गरेका छन् । बेइजिङको ताइवान मामिला कार्यालयका प्रमुख सोङ ताओ र केएमटीका उपाध्यक्ष हसिया ली यानबीच फेब्रुअरीमा चीनमा भएको बैठकमा ताओले चीन केएमटीसँग घनिष्ट सम्बन्ध स्थापना गर्न इच्छुक रहेको बताए ।

यसैबीच, सिसिपीले सन् २०१६ मा पहिलोपटक निर्वाचित भएदेखि वर्तमान राष्ट्रपति साई इङ-वेनको डिपिपी सरकारसँग वार्तामा बस्न अस्वीकार गरेको छ । यसको सट्टा बेइजिङले स्थानीय ताइवानी नेता र अधिकारीसँग प्रत्यक्ष संलग्न हुन ताइवान सरकारलाई 'बाइपास' गरेको छ । यस वर्षको सुरुमा चिनियाँ अधिकारीले ताइवानी स्याउको आयात प्रतिबन्धबाट दक्षिणपूर्वी ताइवान काउन्टीलाई छुट दिए । काउन्टीका एक केएमटी आयुक्तले दुईपटक चीनको भ्रमण गरेपछि यो छुट आएको हो ।

एक हजारभन्दा बढी ताइवानी नेताहरू पछिल्लो समय चीन गएका छन्, जुन यसअघिको राष्ट्रिय चुनावमा भन्दा धेरै हो । हालै, ताइवानभरका जिल्ला अभियोजकको कार्यालयले यी सबैँ विषयमा अनुसन्धान सुरु गरेका छन्, किनभने बेइजिङले यी यात्राको खर्च आंशिक वा पूर्ण रूपमा व्यहोरेका प्रमाण देखाएका छन् ।

प्रमुख सार्वजनिक व्यक्तित्वहरू पनि चुनावको मुखमा कथित चिनियाँ गतिविधिको निसाना बनेका छन् । अक्टोबरमा चीनको सरकारी सञ्चारमाध्यम 'ग्लोबल टाइम्स'ले रिपोर्ट गर्दै लगेको थियो- चिनियाँ अधिकारीले ताइवानको विशाल प्रविधि 'फक्सकन'को चीनभित्रको गतिविधिमा राजस्व अनुसन्धान सुरु गरेका छन् । फक्सकनले चीनमा बनेका उत्पादनबाट करिब ७० प्रतिशत राजस्व उठाउँछ ।

यो घोषणा अर्बपति तथा र फक्सकनका पूर्वसिइओ टेरी गाउले राष्ट्रपतिमा स्वतन्त्र उम्मेदवार दिने घोषणा गरेको दुई महिनापछि आयो । कर अनुसन्धान सार्वजनिक भएपछि टेरीले धेरै अभियान कार्यक्रम रद्द गरे र केही हप्तापछि दौडबाट बाहिरिएको घोषणा गरे । अक्टोबरमा पनि चिनियाँ अधिकारीले 'चीनविरुद्ध ताइवानको व्यापार अवरोध'मा अनुसन्धानलाई जनवरी १२ सम्म विस्तार गरे (चुनावको अघिल्लो दिनसम्म) । चीन र ताइवानबीचको राजनीतिक सम्बन्धबारे अनुसन्धान गर्ने ताइपेईको सूचो विश्वविद्यालयका सहायक प्राध्यापक फाङ-यू चेनका अनुसार चुनावको सम्मुखमा भएका यस्ता निर्णय संयोग होइनन् । 'यो अराजकता सिर्जना गर्ने, अविश्वास जगाउने र वर्तमान डिपिपी सरकारप्रति असन्तुष्टि फैलाउने संगठित चिनियाँ प्रयासको अंश हो,' चेनले भने ।

अनलाइन अभियान : निर्वाचनको दौरानमा ताइवानमा चीनको बढ्दो गतिविधिको रिपोर्ट सार्वजनिक भएको यो पहिलोपटक होइन । सन् २०१८ को स्थानीय चुनाव र सन् ०२० को राष्ट्रपति चुनावमा पनि हस्तक्षेपको प्रयासका विवरण सार्वजनिक भएका थिए ।

अघिल्लो चुनावमा जस्तै यसपटक पनि साइबर आक्रमण र भ्रमपूर्ण सूचना अभियान भएका छन् । गुगलले डिसेम्बरको सुरुमा विगत ६ महिनामा ताइवानको रक्षा क्षेत्र, निजी उद्योग र सरकारलक्षित चिनियाँ साइबर आक्रमणमा ठूलो वृद्धि भएको चेतावनी दिएको थियो ।

डिसेम्बरको सुरुमा प्रसारित गरिएको फ्रान्सेली वृत्तचित्रअनुसार ताइवानी प्रयोगकर्तामाझ विकृति फैलाउन टिकटक प्रयोग गरिएको घटना पनि भएका छन् । प्रयोगकर्ताका गतिविधि पनि निगरानी भइरहेका छन् ।

एइ-मेन लाउ ताइवानस्थित संगठन डबलथिंक ल्याबका एक अनुसन्धान विश्लेषक हुन् । संगठनले हानिकारक चिनियाँ प्रभाव सञ्चालन र विकृति अभियान साथै तिनीहरूको प्रभावलाई ट्र्याक गर्छ ।

धेरै हेरफेर सामग्री वा विकृतिलाई सीधा चीनमा पहिचान गर्न गाह्रो हुन सक्ने लाउ बताउँछिन् । 'केही संदिग्ध अकाउन्ट केवल चिनियाँ कार्यालय र खाजा खाने समयमा मात्र सञ्चालन हुन्छन् र तिनीहरूले शुद्ध मिडिया सामग्री दिनमा दुई सयपटकभन्दा बढी पोस्ट गर्नेछन्,' उनले भनिन् ।

लाउका अनुसार चिनियाँ विकृत सूचना रणनीतिहरू पनि विकसित भएका छन् । 'हामीले पिआरसीले आफ्ना सन्देश प्रस्ट सञ्चार गर्नका लागि पत्रकार, स्थानीय सहयोगी र सोसल मिडिया प्रभावकर्ताजस्ता ताइवानी आवाज प्रयोग गरिरहेको देखिरहेका छौं,' उनले भनिन् ।

समन्वित प्रयास : अधिक गोप्य प्रकृतिको बाबजुद ताइवानमा निर्देशित हस्तक्षेप गतिविधिलाई शीर्ष कम्युनिस्ट पार्टीका नेताहरूले समन्वय गरेका ताइवानी खुफियाले हालै जनाएको छ । गुप्तचरहरूका अनुसार सिसिपीका चौथो स्थानका नेता वाङ हुनिङले डिसेम्बरको सुरुमा ताइवानमा चुनावलाई लक्षित गरी विभिन्न प्रयासको प्रभावकारिता सुनिश्चित गर्न केही मन्त्रालय र एजेन्सीबीच बैठक गरेका थिए ।

- अलजजिराबाट

इतिहासमा आज



सन् २०१९ : ३१ डिसेम्बरमा चीनको वुहानमा भाइरल निमोनियाजस्तै ज्वरो देखिएको थियो, जसलाई केही दिनपछि विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले कोभिड-१९ नाम दियो । कोभिडका कारण अहिलेसम्म विश्वमा लाखौंको ज्यान गएको छ ।

सन् १९४४ : हंगेरीद्वारा जर्मनीविरुद्ध युद्धको घोषणा ।

सन् १९७७ : क्याम्बोडियाले भियतनामसँग औपचारिक रूपमा सम्बन्ध तोडेको घोषणा गऱ्यो ।

सन् १९८३ : नाइजेरियामा कु । आजकै दिन सेनाले कुमार्फत तत्कालीन सरकार प्रमुख सिहु सागरी नेतृत्वको नागरिक सरकारलाई अपदस्थ गरी मेजर जनरल मुहमद बुहारीलाई राष्ट्रपतिमा नियुक्त गऱ्यो ।

१९९९ : अमेरिकाले पानामा नहर पानामालाई हस्तान्तरण गऱ्यो । लामो समयदेखि आफ्नो नियन्त्रणमा रहेको सो नहरलाई सन् १९९९ मा अमेरिकाले औपचारिक रूपमा पानामालाई हस्तान्तरण गरेको थियो ।

सन् १९९९ : बोरिस यल्सिनले रुसको राष्ट्रपतिबाट राजीनामा दिए र प्रधानमन्त्री भ्लादिमिर पुटिन कार्यवाहक राष्ट्रपति बने । अर्को वर्ष पुटिन राष्ट्रपतिमा निर्वाचित भए ।

सन् २००९ : आजकै दिन सौर्यमण्डलमा एउटा दुर्लभ घटना भएको थियो । सो दिन ब्लु मुन र चन्द्रग्रहण एकै दिन परेको थियो । सौर्यमण्डलमा अब यस्तै दुर्लभ क्षण सन् ०२८ को नयाँ वर्षको पूर्वसन्ध्यामा देख्न पाइनेछ ।

विश्व संक्षेप

रुसले युक्रेनमा गऱ्यो अहिलेसम्मकै ठूलो क्षेप्यास्त्र हमला

मस्को/ रुसले युक्रेनमाथि अहिलेसम्मकै सबैभन्दा ठूलो क्षेप्यास्त्र हमला गरेको छ । हमलामा कम्तीमा ३० जनाको मृत्यु हुनुका साथै सयौँ घाइते भएका छन् । हमलामा ब्यारेज, विद्यालय, प्रसूति गृह, व्यापारिक केन्द्र र आवासीय भवनमा क्षति पुगेको युक्रेनी अधिकारीले बताएका छन् । सन् ०२२ को फेब्रुअरीको अन्त्यदेखि रुसी सेनामाथि आक्रमण गरिरहेको युक्रेनलाई रुसी क्षेप्यास्त्रले पोल्यान्डको हवाई क्षेत्र पार गरेको थियो र त्यसको अन्तर्राष्ट्रिय निन्दा भएको थियो । हमलापछि युक्रेनको सुरक्षाका लागि सैन्य सहयोगको नयाँ प्रतिबद्धता व्यक्त गरिएको थियो ।

राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले भने, 'आज रुसले हामीसँग आफ्नो शस्त्रागारमा भएका लगभग सबै कुराबाट प्रहार गरेको छ ।' रुसले युक्रेनमा १५८ वटा क्षेप्यास्त्र र ड्रोन प्रहार गरेको युक्रेनको सेनाले अनुमान गरेको छ । वायु सेनाका प्रवक्ता युरी इग्नाटले भने, 'यो क्षेप्यास्त्र प्रयोगको दृष्टिकोणले अहिलेसम्मकै उच्च संख्या र एकैपटक धेरैतिर गरिएका सबैभन्दा ठूलोमध्येको क्षेप्यास्त्र आक्रमण' हो । रुसले युक्रेनको हवाई प्रतिरक्षा प्रणालीलाई अधिकांश प्रमुख सहरमा ध्वस्त पार्ने प्रयास गरेको छ । युद्धक विमान र रुसी-नियन्त्रित क्षेत्रबाट विभिन्न प्रकारका मिसाइल प्रहार गरिएको छ ।

शीतलहरको चपेटामा उत्तरी भारत

नयाँदिल्ली/ उत्तर भारत शीतलहरको चपेटामा परेको छ । भारतको मौसम विज्ञान विभाग (आइएमडी) ले उक्त जानकारी दिएको हो । शनिबार बिहान दिल्ली, राजस्थान, पन्जाब र मध्यप्रदेशलगायत क्षेत्रको तापक्रम ७-१० डिग्री सेल्सियसबीच रहेको छ । कडा चिसोले उत्तर भारतको अधिकांश भूभाग प्रभावित छ । बाक्लो कुहिरोले ती क्षेत्रका सहर ढाकेको छ ।

चिसो र शीतलहरपछि स्थानीय बासिन्दा न्यानोका लागि आगोको वरिपरि झुम्मिरहेको देखिन्छ । उत्तर प्रदेशको प्रयागराज, जयपुर, लखनउलगायत सहर शीतलहरसँगै बाक्लो कुहिरोले ढाकेको छ । पन्जाब, हरियाणा, दिल्ली, उत्तर प्रदेश, बिहार, उत्तर राजस्थानलगायत क्षेत्रमा बिहानी समयमा बाक्लो कुहिरोले ढाकेको छ । बाक्लो कुहिरोका कारण यात्रुले पनि कठिनाइको सामना गर्नुपरेको छ । धेरै उडान तथा रेल कम दृश्यताका कारण ढिलो र परिवर्तन भएका छन् ।

सुडानमा मानवीय सहयोग आवश्यक : डब्लुएचओ

खार्तुम/ विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले सुडानमा गहिरिँदो स्वास्थ्य र मानवीय संकटसँग जुध्नका लागि तत्काल कदम चाल्न आह्वान गर्दै अन्तर्राष्ट्रिय समुदायलाई आर्थिक सहयोग बढाउन आग्रह गरेको छ । विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयेसले युद्धबाट प्रभावित सुडानी क्षेत्रका अधिकांश स्वास्थ्य संस्थाले युद्धका कारण काम गर्न नसकेको बताए । गत अप्रिल १५ देखि सुडानका सेना प्रमुख अब्देल फतह अल बुरहानले आफ्ना पूर्वसहयोगी रहेका अर्धसैनिक च्यापिड सपोर्ट फोर्सेजका कमान्डर मोहम्मद हमदान डग्लोसँग सशस्त्र रूपमा लडिरहेका छन् । सुडानको राजधानी खार्तुमको दक्षिणमा रहेको अल-जजिरा राज्यमा भएको द्वन्द्वपछि पाँच लाखभन्दा बढी मानिसले शरण लिएका थिए ।

पश्चिमको ध्यान गाजामा भन्दा हुथी आक्रमणमा किन ?

यमनको विद्रोही समूह हुथीले लाल सागरका व्यापारिक ढुवानीमा आक्रमण गरेदेखि यस क्षेत्रमा जहाजको आवागमन प्रभावित छ



● बेसिल जर्मन्ड

लेखक ल्यानकास्टर विश्वविद्यालयअन्तर्गतको राजनीति, दर्शन र धर्म विभागको अन्तर्राष्ट्रिय सुरक्षा विषयका प्राध्यापक हुन् ।



इजरायलले गाजामा आक्रमण सुरु गरेदेखि नै लाल सागर हुँदै आवागमन गर्ने व्यापारिक जहाजलाई यमनका हुथी विद्रोहीले निसाना बनाए । यसले विश्व व्यापारमै असर पर्ने भएपछि अमेरिकाले युरोपेली मुलुकसँग गठबन्धन नै बनाएर जहाजको सुरक्षाका लागि विशेष अभियान सञ्चालन गरेको छ । पेन्टागनले हुथी विद्रोहीलाई तर्साउन ड्वाइट डी आइसेनहोवर युद्धपोत यमनको तटनजिक लगिसकेको छ । जहाजमाथिको आक्रमण नरोकिए अमेरिकाले हुथीका केन्द्रमा मिसाइल आक्रमणदेखि विभिन्न विकल्पमा विचार गरिरहेको बताएको छ । गाजा युद्धको अप्रत्यक्ष प्रभाव मानिने यस घटनाले आखिर अमेरिकाको ध्यानाकर्षण गऱ्यो ।

इरानको समर्थन पाइरहेको यमनको विद्रोही समूह हुथीले नोभेम्बरदेखि लाल सागरका व्यापारिक ढुवानीमा आक्रमण गरेदेखि नै यस क्षेत्रमा जहाजको आवागमन प्रभावित हुन थालेको हो । उच्च जोखिमका माझ केही ढुवानी कम्पनीले यो मार्गलाई बाइपास गर्ने वा सेवा अस्थायी कालका लागि अवरुद्ध गर्न बाध्य भएका थिए । आक्रमण लाल सागरका ढुवानीमा केन्द्रित भए पनि यसको आर्थिक र भूराजनीतिक प्रभाव यमनको तटभन्दा धेरै परसम्म महसुस हुन थाल्यो ।

विश्व अर्थतन्त्र विश्वव्यापी समुद्री आपूर्ति शृंखलामा अत्यधिक निर्भर छ । यसलाई तथ्यांकले नै पुष्टि गर्छ । अन्तर्राष्ट्रिय व्यापारको लगभग ८० प्रतिशत हिस्सा समुद्री ढुवानीमार्फत हुन्छ । केही देशका लागि यो अंक थप उच्च छ । जस्तो बेलायतको कुल अन्तर्राष्ट्रिय व्यापारको ९५ प्रतिशत अंश समुद्रबाट हुन्छ । मोबाइल फोनदेखि कपडासम्म र कफीदेखि चिनीसम्म हामीले प्रयोग गर्ने उपभोग्य वस्तु र दैनिक रूपमा उपभोग गर्ने खानेकुराहरू कम्तीमा केही हदसम्म समुद्री बाटो हुँदै हामीसम्म आइपुगेको हुन्छ ।

नाजुक विश्व आपूर्ति शृंखला : विश्वव्यापी समुद्री आपूर्ति शृंखलामा अवरोध पुऱ्याउन धेरै ठूलो घटना हुनुपर्दैन । उदाहरणका लागि सन् २०२१ मा स्वेज नहरमा एक विशाल कन्टेनर जहाज ६ दिनसम्म अड्किने कारण बनेको एउटा सामान्य दुर्घटना वा कोभिड महामारीका वेला चिनियाँ बन्दरगाहमा देखिएको कामदारको अभावले सामुद्रिक आपूर्ति शृंखला प्रभावित भयो । विश्वको एक कुनामा घटेका ती दुई घटना वैश्विक अर्थतन्त्रलाई नकारात्मक असर गर्न पर्याप्त भयो । समुद्री मार्गका विभिन्न स्थानमा डाकु वा आतंकवादीको आक्रमणको सम्भावनाले साधारण ढुवानीभन्दा बृहत्तर प्रभाव पार्ने गर्छ ।

व्यापारिक जहाज ढुवानीमा आक्रमण भएपछि प्रत्यक्ष रूपमा बिमा प्रिमियमको मूल्य बढ्छ । यसले गर्दा जहाजको सुरक्षा चुनौती सीधा वित्तीय खर्च वृद्धिमा पर्छ । त्यसपछि निश्चित क्षेत्रहरूमार्फत जहाजहरू आवतजावत गर्न छाड्छन् । यसले व्यापारिक सामुद्रिक आवागमन पनि भूराजनीतिबाट अछुतो नरहेको देखाउँछ । उच्च बिमा किस्ता वा जहाजको पथान्तरण लागत अन्ततः उपभोग्य सामग्रीको मूल्यमा गएर जोडिन्छ ।

पूर्वी र पश्चिमी अफ्रिकाको समुद्री नजिकका समुद्र क्षेत्र दशकौँदेखि डकैतीबाट प्रभावित हुँदै आएको छ । हिजोआज धेरै कम्पनीले सो समुद्री मार्ग हुँदै ढुवानी गर्दैनन् । राज्यले समुद्री डाकुलाई रोक्न र लड्न पर्याप्त स्रोत लगाइसकेका छन् । सरकारले समुद्रमा (ढुवानी मार्गमा विशेष नौसैनिक टास्क फोर्सलाई परिचालन गर्ने) र जमिनमा समुद्री डकैती बढ्ने अन्तर्निहित सामाजिक-आर्थिक कारणलाई सम्बोधन गर्न स्रोत लगाउँछन् ।

आतंकवादी संगठनलगायत राजनीतिक रूपमा प्रेरित विद्रोही समूहले फरक प्रकारको खतरा निम्त्याउँछन् । तिनको प्राथमिक उद्देश्य पैसा कमाउनु नभएर संगठनको प्रभाव बढाउनु र आफ्ना माग पूरा गराउन क्षेत्रीय वा वैश्विक राजनीतिक शक्तिमाथि दबाब सिर्जना गर्ने हुन्छ । यसका लागि तिनले त्यस्ता क्षेत्रलाई आक्रमणका लागि चुन्छन्, जसले जोखिम वा जोखिमको भावनालाई उच्च बनाउँछ । यस्तोमा विश्वभर प्रभाव देखिने नाजुक सामुद्रिक आपूर्ति शृंखलामाथिको आक्रमण तिनको निसानामा पर्नु स्वाभाविक हो ।

> अन्तर्राष्ट्रिय व्यापारको लगभग ८० प्रतिशत हिस्सा समुद्री ढुवानीमार्फत हुन्छ, यसैले लाल सागरका ढुवानी रुटमा आक्रमण हुँदा त्यसको आर्थिक र भूराजनीतिक प्रभाव यमनको तटभन्दा धेरै परसम्म महसुस हुन थाल्यो

सीमित विकल्प : हुथी राजनीतिक रूपमा प्रेरित समूह हो । उसले लाल सागरका ढुवानीमाथि आक्रमण गरेर गाजाको युद्धमा प्रभाव पार्ने (प्यालेस्टिनीहरूका लागि इजरायली युद्ध विराम वा युद्ध अन्त्य) लक्ष्य राखेको छ । हुथीको मुख्यालय लाल सागरको व्यस्त समुद्री लेननजिक हुँदा उसलाई व्यावसायिक ढुवानीमा आक्रमण गर्ने र दबाब सिर्जना गर्ने अवसर आएको हो । ठूला ढुवानी कम्पनी तथा सञ्चालक, मयस्कदेखि बिपीसम्मले लाल सागरमा हुने तिनको व्यापारलाई रोक्नुले तिनको प्रभाव झल्किन्छ । यी आक्रमणले विश्वभर तेलको मूल्य बढ्ने प्रक्षेपण गरिएको छ । फलस्वरूप, हुथीहरूको आक्रमणको तरंग लाल सागरभन्दा पर वैश्विक अर्थतन्त्रमै परेको हो । यी खतरासामु तिनलाई सम्बोधन गर्ने विकल्प भने सीमित छन् ।

राजनीतिक रूपमा प्रेरित समूहलाई रोक्न कठिन हुन्छ, किनभने तिनीहरू आफ्नो लक्ष्यका लागि मर्न-मार्न तयार हुने गर्छन् । तिनलाई डाकुहरूलाई जस्तो फिरौती रकमले चित्त बुझाउन सकिँदैन । उनीहरूले अधिक दबाब निर्माणका लागि जहाज नष्ट गर्नेसम्मका प्रयास गरिरहेका छन् । यस्तोमा जहाज सुरक्षाका लागि वाहनमै निजी सुरक्षा कम्पनीका गार्ड राख्ने क्रियाले न्यूनतम वा कुनै प्रभाव पार्नेछैन ।

सैन्य प्रतिक्रिया : अन्य विकल्पमार्फत हुथीहरूलाई व्यावसायिक ढुवानी जहाजमा आक्रमण गर्नबाट रोक्न असफल भएपछि लाल सागरमा गस्ती गर्न नौसेनाको उपस्थिति बढाउन थालिएको हो । तर, यसमा राजनीतिक जोखिम नभएको होइन । यस भेगको थप सैन्यकरणलाई देखाएर हुथी र अन्य समूहले यमन र सम्पूर्ण मध्यपूर्वको भूराजनीतिक स्थितिलाई भड्काउन प्रयोग गर्न सक्छन् । (उसै पनि यमन २०१४ देखि गृहयुद्धमा फसेको छ ।)

यस्तो पृष्ठभूमिबीच अमेरिकाले बेलायतको समेत नौसैनिक जत्थाको साथ लिएर 'अप्रेसन प्रोस्पेरिटी गार्जियन' नामक अन्तर्राष्ट्रिय नौसेना टास्क फोर्स गठन गरेको छ । तर, ढुवानी जहाजको संख्या धेरै र तिनको सुरक्षाका लागि खटाइने युद्धपोत सीमित रहेकाले ठूलो क्षेत्रमा एकैपटक सुरक्षित हुन सम्भव छैन । लाल सागरबाट यमननजिकै भएकाले क्षेप्यास्त्र आइरहेको पूर्वचेतावनी दिने प्रविधिले काम गर्न सक्दैन । यी सीमितताले सबै आक्रमणबाट सफलतापूर्वक रोक्न र क्षतिलाई शून्यमा झार्न गाह्रो छ । यसका बाबजुद यस्ता कारबाहीको प्रतीकात्मक मूल्य बढी हुन्छ ।

यस टास्क फोर्सको सफलताको मूल्यांकन पहिलेदेखि नै अशान्त यस क्षेत्रमा सैन्य मुठभेड वृद्धिको जोखिम नबढाई बिमाकर्ता, जहाज सञ्चालक र विश्व बजारलाई ढुवानी मार्ग सुरक्षित छ भनी आश्वस्त पार्न सक्ने क्षमताको आधारमा गरिनेछ ।

- द कन्भर्सेसनबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार १५ पुस ०८०

चिनीको कृत्रिम अभाव देखाएर मूल्यमा निरन्तर ठगी

उखुको समर्थन मूल्य तोकिएसँगै अब उत्पादनका आधारमा चिनीको मूल्य निर्धारण गर्छौं : उद्योग मन्त्रालय

भोजराज भण्डारी/नयाँ पत्रिका

बजारमा चिनी अभाव हुन थालेको करिब चार महिना बितिसक्दा पनि आपूर्तिमा सहजता आएको छैन । व्यवसायीहरूले गरेको कृत्रिम मूल्यवृद्धिले उपभोक्ता मारमा परेका छन् ।

चाडपर्वको समयभन्दा अहिले बजारमा चिनीको माग कम भएकाले आपूर्तिमा सहजता बढे पनि मूल्य भने घटेको छैन । सरकारले पनि कृत्रिम मूल्यवृद्धि नियन्त्रण गर्न चासो दिएको छैन । चार महिनाअघि ८५ रुपैयाँ प्रतिकिलो रहेको चिनीको बजारमूल्य अहिले एक सय ३० देखि एक सय ४० रुपैयाँसम्म पुगेको छ ।

मुलुकमा उत्पादन भएको चिनी सकिएपछि व्यवसायी र सरकारी निकायले समयमै आयातको पहल नगर्दा गत दसैं-तिहारको नजिक चिनीको हाकाकार भएको थियो । भदौसम्म सहजै पाउँदै आएको चिनी भारतले निर्यातमा प्रतिबन्ध लगाउँदा नेपालमा समेत आपूर्तिमा असर परेको थियो ।

त्यसपछि सरकारले चिनी आपूर्ति सहज बनाउन कोकाकोला, पेप्सीलगायतका उद्योगसँग मौज्दात रहेको चिनी बजारमा बिक्रीका लागि ल्याएको थियो । यसरी मागको तुलनामा न्यून परिमाण रहेको चिनीको बिक्री मूल्य सरकारले नै एक सय १५ रुपैयाँ प्रतिकिलो हुने भनी निर्धारण गरेको थियो ।

तर, खुद्रा व्यापारीले पनि विभिन्न ढुवानी खर्च, सटर भाडा, आफ्नो परिश्रमलगायतका खर्च जोडेर उपभोक्तालाई किलोमै एक सय ४५ रुपैयाँसम्ममा बिक्री गरेका थिए । अहिले चिनीको खासै अभाव नभए पनि खुद्रा पसलमा प्रतिकिलो औसत एक सय २५ रुपैयाँसम्म मूल्य रहेको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता गजेन्द्र ठाकुरले उखुको समर्थन मूल्यअनुसार अहिले बजारमा कायम भएको चिनीको मूल्य निर्धारण हुनुपर्ने बताए । उनले भने,'उखुको समर्थन मूल्य तोकिएको छ, अब उत्पादनको आधारमा चिनीको मूल्य निर्धारण गर्ने तयारीमा छौं ।'

विगतमा सरकारले नै निर्णय गरी बढाएको चिनीको मूल्य अहिले तुलनात्मक रूपमा सहज भएका वेला पनि सरकारी हस्तक्षेप गरेर मूल्य घटाउनुपर्ने उपभोक्ता अधिकारकर्मीको भनाइ छ । उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले चिनीमा उपभोक्ता ठगिनुमा सरकारको उच्च तहमा बसेका सबैको हात रहेको बताए । उनले भने, 'सरकारमा बसेको निकायबाटै नियोजित रूपमै चिनीको मूल्य बढाइयो, यस विषयमा गम्भीर छानबिन गर्ने हो भने चिनीमा ठूलो आर्थिक चलखेल गरिएको छ ।'

अर्का उपभोक्तावादी ज्योति बानियाँले चिनीको मूल्य घटाउन अहिलेको नियामक निकाय नै गम्भीर नभएको बताए । 'हिजोको दिनमा बढाएको मूल्य सहज भएपछि घटाउन किन हतारो छैन यसमा राजनीतिकमै व्यापारीलाई पोस्ने स्वार्थ छ भन्ने बुझिन्छ,' बाँनियाले भने ।

बजार अनुगमनको जिम्मा पाएको निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक तीर्थराज चलाउनेले विगतमा मूल्य बढाउनभन्दा पनि त्यतिवेला भएको असहजतालाई सहज बनाउन भूमिका मात्र खेलेको बताए । उनले भने, 'त्यतिवेला खुद्रा व्यापारीमा चिनीको लागत मूल्यका आधारमा दुई रुपैयाँ नाफा राखेर बेच्नु भनेका हौं मूल्य बढाउन भूमिका खेलेको होइन ।'त्यतिवेला बढाएको मूल्य अहिले चिनी सहज बन्दा घटाउन किन हतार नभएको भन्ने प्रश्नमा महानिर्देशक चलाउने भने, 'हामीले यस विषयमा नयाँ उखुको उत्पादनको लागत आएपछि मात्र मूल्यको अनुगमनलाई अघि बढाउँछौं ।'

■ १५ लाख मेट्रिकटन उखु क्रसिङ



सर्लाहीको इन्दुशंकर चिनी उद्योगमा यस सिजनको उखु क्रसिङ गर्नुअघि गरिने डोगा पूजाको तयारी गरिँदै । फाइल तस्बिर

हालसम्म १५ लाख मेट्रिकटनभन्दा बढी उखु क्रसिङ भएको छ । उखु कृषक महासंघका अनुसार पुरानै मूल्यमा तीनवटा चिनी उद्योग मिलले पाँच लाखभन्दा बढी उखु क्रसिङ गरेको र सरकारले समर्थन मूल्य तोकेपछि अरू ६ चिनी मिलले १० लाख क्रसिङ गरेका छन् । बागमती सुगर मिल, बाबा बैजनाथ सुगर मिल र सर्लाहीको महालक्ष्मी सुगर मिलले पुरानै मूल्यअनुसार क्रसिङ गरेका हुन् । तर, सरकारले समर्थन मूल्य तोक्नुअगावै समर्थन मूल्यमा क्रसिङ थालिएका किसानले पछि समर्थन मूल्यअनुसारकै रकम पाउने नेपाल उखु किसान महासंघका अध्यक्ष कपिलमणि मैनालीले बताए । एभरेस्ट सुगर मिल, रिलायन्स सुगर मिल, विराटनगरको इस्टन सुगर मिल त्यस्तै कञ्चनपुरको महाँकाल सुगर मिल, इन्दु शंकर सुगरमिल र भागेश्वरी सुगर मिलले गरी १० लाख मेट्रिकटन क्रसिङ भइरहेको मैनालीको भनाइ छ । अध्यक्ष मैनालीले यस वर्ष गत वर्षको तुलनामा उखुको उत्पादन घट्ने बताए । लागतदर बढ्दै गएको र समर्थन मूल्य नपाउने हुँदा उत्पादन घट्न सक्ने बताए ।

उखु क्रसिङ भएसँगै बजारमा नयाँ चिनी आउन थालेको छ । नयाँ चिनी बजारमा आए पनि उपभोक्ताका लागि भने मूल्य घटेको छैन । सरकारले उखुको समर्थन मूल्य तोकेपछि उत्पादनका आधारमा चिनीको मूल्य घटाउनुपर्ने हुन्छ, तर हालसम्म पनि आधाभन्दा बढी उखु क्रसिङ भइसक्दा पनि चिनीको मूल्य घटेको छैन ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कतार पुगेपछि खोसिन्छ नेपाली श्रमिकको पासपोर्ट

८८ प्रतिशत श्रमिक पुनः जान चाहन्छन्

मुना कुँवर/नयाँ पत्रिका

वैदेशिक रोजगारीका लागि कतार जाने नेपाली श्रमिकको पासपोर्ट रोजगारदाताले खोस्ने गरेको एक अध्ययनले देखाएको छ । अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ (आईटियुसी)ले कतारमा गरेको अध्ययनले कतारमा काम गरिरहेका नेपाली श्रमिकमध्ये ४९ प्रतिशतको पासपोर्ट कम्पनीले जफत गरेको पाइएको हो ।

आइटियुसीले मंगलबार सार्वजनिक गरेको अध्ययनमा कतारमा कार्यरत तीन सय ४५ जना नेपाली श्रमिक सहभागी भएका थिए । कतारका रोजगारदाताले श्रम कानुनविपरीत गएर श्रमिकको कागजपत्र खोस्ने गरेको श्रमिकले बताएका छन् । तुलनात्मक रूपमा अहिलेको अवस्थामा सुधार भएको अध्ययनमा उल्लेख छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले यसलाई जबर्जस्तीको श्रम भनेको छ ।

यसअघि कतारमा काफला सिस्टम थियो । यो सिस्टमअनुसार कतार गएका नेपाली श्रमिकले रोजगारदाताको अनुमतिविना अन्यत्र काम गर्न पाउँदैनथे । रोजगारदाताको अनुमतिविना स्वदेश पनि फर्कन पाउँदैनन् । यो व्यवस्थाले आप्रवासी श्रमिक बँधुवाजस्तै भएका थिए । रोजगारदाताको अनुमतिविना अन्यत्र गएमा कारबाही हुने भएकाले जस्तोसुकै अवस्थामा पनि श्रमिकहरू सोही कम्पनीमा काम गर्न बाध्य हुन्थे । तर, अहिले कतारले यो व्यवस्थालाई हटाएको छ । उचित कारण भएमा श्रमिकहरू एक कम्पनी छाडेर अन्य कम्पनीमा पनि काम गर्न जान पाउने व्यवस्था गरिएको छ ।

९९ प्रतिशतले भुक्तानी गर्छन् भर्ना शुल्क

वैदेशिक रोजगारीका लागि कतार जाने नेपाली श्रमिकमध्ये ९९ प्रतिशतले सेवा शुल्क भुक्तानी गर्ने गरेको पाइएको छ । आइटियुसीले गरेको अध्ययनमा सहभागी भएका श्रमिकमध्ये अधिकांशले म्यानपावर एजेन्सीलाई भर्ना शुल्क भुक्तानी गरेर नै कतार पुगेको बताएका थिए । १ प्रतिशत श्रमिकले मात्रै कुनै पनि शुल्क भुक्तानी नगरी कतार रोजगारीमा पुगेको बताएका थिए ।

श्रम मन्त्रालयले ०७२ सालमा नै निःशुल्क भिसा र निःशुल्क टिकटको व्यवस्था गरेको थियो । म्यानपावर व्यवसायीले भर्ना शुल्कबापत जम्मा १० हजार लिन सक्ने व्यवस्था गरेको छ । तर, मन्त्रालयको व्यवस्थाविपरीत म्यानपावर एजेन्सीले श्रमिकबाट चर्को शुल्क लिएको अध्ययनले देखाएको हो ।

त्यस्तै, ९७ प्रतिशतले स्वास्थ्य शुल्क, ९० प्रतिशतले अभिमुखीकरण तालिम शुल्क, ८५ प्रतिशतले प्रशासनिक शुल्क, ७७ प्रतिशतले बिमाशुल्क, ६ प्रतिशत ट्राभल शुल्क, ३ प्रतिशतले उपकरण शुल्क, २ प्रतिशतले सीपयुक्त तालिम शुल्क र २ प्रतिशतले सीप परीक्षण शुल्क पनि भुक्तानी गरेको बताएका छन् । आइएलओको मापदण्डअनुसार यस्तो सबै रकम रोजगारदाताले नै भुक्तानी गर्नुपर्नेछ । एजेन्सीले कुनै पनि खालको शुल्क श्रमिकबाट असुल्न नपाउने व्यवस्था छ ।

त्यस्तै, श्रमिकले नेपालमा सम्झौता गरेअनुसार पारिश्रमिक पनि नपाउने गरेको पाइएको छ । अध्ययनमा सहभागीमध्ये ४९ प्रतिशतले सम्झौता गरेअनुसारको पारिश्रमिक नपाइएको बताएका थिए । कतार सरकारले गरेको व्यवस्थाअनुसार आप्रवासी श्रमिकको न्यूनतम पारिश्रमिक मासिक एक हजार रियाल छ । रोजगारदाताले खान र बस्नका लागि कम्तीमा पनि तीन सय र पाँच सय रियाल भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर, रोजगारदाताले भने सरकारको व्यवस्थाको उल्लंघन गर्दै पारिश्रमिक कटौती गर्ने गरेको पाइएको छ ।

अध्ययनमा सहभागी नेपाली श्रमिकले पुनः आफूले सेवा लिएकै म्यानपावर कम्पनीको सेवा लिन इच्छुक नभएको बताएका छन् । सहभागीमध्ये ७२ प्रतिशत श्रमिकले पुरानै म्यानपावार एजेन्सीको सेवा नलिने बताएका छन् । यसैगरी, ८६ प्रतिशतले पुनः आफू सोही रोजगारदातासँग काम गर्न अनिच्छुक रहेको बताए । तर, ८८ प्रतिशत व्यक्ति पुनः रोजगारीका लागि कतार आउन चाहेको देखिएको छ ।

कतारमा करिब तीन लाख ५० हजार नेपाली श्रमिक छन् । नेपालीहरू निर्माण, सेवा, ड्राइभिङ र कृषि क्षेत्रमा कार्यरत छन् । सन् २०१७ देखि कतार सरकारले श्रम कानुन परिमार्जन गर्ने प्रतिबद्धता गरेको थियो ।



■ म्यानपावर एजेन्सीप्रति श्रमिकको विश्वास शून्य

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकको म्यानपावर व्यवसायीप्रतिको विश्वास शून्यप्रायः देखिएको छ । आइटियुसीको अध्ययनअनुसार कतार जाने नेपाली श्रमिकमध्ये १ प्रतिशत मात्रै म्यानपावर एजेन्सीका माध्यमबाट रोजगारीमा गएको पाइएको छ । यो तथ्यांकले म्यानपावर एजेन्सीले श्रमिकको विश्वास गुमाइसकेको स्पष्ट हुन्छ ।

अध्ययनले ४८ प्रतिशत श्रमिक एजेन्टमार्फत रोजगारीमा गएको बताएका छन् । २२ प्रतिशतले भने आफन्तहरूको माध्यमबाट जानकारी पाएको बताएका छन् । त्यस्तै, २१ प्रतिशतले साथीबाट, ४ प्रतिशतले सामाजिक सञ्जालबाट, ३ प्रतिशतले पत्रपत्रिकाबाट र १ प्रतिशतले मात्रै म्यानपावर एजेन्सीमार्फत जानकारी पाएको बताएका छन् ।

वैदेशिक रोजगार ऐनले वैदेशिक रोजगार विभागबाट अनुमतिप्राप्त म्यानपावर एजेन्सीमार्फत मात्रै वैदेशिक रोजगारीमा जान सकिने व्यवस्था गरेको छ । नेपालमा नौ सय ३१ वटा यस्ता म्यानपावर एजेन्सी छन् । तर, ग्रामीण भेगमा भने एजेन्टहरू नै बढी सक्रिय हुने गरेका छन् ।

एजेन्टहरूकै कारण वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिक बढी ठगिएपछि नेपाल सरकारले वैदेशिक रोजगार ऐन संशोधन, २०७५ मार्फत एजेन्टसम्बन्धी व्यवस्था हटाएको थियो । तर, अदृश्य रूपमा वैदेशिक रोजगारीको क्षेत्रका एजेन्टहरू सक्रिय रहेको अध्ययनले देखाएको छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकको सीधै म्यानपावर एजेन्सीसँग सम्पर्क नहुने श्रमविज्ञहरू बताउँछन् । श्रमिकले पनि म्यानपावर एजेन्सी भन्नेबित्तिकै शंकाको दृष्टिले हेर्छन् । तर, स्थानीय एजेन्टलाई भने बढी विश्वास गरेको पाइएको छ । स्थानीय एजेन्ट चिनेजानेको नै हुने हुँदा श्रमिकले बढी विश्वास गर्ने गरेको पाइएको छ ।

डेडिकेटेड र ट्रंक लाइन महसुल विवाद

थप १४ उद्योगमा विद्युत् कटौती

मिलन विश्वकर्मा/नयाँ पत्रिका

डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत् प्रयोग गरेर महसुल नतिरेका थप १४ उद्योगमा विद्युत् लाइन कटौती गरिएको छ । नेपाल विद्युत् प्राधिकरणले शुक्रबार रातिबाट पाँच करोडमाथि बक्यौता भएका थप १४ उद्योगमा विद्युत् आपूर्ति बन्द गरेको हो ।

यससँगै डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल नतिर्ने २३ वटा उद्योगमा बिजुली आपूर्ति बन्द भएको छ । प्रधिकरणका अनुसार ५९ उद्योगले यसबापत २२ अर्ब २४ करोड रुपैयाँ बक्यौता तिर्न बाँकी छ । लोडसेडिङ भएका वेला डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत् प्रयोग गरेर पनि प्रिमियम शुल्क नतिरेको भन्दै प्राधिकरणले गत ६ पुसबाट आक्रामक रूपमा उद्योगहरूको लाइन काट्न थालेको हो । प्राधिकरणले ६५ प्रतिशत प्रिमियम शुल्कमा लोडसेडिङको समयमा उद्योगहरूमा २४ घण्टा नै बिजुली उपलब्ध गराएको थियो । प्राधिकरणले सोहीबापतको बक्यौता नतिरको भन्दै उद्योगहरूको लाइन काट्न थालेको छ । तर, उद्योगीहरूले आफूहरू मर्कामा परेको भन्दै प्रिमियम महसुल तिरेका छैनन् ।

यसअघि ६ पुस र ८ पुसमा गरेर नौ उद्योगका लाइन काटिएको थियो । अहिले थप १४ उद्योगका लाइन काटिएको प्राधिकरणका प्रवक्ता सुरेश भट्टराईले जानकारी दिए । गत बिहीबार पत्रकार सम्मेलन गर्दै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले क्रमिक रूपमा बाँकी उद्योगको पनि लाइन काट्दै जाने घोषणा गरेका थिए । त्यसको भोलिपल्टबाटै प्राधिकरणले थप उद्योगको लाइन काट्न थालेको हो । साथै, अन्य बाँकी उद्योगहरूको पनि लाइन काट्दै जाने प्राधिकरणको तयारी छ ।

शुक्रबार बाबा जुट मिल (पाँच करोड ६१ लाख रुपैयाँ), निगाले सिमेन्ट (१४ करोड २१ लाख रुपैयाँ), त्रिवेणी सिन्थेटिक यार्न इन्डस्ट्रिज (१५ करोड ६६ लाख रुपैयाँ), हिमाल आइरन एन्ड स्टिल (आठ करोड १३ लाख रुपैयाँ), जगदम्बा इन्टरप्राइजेज (४७ करोड ९८ लाख रुपैयाँ), हामा आइरन (११ करोड ५५ लाख रुपैयाँ), एभरेस्ट पेपर मिल (२१ करोड ३६ लाख रुपैयाँ)को लाइन काटिएको छ ।

यसैगरी, कसमस सिमेन्ट (३५ करोड ८२ लाख रुपैयाँ), शुभश्री अग्नि सिमेन्ट (३८ करोड १० लाख रुपैयाँ), जगदम्बा सिन्थेटिक (४७ करोड ५३ लाख रुपैयाँ), घराना फुड्स (पाँच करोड नौ लाख रुपैयाँ), सिद्धार्थ पेटप्लास्ट (पाँच करोड २४ लाख रुपैयाँ), बुटवल सिमेन्ट (३२ करोड ९८ लाख रुपैयाँ) र रायणी स्पात (७८ करोड ४९ लाख रुपैयाँ)मा पनि विद्युत् आपूर्ति बन्द गरिएको छ ।

शुक्रबार दिउँसो नेपाल उद्योग परिसंघको नेतृत्वमा उद्योगीहरूले थप उद्योगको लाइन नकाट्न आग्रह गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर ज्ञापनपत्र बुझाएका थिए । साथै, लाइन काटिएको उद्योगमा तत्काल बिजुली आपूर्ति सुरु गर्न र मध्यमार्गी बाटोबाट विवाद समाधान गर्न माग गरेका थिए । तर, त्यसलगत्तै प्राधिकरणले थप उद्योगको लाइन काटेको छ ।

प्राधिकरणले यसअघि ६ पुसमा (जगदम्बा स्टिल (चार अर्ब १४ करोड रुपैयाँ), रिलायन्स स्पिनिङ मिल्स (एक अर्ब ९४ करोड रुपैयाँ), घोराही सिमेन्ट (एक अर्ब ३६ करोड रुपैयाँ), अर्घाखाँची सिमेन्ट (एक अर्ब ३० करोड रुपैयाँ)को लाइन काटेको थियो । यसैगरी ८ पुस त्रिवेणी स्पिनिङ मिल्स (८९ करोड ३८ लाख), अशोक स्टिल (७८ करोड ३६ लाख), सोनापुर मिनिरल्स एन्ड आयल स्टोर (५७ करोड ३८ लाख), सर्वोत्तम सिमेन्ट (७३ करोड २२ लाख) र लक्ष्मी स्टिल (७९ करोड ५९ लाख)को लाइन काटिएको थियो ।

के हो विवाद ?

प्राधिकरणले ६५ प्रतिशत प्रिमियम शुल्कमा ०७२ साउनदेखि उद्योगहरूमा डेडिकेटेड र ट्रंक लाइनमार्फत बिजुली दिन सुरु गरे पनि ०७२ पुसमा मात्रै तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले प्रिमियम शुल्क अनुमोदन गरेको थियो । ०७५ वैशाखमा लोडसेडिङ अन्त्य भए पनि प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनको विद्युत् महसुल दर खारेज नभएको भन्दै उद्योगीहरूलाई प्रिमियमसहितको बिल पठाएको थियो । आयोगले अनुमोदन गरेको भन्दा अधि र लोडसेडिङ अन्त्य भएपछिको बक्यौता नतिर्ने उद्योगीहरूको अडान छ । यदि प्रमाण भएको अवस्थामा ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता रकम भने तिर्ने उद्योगीले बताउँदै आएका छन् ।

आर्थिक वृद्धिदर न्यूनतम ५ प्रतिशत पुग्ने अर्थमन्त्रीको अनुमान



काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले चालू आर्थिक वर्षको आर्थिक वृद्धिदर न्यूनतम ५ प्रतिशत कायम रहने अनुमान सार्वजनिक गरेका छन् । नेपाली काँग्रेसका प्रवक्तासमेत रहेका महतले देशको अर्थव्यवस्थाबारे पार्टीको केन्द्रीय कार्यसमिति बैठकमा प्रतिवेदन पेस गर्दै यस्तो बताएका हुन् । पछिल्लो डेढ वर्ष राजस्व परिचालनमा देखिएको शिथिलता घट्दै गई क्रमशः सुधारोन्मुख हुँदै जानुले आगामी महिनाहरूमा स्रोत व्यवस्थापनमाथिको दबाब कम हुँदै जाने र समग्र अर्थतन्त्रसमेत गतिशील हुँदै जाने अपेक्षा रहेको उनले बताए । उनले भने, 'मैले कार्यभार सम्हाल्दा आर्थिक वृद्धि १.८६ प्रतिशत थियो । चालू आर्थिक वर्षमा एसियाली विकास बैंकको प्रक्षेपणअनुसार पनि ४.३ प्रतिशत रहने अनुमान छ । हाम्रो लक्ष्य ६ प्रतिशत हो । हालको हाम्रो अनुमानअनुसार ५ प्रतिशतभन्दा माथि रहन्छ ।' उनका अनुसार ०७९ फागुन मसान्तसम्ममा राजस्व वृद्धिदर १४.९ प्रतिशतले ऋणात्मक थियो । ०८० मंसिर मसान्तमा सो ११.१८ प्रतिशतले वृद्धि भएको छ ।

'गत आर्थिक वर्षको आठ महिनाको अवधिमा संघीय सरकारको राजस्व असुली १४.९ प्रतिशतले घटेको थियो भने अन्य प्राप्ति तथा राजस्वसहित संघीय आयसमेत ७.५ प्रतिशतले घटेको थियो,' उनले भने, 'त्यस अवधिमा संघीय सरकारको खर्च १५.४ प्रतिशतले बढेको र संघीय आय १४.५ प्रतिशतले घटेको हुँदा संघीय सञ्चित कोषमा अधिक दबाब सिर्जना भएको थियो । त्यसबखत खर्च र आयबीचको अन्तर नै करिब एक खर्ब ६१ अर्ब रहेको हुँदा सार्वजनिक ऋण परिचालनमा समेत दबाब सिर्जना भएको थियो ।'

आर्थिक वर्ष ०७९/८० को फागुनसम्ममा शोधनान्तर स्थिति एक खर्ब ४८ अर्बले बचतमा रहे पनि चालू खाता भने ४४ अर्बले घाटामा रहेको थियो । विप्रेषण आप्रवाह २५.३ प्रतिशत र विदेशी विनिमय सञ्चिति १९.७ प्रतिशतले बढेको थियो । उनले भने, 'समग्रमा त्यसबखत बाह्य क्षेत्र सुधारतर्फ केन्द्रित भए पनि सार्वजनिक वित्तका परिसूचकहरू भने कमजोर रहेका थिए र अर्थतन्त्रलाई गतिशील बनाउने कार्य जटिल र चुनौतीपूर्ण थियो ।'

०७९ फागुनपछि नौ महिनाको अवधिमा भने अधिकांश परिसूचकहरू सुधारोन्मुख रहेका कारण अर्थतन्त्रमा देखिएको शिथिलता क्रमशः कम हुँदै गएको र आगामी दिनमा अर्थतन्त्र गतिशील हुँदै जाने स्पष्ट संकेत देखिने अर्थमन्त्री महतको भनाइ छ ।

प्रिमियम मूल्यमा आइपिओ निष्कासन गरेका नौ कम्पनी छानबिनमा

सात महिनाको अवधिमा सबै कम्पनीले पाएका थिए सेयर निष्कासनको अनुमति

नयाँ पत्रिका

प्रिमियम मूल्यमा (अंकित मूल्यभन्दा बढी) आइपिओ (सार्वजनिक निष्कासन) गरेका नौवटा कम्पनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनमा पर्ने भएका छन् । सार्वजनिक लेखा समितिले तीन वर्षभित्र प्रिमियममा जारी भएका कम्पनीहरूको विषयमा छानबिन गर्न अख्तियारलाई निर्देशन दिएसँगै सो अवधिमा प्रिमियममा जारी भएका नौ कम्पनी छानबिनको दायरामा पर्ने भएका हुन् ।

धितोपत्र बोर्डका अनुसार तीन वर्षयता प्रिमियम मूल्यमा आइपिओ निष्कासन गर्ने कम्पनीमा घोराही सिमेन्ट, आइएमई लाइफ इन्स्योरेन्स, रिलायबल लाइफ इन्स्योरेन्स, भगवती हाइड्रो डेभलपमेन्ट, मान्डु हाइड्रोपावर, सन नेपाल लाइफ इन्स्योरेन्स, सिटिजन लाइफ इन्स्योरेन्स, सोनापुर मिनरल्स, हिमालयन रिइन्स्योरेन्स रहेका छन् । यी कम्पनीले गत ०८० वैशाखदेखि मंसिरभित्रै आइपिओ निष्कासन गर्ने अनुमति पाएका हुन् । बोर्डका अनुसार शिवम् सिमेन्टको ०७५ मा प्रिमियममा आइपिओ निष्कासन गरेपछि करिब पाँच वर्ष अन्य कम्पनीले प्रिमियमा आइपिओको निष्कासन अनुमति पाएका थिएनन् । तर, ५ फागुन ०७८ को मन्त्रिपरिषद् बैठकबाट धितोपत्र बोर्डको अध्यक्षमा रमेश हमाल नियुक्ति भएर आएसँगै प्रिमियममा आइपिओ निष्कासनको लहर नै चल्यो ।

प्रिमियमको अनुमति पाएका आठ कम्पनीले सर्वसाधारणलाई सेयर निष्कासन गरी नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत भइसकेका छन् । तर, प्रिमियम जारी गरेका कम्पनीको सेयर मूल्य मध्यम नै रहेको छ । त्यस्तै, हाल हिमालयन रि-इन्स्योरेन्स कम्पनीको सेयर बाँडफाँड मात्र भएको छ भने दोस्रो बजारमा सूचीकृत भई कारोबार हुन बाँकी छ ।

कम्पनीको नाम	निष्कासन मूल्य	दर्ता भएको सेयरको कुल रकम	सार्वजनिक निष्कासन रकम	निष्कासन प्रबन्धक	अनुमति प्राप्त मिति	कैफियत
हिमालयन रि-इन्स्योरेन्स	२०६	३ करोड	६ अर्ब १८ करोड	एनएमबि क्यापिटल	२०८०/७/१	सर्वसाधारण
सोनापुर मिनरल्स	२२५/३३७	१ करोड २३ लाख	१ अर्ब ६६ करोड ६१ लाख	एनआइएमबि क्यापीटल	२०८०/४/१७	स्थानीय / सर्वसाधारण
घोराही सिमेन्ट	४००/४३५	७९ लाख ४३ हजार	३ अर्ब ४४ करोड १६ लाख	हिमालयन क्यापिटल	२०८०/१/६	स्थानीय / सर्वसाधारण
आइएमई लाइफ इन्स्योरेन्स	२३६.९१	१२ करोड	२ अर्ब ७६ करोड	सिभिल क्यापिटल	२०८०/२/२३	साधारण
भगवती हाइड्रो डेभलपमेन्ट	११६	१४ लाख ३० हजार	१६ करोड ६५ लाख	सिद्धार्थ क्यापिटल	२०८०/३/	स्थानीय /साधारण
रिलायबल नेपाल लाइफ इन्स्योरेन्स	२५७	१२ करोड	२ अर्ब ९८ करोड ९८ लाख	सिभिल क्यापिटल	२०८०/३/१५	साधारण
मान्डु हाइड्रोपावर	२०६	१६ लाख ३६ हजार	३३ करोड ७० लाख	प्रभु क्यापिटल	२०८०/३/१८	साधारण
सन नेपाल लाइफ इन्स्योरेन्स	२३९	९६ लाख	२ अर्ब २२ करोड	नेपाल एसबिआई मर्चेन्ट बैंक	२०८०/३/१९	साधारण
सिटिजन लाइफ इन्स्योरेन्स	२४४	१ करोड १२ लाख	२ अर्ब ६६ करोड	एनआइबिएल एसी क्यापिटल	२०८०/३/१९	साधारण

बिमा कम्पनी मात्रै पाँचवटा प्रिमियममा निष्कासन

प्रिमियममा सेयर निष्कासन गर्ने नौ कम्पनीमध्ये पाँचवटा बिमा क्षेत्रका रहेका छन् । हिमालयन रि-इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स, रिलायबल लाइफ इन्स्योरेन्स, सन नेपाल लाइफ इन्स्योरेन्स, सिटिजन लाइफ इन्स्योरेन्स रहेका छन् । बिमा कम्पनीहरूले कम्पनी स्थापना गर्दा नै ३० प्रतिशत प्रतिसेयर सर्वसाधारणका लागि संरक्षित गरेका कारण अंकित मूल्यभन्दा बढीमा सेयर जारी गर्न अनुमति दिनु बिमा ऐनको विपरीत भएको भन्दै लेखा समितिले चासो देखाएको छ । बिमा ऐन, २०७९ मा भनिएको छ, 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बिमकले सर्वसाधारणबाट सेयर खरिदका लागि दरखास्त आह्वान गर्दा सेयर अंकित मूल्यको शतप्रतिशत रकम माग गर्नुपर्नेछ ।'

लेखा समितिले बिमा प्राधिकरणलाई अंकित मूल्यभन्दा बढीमा आइपिओ निष्कासन गर्नेलाई सच्याउन निर्देशन दिएको छ । समितिको निर्देशनपछि प्रिमियममा सेयर निष्कासन गरेका कम्पनीले लगानीकर्ताको पैसा फिर्ता गर्ला भन्ने कतिपयले चासोसमेत राखेका छन् । तर, नेपाल बिमा प्राधिकरणका प्रवक्ता राजुरमण पौडेलले निष्कासन भइसकेको कम्पनीको रकम फिर्ता नहुने, तर अब जारी हुने कम्पनीको प्रिमियममा सेयर निष्कासनमा रोक लाग्न सक्ने बताए । उनले भने, 'यतिको रकम अब कसरी पैसा फिर्ता होला र ? बरु अब जारी हुने कम्पनीको अंकित मूल्यभन्दा बढीमा सेयर निष्कासनचाहिँ रोकिन्छ ।' लेखा समितिको पत्र अहिलेसम्म नआइसकेको हुँदा यस विषयमा निर्णय हुन बाँकी रहेको उनले बताए ।

चीनको ताक्लाकोट बजारमा निर्भर हुम्लीको भान्सा

हुम्लामा **नरजन तामाङ**

हुम्ला सदरमुकाम सिमिकोटबाट ९५ किलोमिटर कच्ची सडक छिचोलेपछि एक दिनमा पुगिन्छ, चीनसँगको हिल्सानाका। हिल्सानाकादेखि पक्की सडक ३० किलोमिटर टाढा छ, चीनको ताक्लाकोट बजार।

हुम्लीवासी स्थानीय प्रशासन सीमापास लिएर त्यहीँ ताक्लाकोटमा किनमेल गर्न पुग्छन्। सिमिकोटदेखि हिल्सासम्मको ९५ किलोमिटर कच्ची सडकमा बोलेरो जिप, ट्र्याक्टर र ट्रकहरू चल्न थालेपछि चीनसँगको निर्भरता अझै बढेको हो। सिंगो नाम्खा गाउँपालिका चीनको ताक्लाकोटकै भरमा दैनिक उपभोग्य वस्तुमा भर पर्नुपरेको छ। नाम्खा गाउँपालिका-५ का तेन्जिङ पाल्जोर लामाका अनुसार पिठो, वनस्पति घिउ, भोटे चिया, उवा, जुत्ता, ब्ल्यांकेट, ओछ्याउने फर्म, चुलो, थर्मस मात्र होइन, सिमेन्ट-सरिया पनि ताक्लाकोटबाट ल्याइन्छ।

सिमिकोट बजारमा नेपालगन्ज, सुर्खेतबाट जहाज र स्थलबाट दैनिक उपभोग्य वस्तु भित्रिन्छ। तर, ताक्लाकोटदेखि व्यापारीहरूले ल्याउने चिनियाँ सामान सस्तो पर्छ। नेपालगन्ज-सुर्खेत हुँदै हुम्लाको दक्षिण भेगको चंखेली गाउँपालिका सल्लीसल्लासम्म गाडी र त्यसपछि एक दिन पैदल खच्चडबाट बोकाएर चाउचाउ बिस्कुट, तेल, नुन, चामल ल्याउने गरेका छन्।

'नेपालबाट आउने सामान महँगो छ। नेपाल भएर सिमिकोटसम्म गाडी आउँदैन,' उनले भने, 'सस्तोमा सामान पाइने भएकाले ताक्लाकोट जाने गर्छौं।' तर, नाकामा सहज छैन। विशेष गरी ताक्लाकोटमा २५ केजी मैदाको बोरालाई चिनियाँ रुपैयाँ एक सय १० देखि एक सय ४० रुपैयाँ पर्छ। चिनियाँ एक युएन बराबर नेपाली १९ रुपैयाँ हो। नेपालीले विशेष गरी एक सय २० र एक सय ३० पर्ने मैदा किनेर ल्याउने गरेको नाम्खा गाउँपालिका-५ का तेन्जिङ पाल्जोर तामाङको भनाइ छ। चिनियाँ प्रहरीले मैदा ल्याउन नदिने भएकाले एक-दुई बोरा मात्रै लुकाएर ल्याउन बाध्य भएको उनले बताए। चिनियाँ पातलो कालो जुत्ता ताक्लाकोटमै पाँच सय ३२ रुपैयाँ, ब्लांकेट २४ सय ७० पर्ने उनले बताए। त्यस्तै, वनस्पति



■ सीमापासमा प्रशासनको मनपरी

स्थानीय प्रशासनको रेकर्डअनुसार झन्डै चार हजार नेपालीलाई सीमापास वितरण गरेको छ। चीनको सीमा जोडिएका बासिन्दाका लागि ३० किलोमिटर परसम्म जाने अनुमति भए पनि जिल्ला प्रशासन कार्यालय हुम्लाले मनपरी रूपमा सीमापास वितरण गरेको स्थानीयको आरोप छ। प्रशासन कार्यालय हुम्लाबाट चीनको ताक्लाकोट जान वैशाख १८ यता तीन हजार सात सय तीनजनाले सीमापास लिएको तथ्यांक छ। जिल्ला प्रशासन कार्यालय हुम्लाका सहायक प्रमुख जिल्ला अधिकारी अमृतप्रसाद सुवेदीले बसाइँसराइ गरेर आएकालाई मात्रै सीमापास दिएको बताए। त्यसबाहेक जिल्लामा कार्यरत कर्मचारी, प्रहरीलगायतका टोलीलाई सीमापाससमेत वितरण भएको छ।

घिउ १० केजीको ३८ सय, भोटेचिया ३० पिसको १९ सय, ओछ्याउने फर्म २८ सय ८० ताक्लाकोटमै पर्छ। ताक्लाकोटदेखि हिल्सासम्म ढुवानीको जिम्मा चिनियाँ पक्षको हुन्छ, नेपालीले भन्सार महसुल तिरेर सामान ल्याउने गरिएको उनले बताए।

उवा, फापर, कोदोको उत्पादनले वर्षभरि नधान्ने भएकाले ताक्लाकोटबाट सामान ल्याएर जोहो गर्नुपर्ने बाध्यता रहेको नाम्खा गाउँपालिका-४ का पुर्वु लामाले बताए। यस वर्ष तीनपटक ताक्लाकोट पुगेर तीन बोरा पिठो ल्याएको उनले जनाए।

हिल्सानाकादेखि ताक्लाकोटसम्म ३० किलोमिटर दूरीमा चिनियाँ सार्वजनिक बस चल्दै आएको छ। सार्वजनिक गाडीभाडा २५ चिनियाँ युएन अर्थात् नेपाली पाँच सय रुपैयाँ तिर्दै आएका छन्। निजी सवारीमा सामान बोकाएर ल्याएको तीन सय ५० चिनियाँ युएन अर्थात् नेपाली ६ हजार ६ सय ५० पर्छ। दैनिक बिहान दुईवटा सार्वजनिक सवारी र ६ देखि आठवटा निजी सवारी चल्ने गरेका छन्।

रोजगारीका लागि चीनको ताक्लाकोट पुगेका नेपालीले दैनिक ताक्लाकोटदेखि हिल्सानाकासम्म सामान पास गरेबापत ३६ सय लिने गरेका छन्। नेपालबाट ताक्लाकोट पुगेर रोजगारी नपाएका नेपालीले ताक्लाकोटबाट हिल्सानाकासम्म व्यापारीको सामान पास गर्न आउने गरेका छन्। सीमामा चिनियाँ प्रहरीले प्रतिव्यक्ति दुई पिस मात्रै सामान छाड्ने भएपछि नेपालीले दैनिक दुई बोराका दरले सामान पास गर्छन्।

गाडीभाडामै सिन्डिकेट

चीनको ताक्लाकोटदेखि ३० किलोमिटर दूरी रहेको हिल्सानाकासम्म सामान एउटा गाडीमा र मान्छे अर्को गाडीमा चढ्नुपर्छ। सार्वजनिक सवारीमा नेपाली पाँच सय रुपैयाँ प्रतियात्रुको भाडा छ भने दुई बोरा सामान ल्याउन निजी गाडीमा ६ हजार ६ सय ५० रुपैयाँ तिर्नुपर्ने स्थानीय तेन्जिङ पाल्जोर तामाङले बताए। ३० किलोमिटर सडक पार गर्दा पाँच सय तिर्न बाध्य भएको नाम्खा गाउँपालिका-४, याङ्गारका पुर्वु तामाङले बताए।

चीनको लासाबाट हुम्ला ल्याउने विकास निर्माणका सामानहरू हिल्सासम्म पुग्न झन्झट हुने गरेको छ। ठूलो गाडीका सामानलाई ताक्लाकोट पुगेपछि १४ वटा गाडीमा टुक्र्याएर पैसा लुट्ने गरेको सिमकोट गाउँपालिका-४ का छिरिङ लामाले गुनासो गरे। लासाबाट कम्पनीको नियमअनुसार ढुवानी गरिएको विकासी सामान सिमेन्ट, सरिया ताक्लाकोटमा झारेर १४ गाडी बनाउँदा भाडामा मात्रै दुई लाख ९२ हजार सात सय घाटा भएको लामाले बताए।

खाद्यान्न लुकाउन बाध्य

हिल्सानाका हुँदै भित्रिने मैदा लुकाएर ल्याउनुपर्ने बाध्यता रहेको स्थानीयको गुनासो छ। धेरै सामान ल्याउन नदिने भएकाले दुई पिस बनाएर ल्याउनुपर्ने नाम्खा गाउँपालिका-५ का निमा तामाङले बताए। 'नाम्खामा उत्पादन कम हुन्छ, हिउँदमा खाने मैदा ल्याउन ताक्लाकोट पुग्नुपर्छ, दुई बोरा मात्रै ल्याउन पाइन्छ, त्यही पनि लुकाई-लुकाई सीमापास गर्नुपर्छ,' तामाङले भने। हिल्सानाका चिनियाँ गेट प्रवेश गर्नेबित्तिकै नेपालीको मनोबल नै परिवर्तन हुने गरेको नाम्खा गाउँपालिका-४, याङ्गार गाउँका पुर्वु तामाङले बताए।

दैनिक ५० जना आवतजावत

हुम्लाको हिल्सानाकाबाट दैनिक ५०-६० जना नेपाली आवतजावत गर्दै आएको हिल्सा प्रहरी चौकीले जानकारी दिएको छ। वैशाख पहिलो सातादेखि हिल्सानाका सञ्चालनमा आएपछि दैनिक नेपालीहरू चीनको ताक्लाकोट आउजाउ गर्न थालेको हिल्सा प्रहरी चौकीका इन्चार्ज एकेबहादुर खड्काले बताए।

नेपाल रेलवेको तेस्रो चरणको ट्र्याक निर्माणको सर्भे हुँदै

जनकपुरधाममा **हरिदिश खुदार**

महोत्तरीको भंगहादेखि बर्दिवाससम्म १७ किलोमिटर रेलवे ट्र्याक निर्माणका लागि लोकेसनअनुसारको सर्भेको काम धमाधम भइरहेको छ। मुआब्जा वितरणमा ढिलाइ भएका कारण सर्भे काममा ढिलाइ हुन पुगेको सो खण्डमा अहिले नेपाल र भारतीयका प्राविधिक टोलीले संयुक्त रूपमा सर्भेको कामलाई गति दिएका हुन्। भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा भारतको जयनगरदेखि महोत्तरीको बर्दिवाससम्म ६९ किलोमिटर रेलवे ट्र्याक निर्माण गर्न सन् २०१० मै दुई देशबीच सहमति भएको थियो।

नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको पहलमा जयनगरदेखि बर्दिवाससम्म तीन चरणमा उक्त रेलवे ट्र्याक निर्माण गर्ने सहमति भएको थियो। पहिलो चरणमा जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर, दोस्रो चरणमा कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ किलोमिटर रेलवे ट्र्याक निर्माण भइसकेको छ। अहिले जयनगरदेखि भंगहासम्म ५२ किलोमिटर ट्र्याकमा नेपाल सरकारले आफैंले खरिद गरेको रेल सञ्चालन भइरहेको छ।

तेस्रो चरणअन्तर्गत भंगहादेखि बर्दिवाससम्मको ट्र्याक निर्माणका लागि अहिले दुई देशका प्राविधिक टोलीले सर्भे गरिरहेको रेलवे विभाग साइड कार्यालय जनकपुरधामका इन्जिनियर विनोद ओझाले जानकारी दिए। सो ट्र्याक निर्माणका लागि नेपाल सरकारले भारतीय पक्षलाई जग्गा उपलब्ध गराइसकेको छ। भंगहादेखि बर्दिवाससम्म १७ किलोमिटर लामो ट्र्याक निर्माणका लागि सरकारले एक सय २३ बिघा जग्गा अधिग्रहण गरेको छ।

अधिग्रहण गरिएकोमध्ये ८० प्रतिशतभन्दा बढी जग्गाको झन्डै दुई अर्ब ३० करोड मुआब्जा किसानलाई वित्तरण गरिसकेको उनले बताए। ट्र्याक निर्माण गर्ने जग्गामा परेको भौतिक संरचना घर, पसल तथा रूखहरूको क्षतिपूर्तिको विवरण अहिले संकलनको कार्य भइरहेको उनले बताए। सर्भेको काम सम्पन्नपश्चात् भारतीय पक्षले निर्माण कार्य थाल्ने उनले बताए। निर्माण कार्य सुरु भएदेखि तीन वर्षभित्रमा ट्र्याक निर्माणको काम पूरा हुने भारतीय पक्षले दाबी गरेको छ।

भारत सरकारको स्वामित्वको भारतीय रेल कम्पनी इरकोनले गरिरहेको छ। उक्त ट्र्याक निर्माणका क्रममा महोत्तरीको रातु नदी र बरहडी खोलामा ठूला पुल र दर्जनभन्दा बढी साना पुल निर्माण गर्नुपर्ने हुन्छ। ती पुलहरू पनि भारतीय पक्षले निर्माण गर्ने उनले बताए। त्यस्तै, भंगहादेखि बर्दिवाससम्म विभिन्न स्थानमा स्टेसन र हल्ट निर्माण गर्नुपर्ने हुन्छ। उक्त स्टेसन र हल्ट निर्माण पनि भारतीय पक्षले नै गर्नेछ। तर, अहिलेसम्म भंगहादेखि बर्दिवाससम्म कतिवटा रेलवे स्टेसन र कतिवटा हल्ट निर्माण हुने भन्ने अहिले यकिन हुन सकेको छैन।

आइतबारदेखि प्याराग्लाइडिङ उडान हुने

कास्कीमा **रोहितराज पराजुली**

२७ मंसिरदेखि बन्द रहेको प्याराग्लाइडिङ उडान पोखरामा आइतबारदेखि सुरु हुने भएको छ। फस्ट कम फस्ट सर्भिसका आधारमा अब कम्पनीहरूले आफूले बुक गरेका ग्राहक आफैंले उडाउन पाउने भएका छन्। नेपाल हवाई खेलकुद संस्था (ना)अन्तर्गत पोखराका प्याराग्लाइडिङ व्यवसायी आबद्ध छन्। 'ना'ले पोखरामा हुने उडानको व्यवस्थापन गर्दै आएको छ। ना, प्याराग्लाइडिङ कम्पनी र प्याराग्लाइडिङ फ्लाइटबीच उडानको विषयमा २५ मंसिरदेखि विवाद सुरु भएको थियो। त्यसपछि पाइलटले २७ गतेबाट उडान नगरेपछि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले २९ मंसिरदेखि उडान रोकेको थियो।

क्यान, ना, कम्पनी र पाइटलका प्रतिनिधिबीच १२ पुसमा भएको सहमतिका आधारमा शुक्रबार क्यानले 'ना'लाई पत्र पठाउँदै उडान पुनः सुरु गर्न अनुमति दिएको 'ना'का अध्यक्ष सुनीलबहादुर भट्टराईले बताए। क्यानको शुक्रबारको निर्णयपछि शनिबार ना, प्याराग्लाइडिङ कम्पनी र प्याराग्लाइडिङ फ्लाइटबीच छलफल भएर आइतबारदेखि उडान गर्ने निर्णय भएको उनले जानकारी दिए।

■ यस्तो थियो विवाद

पोखरामा प्याराग्लाइडिङका ५९ कम्पनीमा प्याराग्लाइडिङ उडान लाइसेन्स लिएका तीन सय ७५ पाइलट छन्। अन्य एक सय ५० पाइलट गरी पाँच सयको हाराहारीमा पाइलटहरू पोखरामा छन्। पोखरामा यसअघि एकद्वार प्रणालीबाट उडान हुँदै आएको थियो। कम्पनीहरूले बुकिङ लिन्थे र उडानका लागि अल्फाबेटिक अर्डरअनुसार 'ना'ले कम्पनीहरूलाई अनुमति दिँदै आएको थियो।

प्याराग्लाइडिङ उडानका विषयलाई लिएर गत वर्ष २५ मंसिरमा 'ना'ले सरोकारवालाको संयुक्त भेला आयोजना गरेको थियो। भेलामा सर्वसम्मत रूपमा यसअघिदेखि हुँदै आएको एकद्वार प्रणालीलाई निरन्तरता दिने निर्णय भयो। त्यसपछि २७ मंसिरमा २१ कम्पनीले २५ गतेको निर्णय नमान्ने भन्दै आफूले बुक गरेकालाई आफैंले उडाउन पाउनुपर्ने, मूल्य पनि आफैं तोक्न पाउनुपर्ने, खुला बुकिङ गरी उडान गर्न पाउनुपर्ने र एकद्वार प्रणाली लागू गरे कानुनी उपचारमा जाने भन्दै 'ना'लाई संयुक्त रूपमा पत्र बुझाएका थिए।

२१ कम्पनीले एकद्वार प्रणालीमा असहमत जनाएपछि उनीहरूको मागअनुसार बुकिङ सिस्टम खुला गरिएको भन्दै २७ गते 'ना'ले सूचना जारी गरेको थियो। तर, सुरक्षा चुनौती रहनेलगायतका कारण देखाउँदै पाइलटहरूको संस्था नेपाल प्याराग्लाइडिङ पाइलट्स क्लबले विरोध गर्दै उडान गर्न असमर्थ रहेको जानकारी २७ गते नै पत्रमार्फत 'ना'लाई दिएको थियो। विवाद देखिएपछि क्यानले २९ मंसिरदेखि उडान बन्द गरिदिएको थियो।

कर्पोरेट

मार्बल टेक्नोप्लान्टमा उपभोक्ताको आकर्षण

नयाँ पत्रिका

१२ पुसदेखि सञ्चालन भएको आठौँ घरजग्गा तथा आवास मेला भृकुटीमण्डपमा चलिरहेको छ। आइतबार सम्पन्न हुने मेलामा विभिन्न फर्निचर, पाइप, विद्युत्, सिमेन्ट, सजावटका सामान, स्टिल, सिसा, काठ, ढुंगालगायतले बनेका निर्माण सामग्री पनि प्रदर्शनमा राखिएका छन्। साथै, मेलामा भूकम्प प्रतिरोधी घर तथा अपार्टमेन्ट, जग्गा योजना तथा विकास, निर्माण सामग्रीका उत्पादक तथा विक्रेता, इन्जिनियरिङ तथा आर्किटेक्चर कन्सल्ट्यान्टका साथै बैंक र बिमा कम्पनी सहभागी रहेका छन्।

मार्बल टेक्नोप्लास्टका उत्पादनहरू सिपिभिसी पाइप, पिभिसी पाइपहरूमा उपभोक्ताको आकर्षण देखिएको मार्बल टेक्नोप्लास्ट लिमिटेडका बजार प्रबन्धक नारायण थापाले बताए। आर्थिक मन्दीको समयमा पनि अहिलेको मेलाले उपभोक्तामा आकर्षण नघटेको उनको भनाइ छ। मार्बलका अहिले आठवटा पाइप उत्पादनमा छन्। जसमा मार्बल ड्युराइड्रेन, मार्बल फलोगार्ड, मार्बल इकोड्रेन, मार्बल प्योरफ्लो, मार्बल सेफडक्ट, मार्बल एक्वाफ्लो, मार्बल बोरवेल रहेका छन्। यी पाइपहरूले पानीको शुद्धता कायम राख्न, क्षय प्रतिरोध गर्न र लामो समयसम्म टिक्नका लागि विशेष भूमिका खेल्न सक्ने कम्पनीको दाबी छ।

यस मार्बलका पाइपहरू रासायनिक रूपमा क्लोरिनेटेड पाली विनाइल क्लोराइड(सिपिभिसी) भनेर चिनिने विशेष प्लास्टिकबाट बनेका हुन्छन्। बजार व्यवस्थापक थापाका अनुसार गुणस्तरका साथै दीर्घकालका रूपमा अहिलेसम्म निकै प्रभावकारी देखिएको छ।

सन् २०११ मा स्थापना भएको मार्बल टेक्नोप्लास्टले पाइप उत्पादन, पाइप फिटिङ, पल्म्बङ, बोरवोयल, ड्रेनेजलगायत कृषि क्षेत्रमा काम गर्दै आएको छ। कम्पनीले मार्बल ब्रान्ड नामबाट पिभिसी, सिपिभिसी र एचडिपिई पाइपको उत्पादन तथा बिक्री-वितरण गर्दै आएको छ। बजारमा यस मार्बल कम्पनीले ६५ प्रतिशत ओगटेको कम्पनीको दाबी छ।

मेलाले बजार चलायमान बनाउँछ

● **नारायण थापा**
बजार व्यवस्थापक, मार्बल टेक्नोप्लान्ट लिमिटेड



अहिलेको चार दिनसम्म चलेको मेलाले पछिल्लो समय कारोबार सुस्त भएको घरजग्गा कारोबारमा फेरि आकर्षण बढ्न सक्ने देखिन्छ। यो हाम्रा लागि निकै राम्रो पक्ष हो। अहिले घरजग्गाको कारोबार पनि बिस्तारै बढ्न थालेको अवस्थामा यो मेला एउटा कोसेढुंगा सावित हुनेछ। बैंक तथा वित्तीय संस्थाले पनि लगानीमैत्री सहकार्य गर्न थालेको छ। घरजग्गाको कारोबार बढेसँगै हाम्रो पनि मार्बलजन्य पाइपहरूको बजार बढ्छ। कारोबार सन्तोषजनक नभए पनि चलायमान भएको छ। घरजग्गासँग सम्बन्धित अन्य धेरै मेला पनि आउँदै छन्। यी सबै खालका मेलाले बजारलाई चलायमान बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ। मुख्य गरी अहिलेको समस्या भनेको राज्यले लगानीमैत्री वातावरण बनाउनुपर्छ। आगामी दिनमा कसरी चलायमान बनाउने भन्ने विषयमा सरकारले छलफल, अन्तर्क्रिया गर्नुपर्छ।

ग्लोबल आइएमई बैंकको क्युआर पेमेन्टमा छुट

काठमाडौं/ ग्लोबल आइएमई बैंकले आफ्नो १७औँ वार्षिकोत्सवको अवसरमा कार्ड तथा मोबाइल बैंकिङमार्फत गरिने कारोबारमा १७ प्रतिशतसम्म छुट तथा एक हजारसम्म क्यासब्याक योजना सार्वजनिक गरेको छ। बैंकले १६ पुसदेखि १७ माघसम्म डेबिट र क्रेडिट कार्ड तथा एसिसटी कार्डबाट पिओएस मेसिनमार्फत गरिने १० वटाभन्दा बढी २० हजारभन्दा माथिको कारोबारमा एक हजार रुपैयाँको क्यासब्याक उपलब्ध गराउनेछ।

वार्षिकोत्सवकै अवसरमा नयाँ खाता खोली ग्लोबल स्मार्ट प्लस प्रयोग गर्ने ग्राहकले एसएमएसमा प्राप्त प्रोमो कोड प्रयोग गरी क्युआर कारोबार तथा मोबाइल रिचार्जमा १७ प्रतिशत वा अधिकतम एक सय ७० रुपैयाँसम्मको छुट पाउनेछन्। यो क्यासब्याक योजना पुस १७ गतेदेखि २३ गतेसम्म लागू हुनेछ।

सातै प्रदेशमा प्रभातफेरी



काठमाडौं/ ग्लोबल आइएमई बैंकले आफ्नो १७औँ वार्षिकोत्सवको अवसरमा शनिबार देशव्यापी प्रभातफेरी कार्यक्रमको आयोजना गरेको छ। जनमानसमा वित्तीय साक्षरता तथा बैंकिङ सचेतना अभिवृद्धिका लागि बैंकले सातवटै प्रदेशका मुख्य-मुख्य सहरहरूमा प्रभातफेरी कार्यक्रमको आयोजना गरेको हो। यही पुस १७ गते बैंक आफ्नो स्थापनाको १६ वर्ष पूरा भई १७औँ वर्षमा प्रवेश गर्दै छ।


काठमाडौंमा आयोजित प्रभातफेरीमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल, बैंक सञ्चालक समिति सदस्यहरू, बैंक उच्च व्यवस्थापनसहित १५ सयभन्दा बढी कर्मचारीको उपस्थिति रहेको थियो। वित्तीय साक्षरता तथा बैंकिङ शिक्षामूलक प्लेकार्ड तथा ब्यानरसहित प्रभातफेरीमा उपस्थित कर्मचारीले काठमाडौंको कान्तिपथस्थित शाखा कार्यालयबाट हिँड्दै सहरको मुख्य-मुख्य भागको परिक्रमा गरेका थिए भने काठमाडौं उपत्यकाबाहिर मुख्य-मुख्य सहरहरू परिक्रमा गरेका थिए।

नेपाल एसबिआईको १०.५५% लाभांश प्रस्ताव पारित

काठमाडौं/ नेपाल एसबिआई बैंकले ३.७५ प्रतिशत बोनस सेयर र ६.८० प्रतिशत नगद लाभांश गरी कुल १०.५५ प्रतिशतका दरले लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ। शुक्रबार भएको बैंकको ३०औँ वार्षिक साधारणसभाले ०७९/८० को सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदनसहित वार्षिक आर्थिक विवरण पनि पारित गरेको छ।

साधारणसभाले बैंकको सहायक कम्पनी 'नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेड'को आव ०७९/८० को वित्तीय विवरणसहितको एकीकृत वित्तीय विवरणसमेत स्वीकृत गऱ्यो। सभाले आव ०८०/८१ मा बैंकको लेखापरीक्षण गर्नका लागि मेसर्स पिकेएफ टिआर उपाध्याय एन्ड कं, चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखापरीक्षकमा नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरेको छ। साथै, उक्त सभाले बैंकको प्रबन्धपत्रका विभिन्न दफामा संशोधन गर्ने प्रस्तावसमेत पारित गरेको छ।

हार्दिक श्रद्धाञ्जली



स्व. हरिमाया मैनाली

जन्म
वि.सं. १९७६ बैशाख ६ गते

परमधाम गमन
वि.सं. २०८० पुस ३ गते

हाम्रा प्रातः स्मरणीय श्रद्धेय **हरिमाया मैनाली** परमधाम हुनुभएको तेह्रौं दिनको पुण्यतिथिमा सम्पूर्ण शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी इश्वरसँग प्रार्थना गर्दछौं र परमधामबासी आत्माले चीरशान्ति पाओस् भनी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

कन्काई इन्टरनेशलन विल्डर्स् प्रा.लि. परिवार
कन्काई ३, सुरूङ्गा, झापा
हिमालयन सांग्रिला टि प्रोड्यूसर्स प्रा.लि. परिवार
इलाम १, साँखेजुङ्
श्री हरिकुल नमूना उच्च माध्यमिक विद्यालय परिवार
कन्काई ३, सुरूङ्गा, झापा
प्रथम प्याथोलोजी ल्याबरेटरी प्रा.लि. परिवार
पानीपोखरी, काठमाडौं
नेपाल टि हाउस परिवार
बसन्तपुर, काठमाडौं
मैनाचुली ट्रेड इन्टरनेशनल परिवार
काठमाडौं
न्यू इलाम चिया उद्योग परिवार
बत्तिसपुतली, काठमाडौं
केआईबी नेपाल प्रा.लि. परिवार
कन्काई ३, सुरूङ्गा, झापा
६५० टेक सोलुसन प्रा.लि. परिवार
सिफल, काठमाडौं

आइतबार १५ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

ललितपुर नेपाल सुपर लिगको नयाँ च्याम्पियन

फाइनलमा साबिक विजेता धनगढी एफसीमाथि ३-२ को रोमाञ्चक जित निकाल्दै

ललितपुर सिटी एफसी दोस्रो प्रयासमा बन्यो च्याम्पियन



नेपाल सुपर लिगको च्याम्पियन बनेपछि ट्रफीका साथ ललितपुर सिटी एफसीका खेलाडी । तस्बिरः **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

साबिक उपविजेता धनगढी एफसीलाई ३-२ ले हराउँदै ललितपुर सिटी एफसी नेपाल सुपर लिग (एनएसएल)को नयाँ च्याम्पियन बनेको छ । शनिबार सम्पन्न फाइनलमा ललितपुरले सानदार जित निकालेको हो । ललितपुर दोस्रो प्रयासमा च्याम्पियन बन्यो । पहिलो संस्करणमा इलिमिनेटरबाट बाहिरिएको थियो । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा १५ हजार पाँच सय समर्थकमाझ धनगढीले खेलमा अग्रता बनाए पनि ललितपुर कमब्याक गर्न सफल भएको थियो । ललितपुरको जितमा नाइजेरियन स्ट्राइकर इमोह इजेकेलले दुई तथा दिनेश हेन्जनले एक गोल गरेका थिए । धनगढीका लागि नाइजेरियन स्ट्राइकर आफिज ओलावाले ओलादिपो र लेवानानी खेलाडी मोहम्मद हिजाजीले समान एक गोल गरेका हुन् । हिजाजीले इन्जुरी समयमा गोल गरे पनि त्यो जित्न पर्याप्त बनेन । जितसँगै ललितपुरले ७० लाख प्राप्त गरेको छ । धनगढीले २० लाख रुपैयाँमा चित्त बुझायो । यसअघि दुबै टोली पोखरा थन्डर्सलाई हराउँदै फाइनलमा स्थान बनाएको थियो ।

धनगढी लगातार फाइलनमा स्थान बनाएर पनि उपाधिविहीन भएको छ । गत सिजन धनगढी फाइनलमै काठमाडौं रेजर्ससँग १-० ले पराजित भएको थियो । धनगढी तालिकाको दोस्रो स्थानमा रहेर यसपटक पहिलो क्वालिफायर्स खेल्यो । पोखरालाई पेनाल्टी सुटआउटमा ४-३ ले हराउँदै उपाधि नजिक पुगेको हो । इलिमिनेटरमा ललितपुरले काठमाडौंलाई ३-० ले हराएको थियो । दोस्रो क्वालिफायर्समा पोखरालाई २-१ ले हराउँदै धनगढीसँग भेट पक्का गरेको हो । नयाँ टोली झापा पाँचौं, बुटवल लुम्बिनी छैटौं, एफसी चितवन सातौं, नयाँ टोलीद्वय वीरगन्ज युनाइटेड आठौं र स्पोर्टिङ इलाम नवौं स्थानमा रहेर सुपर लिग टुंगाएका छन् ।

■ इमोहको दुई गोल

ललितपुरको जितमा इमोहले दुई गोल गरेका थिए । उनले पहिलो हाफ र दोस्रो हाफमा समान एक गोल गरेका हुन् । यद्यपि, खेलमा अग्रता भने धनगढीले बनाएको थियो । सुपर लिगको ४०औं खेलको ३८औं मिनेटमा आफिजले धनगढीलाई अग्रता दिलाए । लेफ्ट साइडबाट हिजाजीको प्रहार फ्रान्सेली गोलकिपर जेफेरी मार्सेलले बचाए । तर, नियन्त्रण गर्न नसक्दा अनमार्क रहेका आफिजले खाली पोस्टमा बललाई जाली चुमाएका हुन् । पहिलो हाफको इन्जुरी १० मिनेटको अन्तिम सेकेन्ड बाँकी रहँदा इमोहले बराबरी गोल फर्काएका हुन् । लगभग २५ यार्डमा पाएको फ्रिकिकलाई सानदार गोल गर्दै इमोहले ललितपुरको आशा फर्काएका थिए । ५०औं मिनेटमा दिनेशको गोलबाट ललितपुर २-१ को अग्रता बनाउन सफल भयो । सेसेहाङ आङदेम्बेको थ्रु पासमा आदित्य शाक्यले उपलब्ध गराएको बललाई दिनेशले सहज गोल गरेका हुन् । ५८औं मिनेटमा इमोहलको गोलबाट ललितपुरले ३-१ को अग्रता बनायो । रक्षक रिचार्डले दिनेशको प्रहार रोके पनि पापा केबेले रिबाउन्ड बललाई इमोहसम्म पुऱ्याएका थिए । इमोहको एक्रोबेटिक सट गोलकिपर टाहालाई लाग्दै जाली चुमेको थियो । ३-१ ले पछि रहेको धनगढीलाई हिजाजीले इन्जुरी समयको अन्तिम मिनेटमा गोल गरे पनि जित दिलाउन पर्याप्त रह्यो । ७९औं मिनेटमा धनगढी दश खेलाडीमा सीमित बन्यो । रक्षक रिचार्डले इमोहमाथि फाउल गरेपछि भारतीय रेफ्री राम दासनले दोहोरो पहेँलो कार्ड देखाएका थिए ।

■ जितको लायक थियौं

इआन आन्द्रे गिलान, प्रशिक्षक, ललितपुर सिटी

हामीले रक्षापंक्तिमा धेरै राम्रो गरेका छौं । हामी यो जितको लायक थियौं । हामीले धेरै राम्रो फुटबल खेलेका छौं । खेलाडीले धेरै राम्रो गरे । पापा घाइते भएका छन् । मैले यो जितको लेख लेख्नुपर्छ । हामीले प्रतियोगिताभर गोलको धेरै प्रयास गर्‍यौं । तर, फाइनलमा राम्रो गोल निस्कियो । सनिसले पनि राम्रो गरेको छ । सबै खेलाडीले रमाइलो गर्दै खेलेका छन् ।

■ पहिलो गोलपछि कमजोर देखियौं

युगलकिशोर राई, प्रशिक्षक धनगढी

आज हामीले खेल्न सकेनौं, पहिल्यै भनेको थिएँ । उनीहरूले पछिल्ला खेल राम्रो खेलेका छन् । ललितपुरले जसरी खेलेको छ सम्मान र बधाई छ । पहिलो गोल भएपछि खेलाडी मनोवैज्ञानिक रूपमा कमजोर देखिए । त्यो गोल नभएको भए, खेलले अर्कै मोड लिने थियो । खाने गोल हुँदा केही लाग्दैन । तर, त्यस्तो गोल हुँदा धेरै समस्या हुन्छ । १० खेलाडी हुँदा भन्ने समस्या भयो ।

अनन्त सर्वोत्कृष्ट खेलाडी

ललितपुरलाई पहिलोपटक च्याम्पियन बनाएका कप्तान तथा मार्की अनन्त तामाङ दोस्रो संस्करणको सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन् । उनले दुई लाख रुपैयाँ प्राप्त गरे । पहिलो संस्करण चोटका कारण एनएसएल नखेलेका अनन्त दोस्रो संस्करणमा भने टोलीलाई च्याम्पियन बनाउँदै सानदार प्रदर्शन गर्न सफल रहे । अनन्तले उपविजेता बनेको धनगढीका कप्तान देवेन्द्र तामाङ र आफ्नै क्लबका सनिस श्रेष्ठ तथा इमोहलाई पछि पारे । अनन्तले प्रतियोगिताका ११ खेल नै पूरा समय खेलेका छन् । ललितपुरकै फ्रान्सेली गोलकिपर जेफेरी उत्कृष्ट गोलकिपर घोषित भए । उनले ११ खेल खेल्दै पाँच 'क्लिन सिट' राखेका छन् । स्ट्राइकर इमोह ६ गोलसहित सर्वाधिक गोलकर्ता चुनिए । उदीयमान खेलाडीको पुरस्कार धनगढीका मिडफिल्डर रोहन कार्कीले प्राप्त गरेका छन् । नयाँ टोली वीरगंज युनाइटेड फेयर प्ले चुनियो ।

ललितपुरको प्रदर्शन	
नतिजा	**क्लब**
२-०	बुटवल लुम्बिनी
०-०	पोखरा
०-०	धनगढी
२-२	वीरगन्ज
३-१	चितवन
०-०	झापा
०-१	इलाम
०-१	काठमाडौं
इलिमिनेटर	
३-०	काठमाडौं
क्वालिफायर्स-२	
२-१	पोखरा
फाइनल	
३-२	धनगढी

एपिएफ अपराजित रहँदै क्वालिफायर्समा

नयाँ पत्रिका

प्रधानमन्त्री कप महिला टी-२० प्रतियोगिताको लिगचरणमा अपराजित हुँदै एपिएफ क्वालिफायर्समा पुगेको छ । लिगको अन्तिम खेलमा शनिबार बागमतीलाई ४७ रनले पराजित गर्दै एपिएफ सीधै क्वालिफायर्समा स्थान पक्का गरेको हो । मूलपानी क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको एपिएफले निर्धारित २० ओभरमा तीन विकेट गुमाएर १२६ रन बनाएको थियो । प्रत्युत्तरमा बागमतीले २० ओभरमा ८ विकेट गुमाउँदै ७९ रनमा सीमित भयो । एपिएफले सात खेलमा सातै जित निकाली सर्वाधिक १४ अंक बनायो । बागमतीले सातमध्ये चार जित निकाल्यो । बागमतीले तीन खेलमा हार सामना गरेको छ ।

लक्ष्य पछ्याएको इनिङ्समा बागमतीकी सोनी पाख्रिनले सर्वाधिक २० रन बनाइन् । यसैगरी, यशु पाण्डेले १८ बलमा ३ चौकासहित १७ रनको योगदान दिइन् । खुसी डंगोलले १० रन जोडिन् । एपिएफको बलिङमा सुमन विष्टले सर्वाधिक २ विकेट लिइन् । सोनु खडेका, करुणा भण्डारी, नेरी थापा र सीता राना मगरले समान एक विकेट हात पारे । पहिलो ब्याटिङ गरेको एपिएफकी सीता राना मगरले सर्वाधिक ४४ रन बनाइन् ।

उनले ५० बलमा चार चौका प्रहार गरिन् । ज्योति पाण्डेले १३ रन र इन्दु बर्माले २८ रन जोडे । रोमा थापा १९ रन र ममता चौधरी १२ रनमा अविजित रहे । बागमतीका लागि संस्कृति फुँयाल, मनीषा उपाध्याय र सबिका यादवले समान एक विकेट लिए ।

कोशी शीर्ष दुई स्थानमा

कोशी प्रदेशले लुम्बिनीलाई सात विकेटले हराउँदै प्ले अफ स्थान पक्का गरेको छ । अब पहिलो क्वालिफायर्समा कोशीले एपिएफको सामना गर्नेछ । मूलपानी मैदानमा लुम्बिनीले दिएको ७० रनको लक्ष्य कोशीले १०.२ ओभरमा तीन विकेट गुमाउँदै पूरा गऱ्यो । कोशीकी कप्तान रुबिना क्षेत्रीले अलराउन्डर प्रदर्शन गरिन् । उनले आफ्नो बलिङ स्पेलमा सर्वाधिक चार विकेट हात पारिन् । ब्याटिङ क्रममा रुबिनाले ४४ रनको योगदान दिइन् । यसक्रममा उनले ३४ बलमा आठ चौका प्रहार गरेकी थिइन् । यसैगरी, काजोल श्रेष्ठ १३ बलमा २ चौकाको सहयोगमा १३ रन बनाइन् । लुम्बिनीकी कृतिका मरासिनीले दुई विकेट लिइन् । एपिएफसँग परीजित भए पनि बागमती पनि प्ले अफ पुगिसकेको छ ।



कर्णाली सातै खेलमा पराजित

प्रतियोगितामा सहभागी कर्णाली जितविहीन भएको छ । प्रतियोगिताको अन्तिम खेलमा कर्णाली मधेश प्रदेशसँग ७८ रनले पराजित भयो । हुँदै कर्णाली जितविहीन हुँदै प्रतियोगिता अन्त्य गरेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको मधेशले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ९९ रन बनाएको थियो । कर्णाली ९.३ ओभरमा २१ रनमा अलआउट भयो । कर्णालीका लागि विना थापाले सर्वाधिक १२ रन बनाउँदा ९ खेलाडी शून्यमा आउट भए । मधेशको जितमा पूजा महतोले अलराउन्डर प्रदर्शन गरिन् । ब्याटिङमा ४९ रन बनाएकी उनले बलिङमा ४ विकेट लिइन् । मधेशकी ओपनर पूजा महतोले ५० बल खेलेर ४९ रन बनाउन ६ चौका प्रहार गरिन् ।

खेल संक्षेप

मुक्तिनाथ क्षेत्रमा स्की हुने

काठमाडौं/ नेपाल स्की संघको आयोजनामा माघको दोस्रो साता पाँचौं राष्ट्रिय स्की प्रतियोगिता हुने भएको छ । प्रतियोगिता मुस्ताङको मुक्तिनाथ क्षेत्रमा हुने आयोजकले जानकारी दिएको हो । प्रतियोगितामा अल्पाइनको जायन्ट स्लालम विधामा प्रतिस्पर्धा हुनेछ । त्यसमा पुरुष तथा महिलाको प्रतिस्पर्धा हुनेछन् । प्रतियोगितालाई लक्षित गरेर गरिने प्रशिक्षणमा ५० जनाको सहभागिता रहनेछ । प्रशिक्षण मुक्तिनाथको प्रतियोगितास्थलमै हुने संघका महासचिव विजय श्रेष्ठले जानकारी दिए । विजयी खेलाडीलाई थप प्रशिक्षण प्रदान गरेर अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता गराइनेछ । सन् २०२४ मा नेपालले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउने संघका अध्यक्ष जीवनराम श्रेष्ठले बताए । यसैबीच, सन् २०२४ को जनवरी-फेब्रुअरीमा दक्षिण कोरियाको गाङ्वनमा हुने युथ ओलम्पिक्समा नेपालका तर्फबाट छनोट भएका छोवाङ मिन्गुर तामाङ र लक्ष्मी राईले भाग लिने भएका छन् । छोवाङ र लक्ष्मीले अल्पाइन जायन्ट स्लालामै सहभागिता जनाउनेछन् ।

लुम्बिनी र सांग्रिला अन्तिम आठमा

काठमाडौं/ लुम्बिनी र सांग्रिला सातौं नेफक्रट कप अन्तरविद्यालय जुनियर यू-१६ छात्र फुटबल प्रतियोगितामा शनिबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । उत्तर भेगीय शैक्षिक मञ्च र क्रट एकेडेमीद्वारा संयुक्त आयोजित प्रतियोगितामा लुम्बिनीले गणेश हिमाललाई २-१ गोलले पराजित गऱ्यो । लुम्बिनीका रिजन दाहाल र रविन बुढाथोकीले गोल गरे । गणेशका दिप्लव नेपालले गोल गरेका थिए । सांग्रिलाले पिस प्वाइन्ट 'बी'लाई ४-० ले हरायो । चारै गोल चूढामणि राईले गरे । चाबहिल गणेशस्थान मैदानमा छहारीले पशुपतिलाई १-० ले हरायो । बाल भविष्यले ओडिसीलाई १-० ले पराजित गऱ्यो । विनायकले वृहस्पति विद्या सदनलाई ४-३ ले निराश बनायो । बोर्न स्काई लार्कले जोसेफलाई ३-१ र न्यु एराले एनआइसी एकेडेमीलाई ३-२ गोलले पाखा लगाउँदै अन्तिम आठको स्थान पक्का गरेका छन् ।

खड्का र बज्राचार्य भिड्ने

कास्की/ २०औं संस्करकणको माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिताअन्तर्गत पुरुष एकलको उपाधिका लागि नेपालका नम्बर एक खेलाडी प्रदीप खड्का र पूर्व १ नम्बर खेलाडी संरक्षक भूषण बज्राचार्य भिड्ने भएका छन् । महिलातर्फ शीर्ष वरीयताकी अभिलाषा विष्टले सुनिरा थापाको सामना गर्नेछिन् । प्रतियोगिताको शनिबार पुरुष डबल्सको उपाधि संरक्षक भूषण बज्राचार्य र सम्यक भूषण बज्राचार्यको जोडीले जितेका छन् । बज्राचार्यको जोडीले भारतीय खेलाडी जोडी अभिनन्सु ठाकुर र सिद्धान्त डेकाको जोडीलाई बज्राचार्य दाजुभाइको जोडीले ७-५ र ६-४ को सेटले पराजित गर्दै उपाधि हात पारेका हुन् । ६५ वर्षमाथि पुरुष एकलमा उपाधि मनोज राणाले जिल्ने क्रममा फाइनल खेलमा विदुर विष्टलाई ४-१ र ४-० को सेटमा पाखा लगाए । प्रतियोगिताअर्न्तगत पुरुष एकलतर्फको ३५ वर्षमाथि सन्तोष खत्री र कमल भण्डारी फाइनलमा पुगेका छन् ।

पूर्णलक्ष्मी र मुकेशलाई स्वर्ण

काठमाडौं/ आर्मीका सिर्जना पाण्डे, गजेन्द्र राई, पूर्णलक्ष्मी न्यौपाने र मुकेश पालको टिमले राष्ट्रिय मिक्स रिले दौडमा शनिबार स्वर्ण जितेका छन् । कीर्तिमानी धावक वैकुण्ठ मानन्धरको सम्मानमा एथलेटिक्स परिवार नेपालद्वारा आयोजित प्रतियोगिताको निर्धारित १० किलोमिटर दूरी आर्मीले ३२ मिनेट ५८.८६ सेकेन्डमा पूरा गरेको थियो । एक टोलीबाट समान दुई पुरुष र महिला गरी खेलाडीले दौडेका थिए । प्रत्येक खेलाडीले २.५ किलोटिमर तय गर्नुपर्ने थियो । नेपाल प्रहरीका राममाया बुढा, सन्तोषनाथ योगी, सुमित्रा चौधरी र नागेश्वर अहिर ३३ मिनेट ४५.५६ सेकेन्ड समयमा दौड पूरा गर्दै दोस्रो स्थान रक्षा गरे । ३४ मिनेट २२.७३ सेकेन्डमा दौड पूरा गरेका फुलमती राना, सञ्जीव नेपाली, सीमा चौधरी र राजेन्द्र तामाङ एपिएफको टोली तेस्रो भएको छ । शीर्ष स्थानको टोलीले ३२ हजार, उपविजेताले २४ हजार र तेस्रो स्थान प्राप्त गरेको टोलीले १६ हजार रुपैयाँ हात पारेको छ ।

पुलिसले जित्यो प्रो क्लब च्याम्पियनसिप



तिवारी यादव/नयाँ पत्रिका

नेपाल पुलिस क्लबले पहिलो संस्करणको प्रो क्लब टी-२० च्याम्पियनसिप क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । नारायणी रंगशालामा शनिबार भएको फाइनलमा पुलिसले पर्सा क्लब ११ लाई सय रनको फराकिलो अन्तरले हराउँदै उपाधि हात पारेको हो । पहिलो ब्याटिङ गरेको पुलिसले २० ओभरमा आठ विकेट गुमाएर एक सय ४५ रनको योगफल खडा गऱ्यो । प्रत्युत्तरमा फाइनलमा कमजोर ब्याटिङ गरेको पर्सा ११ ओभरमा ४५ रनमै अलआउट भयो ।

पुलिसलाई च्याम्पियन बनाउने क्रममा सागर ढकालले घातक बलिङ गरेका थिए । उनले चार ओभरमा २२ रन खर्चेर सर्वाधिक चार विकेट लिए । ब्याटिङमा पुलिसका लागि करण केसीले विस्फोटक ब्याटिङ गरी १७ बलमा पाँच छक्काको सहयोगमा ४० रनको योगदान दिएका थिए ।

पुलिसको मध्यक्रम बलियो

पहिलो ब्याटिङ गरेको पुलिसका लागि शीर्ष तीन ब्याट्सम्यानले गतिलो योगदान दिन सकेनन् । पुलिसले तीन विकेट गुमाउँदा ७.४ ओभरमा ४७ रन जोडेको थियो । मध्यक्रममा शंकर राना, अर्जुन साउद, आरिफ सेख तथा करणले उत्कृष्ट योगदानसँग साझेदारी गरेपछि पुलिसले पर्सालाई चुनौतीपूर्ण योगफल खडा गरेको हो । शंकरले १२ बलमा दुई चौका र एक छक्का प्रहार गरी १९ रनको योगदान दिए । अर्जुनले २६ बलमा समान एक चौका र छक्काको सहयोगमा २६ रन बटुले । आरिफले १९ बलमा १६ रन बटुले ।

पुलिसका लागि पाँचौं किटका लागि अर्जुन र आरिफबीच ३९ रनको साझेदारी भएको थियो । यसैगरी, सातौं विकेटका लागि करण र सागर ढकालबीच ३८ रनको साझेदारी भएको थियो । बलिङमा पर्साका लागि सैफुला अन्सारीले १६ रन खर्चेर दुई विकेट लिए । पवन सराफले ४१ रनमा दुई विकेट हात पारे ।

पर्साको कमजोर ब्याटिङ

लक्ष्य पछ्याएको पर्साले प्रतियोगिताकै कमजोर ब्याटिङ गरेको थियो । पर्साका नियमित कप्तान सन्दीप लामिछाने बलात्कार आरोपमा दोषी ठहरिएपछि फाइनल खेल खेलेनन् । यद्यपि, उनलाई टोलीले खेलाउने योनजा बनाएको थियो । फाइनलमा सुरज पटेलले कप्तानी गरेका थिए । १४६ रन लक्ष्य पछ्याएको इनिङ्समा पर्सा पहिलो बलमै आउट भयो । इनिङ्सको पहिलो बलमै ढकालले इमरान सेखलाई बोल्ड गरे । दोस्रो ओपनर अनिल साहले सर्वाधिक १३ रनको योगदान दिन १२ बलमा समान एक चौका र छक्का प्रहार गरे ।

अनिलबाहेक अन्य कुनै पनि ब्याट्सम्यानले गतिलो योगदान दिन सकेनन् । पर्साको ब्याटिङमा १० खेलाडीले दोहोरो रन बनाउन सकेनन् । तीन ब्याट्सम्यान डकआउट भए । रञ्जित कुमार, इमरान, अफजाज मन्सुरी शून्य रनमा आउट भए ।

नाम चलेका खेलाडी पवनले सात रन, हसिम अन्सारीले नौ रन र सुरजले ६ रनको योदगान दिए । पुलिसको बलिङमा ललित राजवंशीले दुई र रसिद खाने दुई विकेट लिए । ललितले पाँच रन र रसिदले चार खर्चेका थिए ।


स्टार सिटीलाई उपाधि



तेजराज भट्ट/नयाँ पत्रिका

फारवेस्ट पशुपति कपको उपाधि साबिक विजेता स्टार सिटी युवा क्लब धनगढीले जितेको छ । धनगढी रंगशालामा शनिबार भएको उपाधि भिडन्तमा इलाइट युवा क्लब कैलालीलाई ३-२ ले हराउँदै स्टार सिटीले उपाधि रक्षा गरेको हो । रोमाञ्चक रहेको खेलको पहिलो हाफको नौ मिनेटमा पेनाल्टीमार्फत गोल गर्दै स्टार सिटीले अग्रता बनाएको थियो । इलाइटका खेलाडीले फाउल गरेपछि पाएको पेनाल्टीलाई क्षितिज भण्डारीले गोल गरे । २६औं मिनेटमा इलाइटले खेल बराबरीमा ल्यायो । स्टार सिटीका खेलाडीले बक्सभित्र पाउल गरेपछि प्राप्त पेनाल्टीलाई नोम्नाउले गोल गर्दै खेल १-१ को बराबरीमा पुऱ्याए ।

३९औं मिनेटमा विनोद केसीले गोल थप्दै इलाइटको अग्रता दोब्बर बनाए । तर, त्यो अग्रता तीन मिनेट पनि टिकेन । ४१औं मिनेटमा स्टार सिटीका प्रदीप लामाले गोल गर्दै खेललाई २-२ को बराबरीमा ल्याए । ६७औं मिनेटमा प्रदीपले व्यक्तिगत दोस्रो गोल गर्दै विजयी गोल गरेका हुन् । बाँकी समय दुवै टिमबाट केही राम्रो प्रहार भए पनि गोल हुन सकेन । दुई गोल गरेका लामा खेलको म्यान अफ द म्याच भए । उपाधिसँगै स्टार सिटीले नगद पाँच लाख रुपैयाँ प्राप्त गरेको छ । पहिलो सहभागितामै उपविजेता बनेको इलाइटले नगद दुई लाख रुपैयाँ पुरस्कार प्राप्त गऱ्यो ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com